DS
493
P847

# प्राचीन नेपाल

पुरातत्त्व विभागको मुखपत्र

# ANCIENT NEPAL

## Journal of the Department of Archaeology

Number 7
April 1969

संख्या ७
वैशाख २०२६

सम्पादक
रमेशजङ्ग थापा

Edited by
Ramesh Jung Thapa

**Published by**
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय, पुरातत्त्व विभाग
कान्तिपुर, नेपाल

To be had of:

Sajhaprakasan
Pulchok, Lalitpur, NEPAL

प्राप्तिस्थानः

साझाप्रकाशन
पुलचोक, ललितपुर, नेपाल ।

Priee Rs. 5/-

मूल्य रु. ५।–

Printed at the Jore Ganesh Press Pvt. Ltd. Kathmandu.

प्राचीन नेपाल
संख्या ७
वैशाख २०२६

Ancient Nepal
Number 7
April, 1969

सम्पादक
रमेशजङ्ग थापा

Editor
Ramesh Jung Thapa

# विषय सूची

# Contents


| | पृष्ठ | पेज |
|---|---|---|
| नेपालको इतिहास राजभोगमाला | १ | 1 |
| पत्रस्तम्भ | २५ | 25 |
| अर्घामा प्राप्त<br>*शङ्करमान राजवंशी* | २९ | 29 |
| जलविज्ञान<br>*देवीप्रसाद लंसाल* | ३७ | 37 |
| वौद्धदर्शन<br>*बुद्धिसागर पराजुली* | ४२ | 42 |
| Indo-Nepalese Relations<br>*Shaphalya Amatya.* | ४५ | *45* |

# वंशावलि

*राजभोगमाला*

**गुरुं गणपतिं दुर्गां वटुकं शिवमच्युतम्**
**ब्रह्माणं गिरिजां लक्ष्मीं वाणीं वन्दे विभूतये**
**अनाद्यायाखिलाद्याय मायिने गतमायिने**
**अरूपाय स्वरूपाया शिवाय गुरवे नमः**

**अथ नेपालिके देवान् प्राहुर्भाव राजभोगमाला ।। यथाक्रमेण वर्तमानविधौ सकलदुःखार्तजनानां नरेभ्यो श्रृण्वन्ते सतीपापानां हरणं हेतुकारणात्तस्माद् ब्राह्मणाधिकारिजनस्य मुखात्सकलचतुर्वर्णश्रोतारसमुच्चयं भवंति ।। योग्यनित्यं किल्विषकलौ कृत्यं नाशयति चाश्रद्धायै कुर्वन्ति तेभ्यो जनेभ्यो गतिं प्राप्नोति भक्तिभावेन ये श्रृण्वंत्यथ वा ये पठंति गंगादितीर्थस्नानसमफलं प्राप्नुयाद्दिने दिनेस्मरणेन सकलतीर्थदेवराजमालावंशावलिं संग्रहं कुर्यात् ।। गणपतिं गुरुचरणारविंदं स्मृत्वा सर्वेषां जनानां मिलित्वा श्रोतुं योग्यम् ।।**

**आदौ नेपाले सकलशास्त्रप्रसिद्धआदिजुगात् श्रीपशुपतिनाथ विराजमान भयाका छन्, संछेपले गरि आदिदेषिन्को वर्णन कहिछ ।।**

**अव्यक्तेषु भवेत् श्रृष्टिर्व्यक्ताच्चैव विनश्यति**
**अव्यक्तं ब्रह्म तज्ज्ञानं श्रृष्टिसंहारवर्जितम्**

अव्यक्तदेखिन् श्रृष्टि हुन्छ, व्यक्त भयाको जो छन् तिनको नष्ट हुन्छ ।। अव्यक्त भन्नु तत्त्वज्ञान हो ।। सृष्टिसंहारदेषिन् वर्जित भयाका यकै ब्रह्म सत्य हुन् ।। तनैपरब्रह्मदेखिन् कारिणी भयाकी प्रकृतिहरू मायाको प्रकाश हुँदा महत्तत्त्वको उदय भयो ।। महत्तत्त्वबाट त्रिगुणको प्रकाश भै आकाशको प्रकाश हुंदा वायुको उत्पत्ति भै वायुबाट तेजको उत्पति भयो, तेजदेषिन् जलको उत्पत्ति भयो, जल देषिन् पृथ्वीको उत्पति भयो, ब्रह्मा यकै पृथ्वीमा विष्णु महेश्वर तीन देवताहरू श्रृष्टि स्थिति संहारकर्ता हुंदा भया ।। श्रृष्टिकर्ता ब्रह्माबाट श्रृजना गऱ्याका पृथ्वीका प्रमाण पंचाशत्कोटि जोजन विस्तारमध्ये सुमेरु पर्वत चौरासि सहस्र जोजन उच्चा भयाका, सोह्र सहस्त्र जोजन पृथ्वीमा गाडीरह्याको, बिस हजार जोजन उपर विस्तार भयाको, पद्माकार भयाका पृथ्वीमा अष्टश्रृंग आदि नाना पर्वतहरू रह्याका छन् ।। चतुर्दश भुवनको नाम कहिछ भुलोक १ भुवरलोक २ स्वर्लोक ३ महर्लोक ४ जनलोक ५ तपलोक ६ सत्यलोक ७ तल अतल सुतल तलातल महातल रसातल पाताल ।। द्वीप पनि सात छन् जम्वूद्वीप; प्लक्षद्वीप, शाल्मलीद्वीप, पुष्करद्वीप, क्रौंचद्वीप, कुशद्वीप; शाकद्वीप ।। क्षारसमुद्र आदि सात समुद्रले बेह्रियाका छन्, सुमेरुकन चन्द्र सूर्य ग्रहनव आदि तारागणहरू परिक्रम गर्दछन् ।। सूर्य निमेषभरमा २२०२ दुइहजार दुइसये दुई जोजन चल्दछन् ।। सुमेरुका उपर दश दिग्पालका लोक छन् ।। ४००० चारहजार अचल पुरी छन्, ४३००० त्रिचालिस हजार अष्टपुरी छन्, ५०००० पचास हजार व्योमपुरी छन्, ४८००० अठचालिस हजार लोमपुरी छन्– आकाशप्रमाणसंख्या ९४८३४६९५७६५९५५२१ नौपद्म अठचालिस निल चौतिस अर्व उनहत्तर खर्व सताउन्न कोटि पैंसष्ठि लाष पंचानव्य हजार पाँच सय येकाइस जोजन छन् ।।

हिमवत्खण्डे सातद्वीपमध्ये उत्तमद्वीप जम्वूद्वीपमध्ये उत्तम स्थल वाराणसी कह्याका छन् । तस् वाराणसी क्षेत्रभन्दा चतुर्गुणले श्रेष्ठ भुक्ति मुक्ति दिन्या पशुपतिक्षेत्र भनि शास्त्रमा कहन्छन् ।। तेस क्षेत्र विषे श्रीपशुपतिनाथ विराजमान भयाका छन् ।। इनै ईश्वरका प्रथम प्रगटको संक्षेप कहिछ ।। यो संसार येकार्णव जलामय भयामा चन्द्र सूर्य नभै अन्धीभूत भयाका कालमा नारायणको र पितामह ब्रह्माको परस्पर विवाद गर्दाभया ।। यो जगत्को कर्ता पालक हर्त्ता मै हुं भनि ब्रह्माबाट अहंकार गर्दाभया, विष्णुबाट पनि सर्वकर्ता पनि मै हुँ सर्वलोकको पिता पनि मै

---

यो वंशावलि राष्ट्रिय अभिलेखालयमा रहेको लगत चौथा नं. ३३२ को मडचाएको पुरानो नेपाली कागतमा देवनागरी लिपिमा लेखिएका पुरानो पुस्तकबाट उद्धित गरिएको छ ।

हुँ सर्वै भूतमा मैले वास गऱ्याको छु विश्वरूप पनि आदि-पुरुष पनि मै हुँ भनि परस्पर विवाद हुंदा कालमा व्रह्मा-विष्णुका दर्प हर्न निमित्त ति दुईका मध्येबाट ज्योतिर्मय लिङ्ग उत्पत्ति हुँदा भया ।। मूलदेषि व्रह्म पर्य्यन्त एकै योतिर्मय अव्यक्त भै प्रकट हुंदा भया ।। तत्काल विषे ब्रह्मा आग्या गर्दछन्– हे विष्णु, तिमि पातालमा जाई इनका मूलको अन्त गरि आउ, म उर्द्धमार्गमा जाई अन्त गरि आउंछु भन्या ब्रह्माका वचन सुनि विष्णु अर्द्धपातालमा जाई मूलका अन्तको दर्शन गर्न जान्छु भनि जादा भया, ब्रह्मा पनि उर्द्धमा जाई सप्तलोकमाथि गोलोकसम्म पुग्दा-भया तैपनि ज्योतिर्मयको अन्त पाउन सकेनन् । दुवै फर्कि आयापछि विष्णुबाट मूलको अन्त गरि आउन मैले त सकिन तिमिले काहांसम्म पायौ सत्यसङ्ग भन भनि आज्ञा गर्दा ब्रह्मा आज्ञा गर्दछन्– मैले त उर्द्धमार्गमा जाई अन्तै पाजा नपत्याया इ कामधेनु वन्धुक केतकी जपापुष्प साछि छन् भनि आज्ञा गर्दा ति साक्षीले वकायर विष्णु अधोमुख गर्दा-भया ।। उस्ता समयमा अलक्षरूपबाट आकाशवाणि भै यथार्थसङ्ग आज्ञा गरि–असत्य वोलन्या कामधेनुले अर्द्धाङ्ग मुषतिर अपवित्र भै जावस् भन्न्या श्राप पाया ।। अरू पुष्पहरूलाई मेरा अर्चनमा नलागोस् निर्माल्यतुल्य होई जावस् भनि श्राप पाया ।। शृष्टिकर्ता भै अपूज्य भै रहनु-पर्ला भन्न्या श्राप व्रह्माले पाया ।।

ताहाप्रान्त ज्योतिलींग स्तंभ भयाको देषि ब्रह्मा विष्णु दुवैले संसारका कर्त्ता परमेश्वर रह्याछन् भनि स्त्रोत्र गर्दा शिवशक्तिस्वरूप भै दर्शन दिंदा भया ।। व्रह्मा विष्णुकन आफ्ना शरीरमा प्रवेश गराया ।। फेरि प्रकट गराई व्रह्मा-कन शृष्टिका अधिकार दिंदाभया ।। विष्णुकन पनि स्थितिको अधिकार दिंदाभया ।।

आदियुगविषये श्री महादेवकन दक्षप्रजापतिले अपमान गऱ्याको सहन नसकी सतीदेविले प्राण मोचन गर्दी भइन् र देवीका शरीरकन महादेवले वोकि भ्रमण गर्दा समयमा यो पृथ्वीतलविषये देवीका शरीर जाहां जहां पतन भयो तहां तहां पीठरूपी शिवशक्ति योगिनी सहित भै उत्पत्ति हुंदा भया ।। प्रथम कामरूपी पीठमा गुह्यस्थान पतन भयो र कामक्ष्यादेवी भै गयो । यही क्रमले पृथ्विमा पचास पीठ उत्पत्ति भया र नेपालमध्ये गुह्यस्थान पतन हुदा ।। **श्री गुह्येश्वरी** भनिमहापीठ भयो ।। ।।

**नेपालं तु इकारं स्याद् गुदं तत्र तु पार्वति ।**
**तस्मात् वामस्य मार्गस्य मूलस्थानं तदुच्यते ।।**

**अस्यार्थः–**

इकार वीज भयाका नेपाल जो छन् सो ताहां गुह्यस्थान पतन हुंदा वामाचार प्रशस्त भया, मूलस्थान भनि तस्कन भन्दछन् ।

**षट्पञ्चाशत् लक्षमिता भैरव्या भैरवास्तथा**
**शक्तीनां च सहस्र द्वे पीठानां च शतत्रयम्**
**चतुर्द्दशश्मसानानि तत्र संनिहितानि च**
**वक्ष्यमार्ग सिद्धिदानि पीठान्यष्ठौ तु तत्र च ।।**
**सिद्धिदा वैदिकं मन्त्रा तत्र पीठचतुष्टये**
**तन्मलं यत्र पतितं जातं तु उपपीठकं**
**नेपालात् पूर्व देशे तत् किरातरूप व्यवस्थितं**
**त्रिंशत्तत्र सहस्त्राणि देवयोनिश्च संति हि ।**

**अस्यार्थः–**

५६००००० छपन्न लाष भैरव भैरवी गरि विराजमान छन् ।। गुप्तिका देवता २००० दुइ हजार छन् ।। पीठ ३०० तीन सय छन् ।। मुष्य स्मशान १४ चौध छन् ।। दक्षिण मार्गले पूजा गरिन्या पिठ ८ आठ छन् ।। वैदिक मन्त्रले पूजा गरिन्या पिठ ४ चार छन् ।। मल जाहाँ पतन भया ताहाँ पनि उपपीठ वन्या ।। नेपालदेषि पूर्व कीरातपर्यन्त देवयोनि गरि ३०००० तिस हजार रह्याका छन् ।। एस्ता प्रकारसंग देवदेवीका वास हुनाले नेपालमा षरिका रूष उत्पत्ति भै रह्या छन् ।। अनेत्रमा षरिका रूष उत्पत्ति दुर्लभ छन् ।। सुमेरुका दक्षिण भागमा जम्वुवृक्ष जम्वुवृक्षद्वीप कहाया ।। तेस द्वीपमा ९ षण्ड भयाका छन् ।। नौ षण्ड मध्ये भरतषण्डका मध्येमा नेपालपुरि रह्याको छ ।। तहाँ श्री ज्योतिलिंग पशुपतिकन दिव्य हजार वर्षसम्म देवताहरूले अर्चन गरि रहँदा भया ।। ताहाँ उप्रान्त जमराजा आई पुजा गर्दा भया, मुक्ति भुक्ति भै गया ।। श्री गुह्येश्वरी भवानीबाट श्री महादेवसित आदि शक्ति म हुँ भनि विवाहका इछाले हिमालय पर्वत पिता, मेना माताका गर्भबाट जन्म लिन गइन् र पर्वतराजाले श्रीमहादेवकन पुत्रि पार्वती कन्यादान दी अनेक रत्नसुवर्णादि दाइजो दीकन हिमंतभैरव साथ गरि पठाउंदा भया ।। आफ्नु पर्वत भागमा वडो गुप्तले रह्याको पुत्रीकन दाइजो दी पठायाको यो नेपाल पुरि हो । एसं पुरिमा श्रीपशुपति श्रीपार्वति शिवशक्ति भै मृगस्थलमा आनन्दसित विराजमान भै रहँदा भया । ब्रह्मादि देवताहरूले थाहा पाई पृथ्विमण्डल-विषे आनन्दपुरि यहि नेपालपुरि हो भनि शास्त्रप्रसिद्ध ठहराइकन व्रह्माका आज्ञाले सवै देवताहरू आई तपस्या गरि सेवा गर्दा भया ।। ।। श्रीपार्वतीका अङ्गदेषि प्रकट भयाका नदि–पूर्व सप्तकौसीकीको नाम श्री पार्वतीले

राख्याको शुभश्रवादूर्गा सुनकोसि १ पापध्नि नारायणी तामाकोसि २ भद्रमति चण्डी दुधकोसि ३ महाप्रभा शिवदूती अरुण ४ वरदा चामुण्डा वरुण ५ दुख:घ्नी वाराहीं तमोर ६ श्वेतवाराहि इन्द्रायणि ७ कौसिकि रिषिले तपस्या गरि कौसिका भनि वोलाया ।। पश्चिम सप्तगन्डकिका नाम धर्मवती महेश्वरी त्रिशूलगण्डकी १ यसोधारा व्रह्मायणी बुढिगण्डकी २ विश्वधारा नारसिंही मर्स्यांदि ३ सित प्रभागंगा सेतिः रत्नरत्नप्रभा कौमारी काली ४ सोर्णप्रभा वैष्णवी भैरवि ५ कृष्णप्रभा महाकाली ६ एति नदि श्री पार्वतीका शरीरदेषी भयाका नदि हुन् ।। गण्डक रिषिले तपस्या गरि गण्डकी बोलाया ।।

**गंडकी कौशिकी चैव तयोर्मध्ये वरस्थलं । नीलकण्ठनटेशौ च तयोः पुनस्तथाविधं ।। नेपाल इति यो ब्रूयाज्ज्ञानतोज्ञानतोपि वा ।। नित्यं कृतेप्यसौ मुक्तस्तत्रैव जायते पुनः ।**

पश्चिम सातगंडकी, पूर्व सातकौसिकी, उत्तर नीलकण्ठेश्वर, दक्षिण श्रीनटारम्भेश्वर यति चारकिल्ला भित्रलाई उत्तम स्थल भनि नेपालकन जसले जानि ज्ञानले गरि सेवा गऱ्या मुक्ति फल पाइयला । अज्ञानले गरि सेवा गरोस्तापनि यसै जगाभित्र जन्मी पछि उद्धार भंजाला ।। दुष्ट हिरण्यकसिपु दैत्यलाई भगवान् नृसिंहबाट मारि प्रह्लाद भक्तकन रक्षा गरि दैत्यलाई मारिसकी नृसिंह हिमवत् सिषरविषये विश्राम गर्दा भया ।। प्रह्लाद पनि सङ्गै थिया ।। तहांबाट मृगेन्द्र सिषरमा जांदाभया ।। तेहि सिषरबाट नृसिंह अस्त भै जांदा भया ।। तेहि स्थानमा वसि प्रह्लादले उग्र तप सहस्रवर्ष पर्यंत गऱ्या ।। ताहां महादेव सन्तुष्ट भै उचो स्वर गरि हांसता भया ।। मुखबाट जल प्रवाह भै गिरिका गह्वरस्थानबाट वहृदिभइन् ।। अतिपुण्य निर्मल जल हुँदा श्रीमहादेव आज्ञा गर्छन्– हे प्रह्लाद, मेरा वचनबाट प्रकट हुनाले एस नदिका नाम वाग्मति नाम भनि प्रष्यात हुन्याछ ।। मृगेन्द्ररूपले विष्णुस्थित भयाका हुनाले वैष्णवक्षेत्र भनि लोकमा भनून् ।। एसका उर्द्धभागमा उत्तमस्थानमा शिवलिंग हुनाले शिवपुरि भन्नन् ।। इ वाग्मती परमनदीमा स्नान गरि शिवको दर्शन गर्न्यालाई जन्म जन्मन्तर गऱ्याको पापदेषि मुक्त भै जानन् भनि प्रसन्न भै दर्शन दी अन्तर हुदाभया ।। ताहांपछि दैत्येन्द्र प्रह्लाद सन्तुष्ट भै स्वस्थानमा जांदा भया ।।

ताहाप्रान्त श्री पशुपतिनाथको ज्योतिर्लिङ्गकन देवताहरूले अर्चन गररह्याका थिया ।। ज्योतिलिङ्ग गुप्त भै जादा देवताहरू स्वस्थानमा जांदा भया ।। तहाप्रान्त मृतिकाले छोपिया ।। उस्ता समयमा कामधेनु आई नित्यज्योतिस्वरूप विराजमान भै आयाका स्थानमा जायि मृत्तिका माथी दुग्ध चह्राउदी थिइन् ।। देवताहरूले छाडिगयाको १०००० दशहज्जार वर्षपछि कोई येक म्लेच्छले नित्य कामधेनुले दुध चह्रायाको थाहा पाई तेस थानमा धेरै मानिस जम्मा भै पनि हेर्दा ज्योतिरूपको दर्शन पाउंदा तन ज्योतिमा सवै लिन भै गया ।। यस्ता तरहसङ्ग धर्मदेषिन् रहित भयाका म्लेक्षहरू ज्योतिरूपको दर्शन पाई लीन भै गया भन्या षवर ब्रह्माले थाहा पाई आई ज्योतिलिंगमाथी मणिमयलिंग स्थापना गरि दिंदाभया ।। फेरि उसमाथि विष्णुबाट इन्द्रनील मणिको लिंगाकार वनाई स्थापना गरि दिंदा भया ।। वरिपरि सवै इन्द्रादी देवताहरूले स्थापना गऱ्या ।। कस्ता तरहसङ्ग स्थापना गऱ्या भन्या आपनु तेज मध्ये एक एक भाग राषि शिवलिंग स्थापना गर्दा भया ।।

यहां उप्रान्त व्रह्माविष्णुशिवात्मक लिङ्ग भैगया ।। सवै देवताहरूको आलय पनि भैगया ।।

## चतुः षष्ठि लिङ्गाकार तिर्थहरू

यद्वरीका मृगोदकका सङ्गम आर्यतिर्थ छन्, ताहा अनन्तलिङ्ग संयुक्त छ ।। श्रीपशुपति ज्योतिरूप विराजमान छन्, तहाँ अनन्त लिङ्ग संयुक्त छन् ।। कौसिका लिलावतिका सङ्गम, दुर्गातिर्थ, श्री कुशेश्वर लिङ्ग, दुमजामा १ भद्रकौशिको सङ्गम, देवतीर्थ, श्री भीमेश्वर, दोलषामा २ सुवर्ण कौसिकी सैलवह्निका सङ्गम, सौवर्ण तिर्थ, श्री काफेश्वर, कापिमा ३ कश्यपतीर्थ, श्री कश्यपेश्वर, मंढनमा ४ हिमश्रवा चन्द्रकान्तिका सङ्गम, कान्तितिर्थ, श्रीफटिकेश्वर, फटकशिलामा ५ रूपवती भद्रवतीका सङ्गम, उग्रतीर्थ, स्पृहादतिर्थ, श्रीधनेश्वर, वनेपासंघि ७ पुष्पतिर्थ, श्रीविकटेश्वर, सांगामा ८ लिलावति रुद्रप्रभावति सङ्गम, सचितिर्थ, श्रीइन्द्रेश्वर, पनौतिमा ९ लीलावति सुखःश्रवाका संगम, गन्धर्वतीर्थ, श्री भालेश्वर, विहावरमा १० प्रभावती लिलासाका सङ्गम, सिद्धतीर्थ, श्रीगुप्तेश्वर, फूलचोकडांडामा ११ मनमति सरस्वतीका सङ्गम, रुद्रतीर्थ, श्रीनीलेश्वर, लेलेमा १२ मनश्रीतिर्थ, चंपकेश्वर, लेलेमा १३ प्रभावती सरस्वतीका सङ्गम, प्रभावतीर्थ, श्री रामेश्वर, प्रभावतितीरमा १४ वैतरनि घर्घराका सङ्गममा, कालतीर्थ, श्री कालेश्वर, मृगुचोमा १५ व्रह्मतीर्थ, श्रीनटारभेश्वर, ङातलाचो (चितलाङ) मा १६ परमगङ्गा, रुद्रतीर्थ, श्रीउद्दालकेश्वर, फर्पिङमा १७ वाग्मती गौपति सङ्गम, व्याघ्रतीर्थ, सिषरिणि तिर्थ, श्रीगोपालेश्वर, फर्पिङमा १८ चन्द्रकान्ति नदि सङ्गम, व्रह्मतिर्थ, श्रीचम्पकेश्वर, चितलाङमा १९ चित्रकान्ति

सुवर्णनदी सङ्गम, सुवर्णतिर्थ, श्री उन्मत्तेश्वर, तिष्टुङमा २० रत्नकान्ति सुवर्णप्रभा सङ्गम, नदीतिर्थ, श्रीनन्दिकेश्वर २१ रत्नकान्ति नदी तीर्थ, गौतिर्थ, श्री गोषुरेश्वर, कुंछामा २२ रेचिकारेतोवति सङ्गम, भद्रतिर्थ, व्योम परवत, नारद-तीर्थ, श्री पाण्डुकेश्वर, पाल्हुँमा २३ गालवतीर्थ, श्रीकुटेश्वर, आग्रिगाउँमा २४ सक्रवति भानुवति सङ्गम, असित तीर्थ, श्री असितेश्वर, माहादेउव्यांसिमा २५ सिप्रा सैत्या त्रिशूल-गङ्गा सङ्गम, भैरवतीर्थ, श्री भैरवेश्वर, नुवाकोट्मा २६ ब्रह्मघृजा ब्रह्मपत्तिका सङ्गम, ब्रह्मतिर्थ श्री ब्रह्मेश्वर, कवि-लासमा २७ चन्द्रद्विप्ति सिद्धद्रवका सङ्गम, स्कन्द तीर्थ, श्रीकार्तिकेश्वर, यतागुमा २८ जेष्ठिला विसोका सङ्गम, नारसिहतिर्थ, वागद्वारतिर्थ, व्रह्मतिर्थ, सुदरिजोर, सतरूद्रे-श्वर, शिवपुरिमा २९ आकाशगङ्गातीर्थ, श्रीकेश्वर, गागलमा ३० मणिचूडकुंडतीर्थ, श्रीमणिचूडेश्वर ३१ योग गङ्गातीर्थ, श्री योगेश्वर, सांघुमा ३२ नारायणनदी वर्णतीर्थ, श्रीरत्न-वती नारायणीका सङ्गम, योगतीर्थ, ज्योतिर्लिंगेश्वर, सांघुमा ३४ रत्नह्रदतीर्थ, श्रीरत्नचूडेश्वर, महादेवपोषरिमा ३५ वीरनदीतीर्थ, श्री वागीश्वर, (वागेश्वरीमा) ३६ संषकुंडतीर्थ, श्री कीलेश्वर, चांगुमा ३७ भद्रनदी वीरानदि सङ्गम, वीरभद्रतीर्थ, श्री वाल्मीकेश्वर, भक्तपूरमा ३८ भद्रतीर्थ, श्री मङ्गलेश्वर, भक्तपूरमा ३९ विमलोदक गङ्गातीर्थ, श्री विमलेश्वर, सिपाडोलमा ४० रिषितिर्थ, श्री अनन्त-लिङ्गेश्वर, अनन्तलिङ्ग गाउंमा ४१ वृद्धगङ्गातिर्थ, श्री विश्वरूपेश्वर ४२ पद्मनदि कोष गङ्गाका सङ्गम, सोमतिर्थ, श्री सोमेश्वर ४३ गोशृंगचक्रवर्त्ति सङ्गम, गोशृंगतिर्थ, श्री गोभ्राटेश्वर, गोदावरीमा ४४ सिहरसतीर्थ, कुण्डल श्रीशृंगेश्वर, सुनागुठिमा ४५ मुनिकुण्ड तिर्थ, श्रीत्रिलिङ्गे-श्वर, पाटनमा ४६ उदककुण्ड तिर्थ, कुपितेश्वर, पाटनमा ४७ गौरिकुण्डतीर्थ नागह्लदतीर्थ, सर्वेश्वर, कुम्भेश्वर, पाटनमा ४८ रुद्रतीर्थ तक्षकह्लद कर्कोटकह्लद, औसदिनदि, सौवर्ण-नदि, मातातीर्थ, मीनतिर्थ, श्री गोलोकेश्वर, किर्तिपूर संघि ४९ भस्मगङ्गा नवधारा सङ्गम, भस्मतीर्थ, स्वर्णधारानदि नीसक्रदीप्ती, भस्मगङ्गा संगम, लिंगतिर्थ, चन्द्रद्वीप्तिकनषल तिर्थ, इंद्रह्लद, नन्दीनदि, चन्द्रप्रभातेश्वर ५० नन्दितिर्थ यक्ष्यतिर्थ उसीरतिर्थ, श्रीयक्ष्येश्वर, चांगुमा ५१ पिडारक तिर्थ, श्रीचण्डिकेश्वर, टोषामा ५२ यष्ठिला धर्मगङ्गा संगम, धर्मतिर्थ, श्रीधर्मेश्वर, चपलिगांउमा ५३ वाग्मति चन्द्रभागा सङ्गम, पितामहीतिर्थ गोकर्णेश्वर, गोकर्णमा ५४ वाग्मति मनमति रुद्रधारा संगम, संषमूलतिर्थ, श्रीकोटेश्वर, पाटनमा ५५ वाणगङ्गातीर्थ, श्रीवागेश्वर, वाणेश्वरटारमा ४६ मयूरतीर्थ, श्रीज्ञानेश्वर, चलानमा ५७ ज्ञानकुपतीर्थ, श्रीपर्वतेश्वर कैलाशमा ५८ वाग्मति जलेश्वरतिर्थ, श्रीजलेश्वरी, गुह्यश्वरि घाटमा ५९ गुह्य-श्वरितीर्थ पशुकुण्ड र गुफा, ब्रह्मोदय तिर्थ, सुन्दरतिर्थ, स्कन्दकुण्ड, सुलोदभङ्गतीर्थ, भृगुकन्द व्रह्मभेदतीर्थ, अगस्ति-कुण्ड ब्रह्मदीप तीर्थ, सप्तऋषितिर्थ, पशुयोनितिर्थ, योगकुण्ड, यज्ञकुण्ड, सोरणधारा नदि, कासोदक तिर्थ, श्रीगुह्येश्वर, श्रीगुह्येश्वरीमा ६० रुद्रसहस्रतीर्थ, श्रीकिरातेश्वर, गौरी-घाटमा ६१ भस्मगङ्गा कुण्डतीर्थ, श्रीभस्मेश्वर, वछलानेरा ६२ ज्ञानतीर्थ, श्रीभुवनेश्वर, देउपाटनमा ६३ रुद्रस्नानोदक तिर्थ, श्रीरुद्रगारेश्वर, गौरिघाटमा ६४ ॥ ॥ इति चतुर्षष्टिलिगतिर्थ ॥

यतिचतुषष्टि लिंगे आवर्ण गराई श्रीपशुपतिनाथ विराजमान भयाका छन् ॥ अरू शिवलिंगहरू ग्रहेश्वर लिङ्ग सप्तऋषि लिङ्ग आदि गरी उपलिंग २३२ छन् ॥ वाग्मतिका कुण्ड ८९ तीर्थ छन् ॥ विष्णुमतिका तिर्थ २१ छन् ॥ मनमतिका तिर्थ ६४ छन् ॥ इ सव नदि गंगा तिर्थ कुण्डहरूको मेला भरि यात्राकन गरि धेरै देवताहरू उद्धार भै गया ॥

**ज्योतिरूपसमं लिंगं वाग्मतिसदृशी नदी ॥**
**गुह्येश्वरीसमो पीठो नास्ति ब्रह्माण्डमण्डले ॥**

ज्योतिरूपसम शिवलिंग वाग्मती समनदी गुह्येश्वरी समपीठ व्रह्माण्डमण्डलमा छैनन् भनि शास्त्रमा कहन्छन् ॥ वछला पनी आफना गणले युक्त भै भुक्तिमुक्ति फल भक्तकन दी विराजमान भै रह्याका छन् ॥ कांचिका राजाले श्री पशुपतिका छेत्रका वर्णन् सुनि आफ्नु पुत्रहरूकन राज्या-भिषेक दी बुद्धिक्षेम मन्त्रीका वचन सुनि नेमुनि ऋषिका आश्रममा मणिचूड पर्वतमा तपस्या गरि श्रीवज्रयोगिनी-कन प्रसन्न गराई वैशालाधिप नाम वर पाई विशालनगर जितिरहंदा एक कोहि दीनका रातृविषे श्लेष्मांतक वनमा नानाप्रकारका वाजावाद्य सुनि मन्त्रीले सहित राजा खड्ग चर्म्म धरी निस्कंदा श्लेष्मान्तक वनमा वननिकट घोर दिक्पाल भैरवको मूर्ति देषि कम्पमान भै फर्कि मार्कण्डे मुनिश्वरसंग विस्तार विन्ति गर्दा मुनिश्वरबाट आज्ञा भयो— हेराजन् यो शब्द सुवर्णपुरिमा पशुपतिनाथकन देवता लोकहरूले पुजा गर्दाको शब्द हो भन्दा राजाले दर्शन गर्न-कन बहुतै इच्छा गरि जांदा देवलोकले भित्र छिर्न नदिंदा श्री धर्मेश्वर नउ मास तपस्या गरि सक्दा ईश्वर प्रसन्न भै हे ! राजन्, पशुपतिनाथको दर्शन गर्न इच्छा भया, गुह्येश्वरीका तपस्या गर तव तम्रो मनोरथ पूर्ण होला ॥ आजदेषि तम्रो नाम धर्मदत्त भयो भनि वरदान पाई

महाकष्टले गुह्येश्वरिमा गै द्वारदेवताकन प्रसन्न गरि भित्र जाई कार्तिक शुक्ल प्रतिपदाका दीन आपना रक्तले तर्पण गरि तपस्या गर्दा इश्वर प्रसन्न भै खड्गदान वरदान पाई इश्वरी दाहीन हुँदा खड्ग हातमा ली मन्त्री र पुत्रादि सहित भै देवलोकसंग कल्लोल युद्ध गरि जिती पशुपतिनाथको दर्शन गरि १००० वर्ष पर्यंत विशालनगरादि राज्य भोग गरि रहंदा देवलोकहरू महाकष्टले राज्य भग्न भै रहंदा नारदका वाक्य सुनी काशी विश्वेश्वरमा जाई तप गर्दा विश्वेश्वर प्रसन्न भै विश्वेश्वर सहित गुप्तले पशुपतिपूरमा आई विश्वेश्वरले श्रीपशुपतिनाथकन दर्शन गरि वत्तिमा वत्ति मिलाया झैं एकत्र भै लीन भै रहंदा भया ।। देवताहरूले पनि अधिका रितले सिद्धाचल पर्वतमा बस्दा भया ।। यहांपछि नारदमुनि धर्मदत्त राजाकहां जाई– हेराजन् फेरि पशुपतिनाथकन इन्द्रादिदेवताहरूले आवृत्ति गरि रह्याका छन् भन्दा धर्मदत्त राजा रिसाई युद्ध गरि देवलोककन देषाह पर्न पनि नदी रहदा एक दिन ईद्रले शनिश्चरादि ५ उग्र ग्रह पठाई धर्मदत्त राजका प्रजाहरूकन दुःख दिन जाउ भनि पठाउंदा हुकुममाफिक जाई सत्यवतीपूरिमा सत्य वात नगरि ढोका भित्र पस्न लाग्दा धर्मबाट– हे दुष्ट ग्रहहरू सत्यवतीपुरिभित्र तिमिहरू क्यान पस्दछौ एस पुरिमा पापि कोहि छैनन् सो निमित्त तिमीहरूकन भित्र पठाउदौन भनि भन्दा ग्रहहरूले वल गर्न नसकी सर्ववृत्तान्त देवराज संग विंति गर्दा ईन्द्र रिसाई धर्मदत्त राजाको धर्म नष्ठ नगरि सुख पाञिन्या छैन भनि मधुश्रवा नाम व्राह्मभेष गरि ढोकाभित्र पसि राजगृहमा जाई अपूर्व कोहि एकजातका रत्नमाला राजारानिकन नजर गराउंदा रानिका चित्त गडि राजासंग यो रत्नमाला ली देउ भनि वहुतै इक्षा गरि विन्ति गर्दा राजाले व्राह्मणसंग मोल सोद्धा व्राह्मणले हेराजन् यो मोल हजुरसंग विंति गर्नु हुदैन, जो लिन्यासङ्ग येकांत्त गर्न पाया मोल भन्दा हु भनि विन्ति गर्दा राजाबाट लौ भनि रानिका षोपिभित्र पठाइदिया ।। यहां रानिबाट मोल सोद्धा–विश्वास कवोलि व्राह्मणले–हेरानि यो रत्नमालाका मोल तिमिसंग एकवार संभोग हो मन्जुर भया रत्नमाला लिनुहोला नभया फिर्ता गरि देउ भन्दा एति रानिले रत्नमाला वहुतै चित्त गरि विस्मय भै रहंदा सषीले हेरानि विस्मय गर्नु केही पर्दैन रत्नमाला लिनुहोला भन्दा रानिले रत्नमालाका लोभले लौ भन्दा व्राह्मणरूप इन्द्रले रानि– प्रसङ्ग गरि रत्नमाला दी चाडै त्रासमान भै भागी पशुपतिका निकटमा गै देवलोककन जनाई फेरि धर्मदत्त राजासङ्ग सात दिनसम्म जुद्ध गर्दा धर्म्मच्युत हुंदा धर्मदत्त राजाका पुत्रहरूकन गणेश रिशाई मारिदिंदा धर्मदत्त रिसाई अधि सरि जुद्ध गर्दा जोगिनी प्रत्यक्ष भै गणेशहरूकन बुझाया–हेपुत्र धर्मदत्त राजासङ्ग नलड तिनकन ईश्वरिबाट सहस्त्र वर्ष १००० सम्म राज्य वर प्रसाद भयाको छ, ति शिवभक्त हुन् तिनिसङ्ग क्षमा गर भनि बुझाई लग्या ।।

यहा उप्रान्त धर्मदत्त राजाले देवताहरूकन दुःख दियाको सहन नसकी पशुपतिका शरणमा जादा पशुपतिनाथबाट कालि प्रतक्ष भै घर्मदत्त राजासंग जुद्ध गर्न लाग्दा कैलासबाट १०००० सूर्यका तेज भयाका जस्ता विमानल्याइ कैलासमा लैजानु भनि हुकुम हुदा प्रथम गणहरूले धर्मदत्त राजाकन संकरका हुकुम माफिक विन्ति गऱ्या–हे राजन् धन्य २ तिम्रा भाग्य, कोटिजन्मका पुन्यका वलले कैलासधाम पाउन्छ सो निमित्त हजुर विमान चढ्नुहवस् यो युद्ध छाड। धन्य २ वीर हजुर हुनुहुन्छ भन्दा धर्मदत्तराजाले–हेदूत तिमिहरू क्या भन्दछौ यो संसारमण्डलमा पशुपतिनाथका स्थान छाडि कैलास को आउंछ वाग्मतिका अमृत पिः पशुपतिनाथसङ्ग वसनु पाउंज्याल कैलासको क्या सौख्य छ म ता पशुपतिनाथकन छाडि आउन्या छैन भनि जिद्दि गर्दा दूतहरूले अनेक प्रकारसंग बुझाउंदा राजाले आफ्ना सहरका प्रजासमेत आउन पाया मात्र आउंला भन्दा दूतहरूले लौ भनि राजा धर्मदत्तका पुत्र वीरकेतु, अश्वकेतु, रत्नकेतु, गात्रकेतु आदि दशपुत्र मैत्रि वृद्धि षेम प्रभृति व्राह्मण क्षत्रिय वैश्य शूद्र ईसहित सवै परियार प्रजा गैह्र विमानमा चढि पशुपतिनाथ ईश्वरिकन वहुतै प्रणाम गरि कैलास धाम विषे आनन्दसित जांदाभया ।। यहाउप्रान्त देवताहरू फेरि पशुपति पुरिमा अघिका क्रमले रहंदा भया ।।

यहांपछि श्रीविश्वेश्वर पनि पशुपतिनाथका ज्योतिर्लिंगवाट प्रगट भै स्वस्थान काशि क्षेत्रविषे जांदाभया । यहा उप्रान्त केहि कालपछि देवताहरू पनि स्वस्वस्थानविषे जांदाभया ।। तिथि योग संयुक्त भयाका दिनमा मेला गर्दै स्वस्थानमा जांदै आउंदै गर्थ्या ।। विमलेश्वरका पश्चिम भागमा प्रकाण्डवनमा गुननिधि नाम मुनि थिया ।। तिनकी स्त्री लिलावती नाम गऱ्याकि थिइन् ।। इनका पुत्र प्राणनाथ वालक एक दिन षेलन जादा लोटि मऱ्या र उनका वावाले काषमा ली अद्यापि येस वनमा वावु र्‍ाहि छोरो मर्न्या रित थियेन भनि सोक गरि अनाथको नाथ श्रीपशुपतिनाथ उनैसंग फिऱ्याद जानुपऱ्यो भनि मृतक वालककन वोकी गया ।। रिष्याश्रमका मुनिहरू पनि साथै आयाका थिया ।। पशुपतिका दक्षिणद्वारमा मृतककन राषि तेस्

वालकलाई संस्कार गरि यहि अग्निमा प्रवेस गरि मरूं भनि धर्ना दी वस्या । सात दिन व्यतित भयापछि पशुपतिनाथवाट क्या कारण यस्तो भयाको रहेछ भनि विचारमा ठहराई मैले काशिक्षेत्रबाट नेपालक्षेत्रको महात्म्य गङ्गाका महात्म्य गयापछि पनि **वत्तिस हजार ३२००० वर्ष कलिपर्यन्त** वागमतिको माहात्म्य रहन्या छ गङ्गा भन्दा चतुर्गुण उत्तम स्थान हो भनि अति प्रेम मानि नेपालमा आउंदा मेरा पुत्र गणेशकन साथ ल्याउन विर्स्या ।। आफु प्रगट हुन निमित्त मुनिको पुत्रकन मारि एस्तो विघ्न गऱ्याको रहेछ । आफु नेपालका प्रकाण्ड वनमा आई लुकि रह्याको रहेछ भनि अन्तर्ज्यामी इश्वरबाट विवेक गरि पशुपतिका लिंगबाट इश्वर प्रगट भै दर्शन दिंदाभया ।।

मुणिगणहरू रोमांच भै अतिआनन्द मानि दर्शन गर्दाभया ।। तहां उप्रान्त मुनिका पुत्र मऱ्याको कारण आग्या गरि सुनाई अव तिमिहरू वहीं जाई गणेशको स्तुति गर र तव यो वालक फेरि जिउन्याछ मेरा पुत्र काहां होला भनौला त नेपालभूमिमा पैह्ले सूर्य उदय हुंदा जाहां किरण लाग्ला उसै ठाउं मेरा पुत्र होला भनि आज्ञा प्रसन्न भै अन्तरध्यान भया र मुनिले वालककन पीठमा राषी आफ्ना आश्रममा गै उपवास गरि रातभर जागी वस्या । जव सूर्य उदय भयो पैह्ले किरण लाग्याको ठाउंमा जाई श्री गणेशको स्तोत्र गऱ्या ।। ताहां उप्रान्त पहाड फोरि श्री गणेश प्रसन्न भै प्रकट हुंदा भया ।। प्रणाम गरि अन्जलि वांधि रह्याका मुनिहरूकन देषि –हे गुणनिधि, सुन तेरा वालषकन जियाई दिउंला केहि संका नगर भनि वोध दी आज्ञा गर्दाभया ।। अमृतलताको रस झिकि मुख नाक आंषा कानमा रस पियाईदेउ ।।

**पुष्यार्कयोगमाश्रित्य गुडूचीमूलमाहरेत् ।**
**मन्त्रयुक्तजलैः पेयं मृतो मृत्युहरं भवेत् ।।**

यति वचन गुणनिधिले सुनि अमृतलताको रस झिकी पिलाई दिया । उसै वषत वालष सुत्याका जागी आया झैं जागी उठ्दा गुणनिधि प्रभृति सव मुनिहरू अतिहर्ष मानि जय शव्द गरिकन पुजा स्तोत्रादि गर्दा गणेश प्रसन्न भै वरं बूहि भनि आज्ञा गर्दा भया ।। मुनिहरूबाट विन्ति गऱ्या –हे गणनाथ हामि क्या वर मागु हामिलाइ केहिं चाहिदैंन । हाम्रा अभिलाषा क्या हो भन्नु होला त हजुर सदा यस थानमा उनंचास गणेश गणसहित विराजमान हुनुहोला भनि विन्ति गर्दा श्री गणेश प्रसन्न भै म पैह्ले सूर्यका किरण लाग्न्या थानमा हुनाले मेरा नाम सूर्यविनायक भनि मङ्गलचौथिका दिन जसले दर्शन गर्ला उसलाई सर्वविघ्नहरण होला भनि उसै स्थानमा प्रवेश गरि अन्तर्ध्यान भै गया ।। ति मुनिहरू चंपा नदिमा जाइ स्नान गरि सर्वमत गरि सिवलिंग स्थापना गर्न ठहराई गणेशसंघि इशान कोनामा जिवनाथेश्वर शिव स्थापना गरि फेरि येक गणेश स्थापना गरि फेरि येक गणेश स्थापना गर्न्या हो भनि सूर्यविनायकका उत्तरभागमा नदीतिर मङ्गल गणेश स्थापना गऱ्या ।। ति गणेशसंग मङ्गलतिर्थ भयो येस तीर्थमा स्नान गरि मङ्गल गणेशको दर्शन जसले गर्ला उसलाइ मङ्गल होला ।।

दोलागिरि नाम पर्वत विषयक ठुलो चम्पकवृक्ष थिया ।। तहां गरुडध्वज नारायण गुप्तसंग रह्याका थिया ।। तन्का नामले स्मरणले विष पनि निर्विष भै जान्छ ।। तेस स्थल विषे येक कोहि सुदर्शन नाम व्राह्मण सुचि नेममा रह्याका क्रोधि थिया ।। तन्का एक कपिला धेनु कामधेनु तुल्यका थिइन् ।। तन्का दुग्धले मुनि हव्यकव्यादि देवता अर्चन गर्दथ्या ।। तनका एकै कपिला चम्पकवृक्षमनि रहन्थिन् ।। कोइ सुन्दर पुरुष चम्पावृक्षबाट वाहिर निस्कि धेनुको दुग्ध पान गरि चम्पावृक्षमा गुप्त भै रहन्थ्या ।। तेस धेनु चम्पकवृक्षमा जान्थिन् ।। ति पुरुषले क्षीर पान गर्दथ्या । मुनिलाई कपिलाले दुद नदियाको सात दिन भै गयापछि मुनि रिसाइ यो कपिलागाईका दुद हव्य निमित्त राष्याको जसले पान गऱ्यो तेस दुर्वुद्धि भयाकाको सिरछेदन नगरि छाडन्या छैन भनि ति तपस्वि विस्तारसङ्ग कपिलापछि लागी गै लुकी रह्या ।। कपिला चम्पकवृक्ष मनि पुग्दा चम्पकवृक्षबाट वाहिर निस्की कपिलाको दुद पान गर्न लाग्या ।। दुद पीउंदै थिया उस्तै विचमा ती तपस्वीले तेस पुरुषमाथि वहुतै कुपित भै खड्गले प्रहार गरि शिरछेदन गऱ्या ।। उसै क्षणमा ति पुरुष शंख चक्र गदा पद्म धारि गरुडमा सवार भयाका सीर मात्र नभयाका देषिया र मुनि वहुत विषाद मानि पूर्वजन्ममा मैले क्या पाप गऱ्याको रह्याछ र एस्तो अपराध मेरा हस्तबाट भयो भनि वारंवार धिक्कार गरि मुर्छित भया ।। फेरि चेष्ठा भै फेरि उस्तै गरि देहान्त प्रायश्चित्त गरूं भनि मर्न आट्दा श्री नारायणबाट नडराउ नडराउ वढीयै गऱ्यौ तिमिले विषाद मान्नु पर्दैन भय छोडि वर पनि माग भनि आज्ञा प्रसन्न गऱ्या –हे मुनि सुन चन्द्र दैत्य सङ्ग युद्ध हुंदाको कारण कहन्छु भनि प्रसन्न हुदा मुनिले विंति गऱ्या –हे नारायण, प्रभु जसकन वडा वडा युद्धमा कसैले पनि यक रौं पनि पतन गराउन सकतैनथ्या उस्ता नारायणको त शिर छेदन गर्न्या अपराधिलाई तेहि चक्रले प्रहार गरि मार भनि विंति गर्दा श्री नारायणबाट

आज्ञा गर्दा भया –हे मुनि सुन पूर्वकालमा चन्द्रदैत्यसंग जुद्ध हुंदा समये उसका सुहृद सुमति नाम व्राह्मण प्रसुराम सित धनुर्विद्या सिक्याका सुक्राचार्यसित अस्त्र विद्या सिक्या का उसङ्ग रणभूमिमा जुद्ध हुंदा मैले प्रहार गऱ्याका सस्त्रले उसको प्राण मुक्त भयो र शुक्राचार्यको अति प्रेम सिष्य हुनाले रण भूमिमा आई मलाई –हे विष्णु, मेरा शिष्य सुमति द्विजकन तिमिले मार्‍यौ त यसै सुमतिका वंसका द्विजहातबाट तम्रो सिर छिन्न होइजावस् भनि श्राप दिया ।। हे मुने सोहि कारण तिम्रा हातवाट यस्तो हुन गयाको हो यसमा केहि सन्देह मान्नु पर्दैन अव यस थानमा छिन्नसिर मै वास गरूंला मेरा पुजाहारि भै, मलाई अर्चन गर भनि अन्तर्ध्यान भया ।।

इनै गरुडनारायणका प्रभाव गरुडले नाग लैजांदा नेपाल भूमिका मनुष्यकन दृष्टि गराई लैजान्छन् भनि भन्दछन् ।। चण्डदानवसङ्ग युद्ध हुंदा श्री नारायबाट सुमति नाम व्राह्मण सस्त्र अस्त्र विद्या जान्याकन जुद्धमा मार्दा सुक्राचार्यले नारायणकन श्राप दिया र अच्युतकन ब्रह्महत्या लाग्यापछि इन्द्रादि देवताकन चंड दैत्य वहुतै रिशाइ दुःख दिया र देवताहरू ब्रह्माका सरणमा जांदा देवताहरूका दुःख देषि कृपा गरि उपदेश दिंदा भया ।। हे देव, श्लेष्मान्तक वनका पुर्व भागमा रक्तचन्दनका वनदेवी चम्पा-वृक्षमा रह्याकी छन् तनका सरणमा जाउ र तिमिहरूको जय होला भन्या उपदेश पाया र देवताहरू पहिले वाग्मतिमा स्नान गरि श्रीपशुपतिप्रभुको दर्शन गऱ्या ।। गुह्येश्वरी, गोकर्णेश्वर, वज्रयोगिनी, डोलागिरि विषे गरुडनारायण, वागीश्वर यति देवताहरूको दर्शन गरि चांडै जगदंविका शरणमा जाई स्तुति गरि रहंदा भया र चम्पकवृक्षबाट प्रगट भइन् ।। सवैले दर्शन पाई पूजा मान्य स्तुति गर्दा इश्वरि सन्तुष्ट हुंदा उसै वषत कोलाहल शव्द भयो ।। देवताहरू देवीका सरणमा गया भन्या षवर नारदले चंडदैत्यलाई षवर कहन जांदा चण्डले दैत्य जम्मा गरि आइपुग्यो र देवताहरूले इश्वरिका चरणमा शरण गरि तांहां रहन नसकी इन्द्रादि देवता मयूर हंस आदि नाना-पक्षि स्वरूपमा प्रवेश गरि लुकीरहंदा भया ।। भगवती पनि चम्पकवृक्षका अन्तरमा प्रवेश गर्दि भइन् ।। चंडदैत्य सैन्यसहित गरि चम्पकवृक्ष समीप पुग्दा देवताहरू कोहि देषियेनन् र षड्गले चम्पकवृक्षमा प्रहार गऱ्यो र इश्वरि प्रकट हुंदिभइन ।। अष्टभुजामा आयुधले सहित कोटि सूर्यसमप्रभा गरि सिंह चढयाकी महादेवीकन दैत्यले अत्यन्त सुन्दरी देषि शस्त्रादिको प्रहार नगरि अति सुन्दरी नारि हुँन् भन्या वुद्धि गरि रह्याको दानवलाई देषि हुँकार गर्दिभइन् ।। तहापछि महाघोर संग्राम भयो ।। चण्डदैत्यले केहि प्रकारसङ्ग पनि देविलाइ जय गर्न नसकी आफु वलहीन भयाको देषि केहि प्रश्न गर्न लाग्यो ।। हे देवि तिमिकन मैले देवताहरूकन अनुग्रहनिमित्त वस्याकी मैले जान्या ।। तव जाहांसम्म स्नान गरि शिवलिङ्ग स्थापना गरि नसकंज्याल तिमिले मसङ्ग युद्ध नगर्नु भनि जुद्ध थामि शिवलिंग स्थापना गरि चंडेश्वर भनि नाम राषि सक्याप्रान्त फेरि युद्ध गर्दा दानवले प्रहार गऱ्याको शस्त्र-हरू व्यर्थ हुंदा चण्डदैत्य वहुतै रिसाई मुष्ठि वांधि जाइ-लाग्यो ।। आफुमाथि आईलाग्याको देषि देवताहरूको दुर्जय परमशत्रु भयाको दानवलाई त्रिशूलले हृदयमा भेदी पृथ्वीमा लोटाउंदिभइन् ।। पृथ्वी जल वायु सुस्थिर संग वहंदाभया । शिवलिंग स्थापना गऱ्याका पुण्यले चण्डदैत्यका देहदेषि तेजरूप निस्कि देवीका सरीरमा लीन भयो ।। एस्ता तरहसंग चंडासुर वध गरि भक्तकन हित निमित्त तहिं विराजमान हुंदिभइन् ।। चंडासुरवध गऱ्याको वैशाषका पूर्णमाको दिनमा हो यसै माहापर्वकादिन चंडेश्वरिका जात्रा गरि जसले दर्सन गर्ला तसकन स्वर्ग प्राप्त होला ।। चण्डा-सुरलाई वध गऱ्याको देषि देवताहरू अतिहर्षमान भै पछि रूप छाडि आई चंडेश्वरिकन नानाविध पूजा गऱ्या ।। इश्वरि तहिं विराजमान हुन्या छन् भनि जानि यो परम दुर्लभ क्षेत्र भनि इन्द्रादि देवताहरूले आफ्ना आफ्ना नामले गरि इंद्रेश्वरि प्रभृति सिवलिंग स्थापना गरि महात्मे बढाई देवताहरू स्वस्थानमा जांदा भया ।।

वाल्मीकी नामा मुनिले रामायण कथाहा वनाउन निश्चय गरि नारद मुनिसंग प्रश्न गर्दा भया ।। कुन स्थानमा वसि काव्य कार्य गर्न उत्तम छ, कुन स्थानमा वाग्विभुति वृद्धि मनको स्थिरता हुन्छ, ताहां जाई रामायण नाम काव्य वनाउंदा हुँ भन्दा नारद मुनिले आज्ञा गर्छन्–हे मुनि सुन, नेपाल क्षेत्र विषे दोलागिरिका आग्नेय भागमा विरा भद्रा नदिका संगममा अतिरमनीय स्थल छ ।। तेसै स्थानमा जाई रामायण नाम काव्य लोककन गतिदायक ग्रन्थ वनाया वढियाहोला भन्या उपदेश पाई स्वस्थानमा जाई ग्रन्थ वनाउंदा भया ।।

अघि रामचन्द्रबाट सागर पार गर्दा सेतुवन्धनलाई लग्याको पर्वत यहि विर भद्रा सङ्गममा पुगी विश्राम गरि जलपान गरि शिवलिंग स्थापना गरि हनुमान शिघ्रले गरि जांदाभया र हनुमत्तिर्थ भनि वडो उत्तम फलदायक भै प्रष्यात हुन गयो ।। यसै क्षेत्रमा वसि रामायण काव्य सम्पूर्ण गरि विधिपूर्वक वाल्मीकेश्वर भनि शिव स्थापना गऱ्या ।। आषाढ पूर्णमासीका दिन जसले वाल्मीकेश्वरको

दर्शन भक्ति युक्त गर्ला अक्षय स्वर्गवास होला ।। पंचासत् पीठ मध्ये नेपाल भूमिका उद्यान नाम पीठमा सतीदेवीका पृष्ठका अस्थिपातको स्थानमा त्रिपुरसुन्दरी नाम गर्‍याकी देवी संसुष्कोदरि नाम योगिनी भैरवेश्वर नाम शिवलिंग उत्पत्ति भै मनुष्यकन मोक्ष दिन्या स्थान भै गया ।। यसै पिठमा तीलमाधव भनी प्रष्यात हुनगया ।

एक धर्मदत्त नाम वनियां सदैं वस्तु वोकी ग्राम ग्राम डुली वेच्दथ्यो ।। एक दीन मकरशक्रांतिका दीन उद्यान पीठ आई वसि तिल वेचन लागिरह्याको थियो ।। तिल वेचदा २ धेरै मानिसले किनि लैजादा पनि अक्षय तील भै रहंदा वडो आश्चर्य मानि तिलको रास पनसाई हेर्दा नारायणका मूर्तिकन देषि वारं वार दर्शन गर्दा तेस वनियां माधव विषे लिन भै गया ।। ताहाप्रांत्त तीलमाधव भनि प्रख्यात हुनगयो ।। मकरसंक्रातिका दिन जसले तील-माधवकन गोदुग्ध चढाई दर्शन गर्ला तसको मनोरथ पूर्ण होला । इ तिलमाधव भक्तपूरका हुन् ।।

पुर्वकालमा श्रीपशुपतिनाथकन'ब्रह्मा विष्णु रुद्रादीहरूले नदेषि षोजि हिंडदा समय श्लेष्मांतक वन विषे यकलै येक कन्या वस्याकी देषि वहां गै सोधनी गर्दा पार्वति भनि चिह्नी भुवनका ईश्वर कहिं पनि देषियेन विना सम्भुले जगत्को सोभा छैन ।। व्रह्मा विष्णु इन्द्रले अवस्य तिमि-लाई थाहा होला तिमिदेषी टाढा हुवैन भनि विन्ति गर्दा पार्वति आज्ञा गर्छिन्– वाग्मतीका पश्चिम भागमा मृगरूप धरि हर हरिनसंग वसि क्रिडा गर्छन् भन्न्या उपदेश पाई उहि स्थानमा जाई विचार गरि हेर्दा मृगरूपधारि विराज-मान गर्नुभयाका हरकन देषि देषनै वित्तिकै ब्रह्मा विष्णु इन्द्र तिनै जना चांडै जाई मृगका शृंगकन वलसंग समात्दा भया र सिङ तिन टुक्रा भै तिनैका हस्तमा पर्‍या । ताहा पछि हरिणेश्वर जो छन् उफ्री अन्तरिक्ष जांदा भया ।। व्रह्मा विष्णु इंद्रादि प्रभृतिले नानाप्रकारसंग स्तुति गर्दा हरिणेश्वर प्रसन्न भै एस्ता वचनले आग्या गर्दा भया– मेरा मायारूपकन तिमिहरूले पायौ ।। स्वर्गमा आउनको मेरा इक्षा छैन पर्वतराज हिमालयका कुक्षिमा रह्याको ऐस् क्षेत्रमा वाग्मतिका जल थुनि जलले पूर्ण भै नागह्रद भनि नाम प्रख्यात हुन्या छ ।। लोककन दुर्गम भयाका नाना-वृक्षले पूर्ण भै स्वभायमान भै रह्याको तेस थानमा म जाई वास गर्न्याछु ।। पछिवाट व्रह्मादेषिन् वर पायाका वाणका-पुत्र महिद्रदमन आदि दैत्यहरूले तपका वलले ३०००० तिस हजार वर्ष प्रमाणसम्म भोग गर्न्या छ ।। सुप्रभा नगरमा राज्य गरिरहंदा समय प्रभावती हर्न गर्न निमित्त कृष्णपुत्र प्रद्युन्न आई दैत्यलाई वध गर्न्या छ । श्रीकृष्णका वाहुले चक्र प्रहार गरि सेतु विदारण गर्न्याउप्रान्त वाग्मती सुस्थिरसंग वहि जान्याछन् केहि कालपछि मेरा ज्योति लिङ्गमाथी स्थापना गर्‍याका शिलास्वरूपमाथी सुरभी गाईले दुदको धारा चढाउंदा वाग्मतीतीर षनि हेरदा मेरा चतुर्वक्र मुर्ति प्रगट हुन्या छ ।। ताहापछि किराती नाम गर्‍याका धर्मदेषि रहित भयाका म्लेक्षले राज गर्न्या छ ।। तेस किरातिकन विसाल कुलका क्षेत्री सुर्यवंशका राजाले किरातकन जिति व्राह्मणका हस्तले गरिकन प्रतिष्ठा गरि पूजामान्य गर्न्या छ ।। तेसैको राज्य पर्ज्यायमा वाहिर देश-बाट वोलाई नितिप्रमाण प्रजाकन प्रतिपाल धर्मका स्थिति हुन्या छ । यसैका बंशमा शिशुपालको अवतारले भक्तवर्मण भनि जन्मी जगतमा ठुलो किर्ती निति चलाउन्ला ।। धर्मका स्थिति नानाप्रकारसंग गर्ला भनि पञ्चतीर्थका महात्म र पछि हुन्या भविष्य वार्ता र वागमतीका पञ्चतीर्थको महात्म्य सुनाउँदा भया ।। फेरि प्रथम गणले युक्त भै एस वनमा मृगरूप धारणा गरी क्रीडा गर्नको मेरा इछा पुग्याको छैन जाहांजाहां मृगरूप धारणा गरि मृगस्थली प्रभृती स्थान सोभा रहन्छ ताहां ताहां पुन्य भूमि भनि जान ।। मार्ग कृष्ण चनुर्दशी मेरा पृय तीर्थमा व्रृहीछेपन गरि परिक्रम जो गर्ला तसकन परमोत्तम फल प्राप्त होला भनि आज्ञा प्रसन्न हुंदा व्रह्माले अंजलि जोरि विन्ति गर्द-छन् –हे हरणेश्वर हामीहरूका हस्तमा रह्याका शृंगकन कसो गर्न्या हो भनि विन्ति गर्दा, अन्तरिक्षमा विराजमान भयाका परमेश्वरबाट आज्ञा गर्दछन्–हे ? ब्रह्मा विष्णु इन्द्र तिमिहरूका हस्तका मेरा शृंगकन ब्रह्माले आफना हातको शृंग वाग्मति र चन्द्रभागा नदीका तीरमा स्थापना गर्नु गोकर्णेश्वर भनि प्रख्यात हुन्याछ ।। विष्णुले पातालमा स्थापना गर्नु शृंगेश्वर भनि प्रष्यात हुन्याछ ।। इन्द्रले अमरावतीमा लैगी स्थापना गर्नु ।। पछिवाट दानवले हरण गरि लग्यापछि भुमिमा राष्याको स्थानमा लिप्त भै उठाउन नसकदा तेस स्थानमा मेरा शृंग हरणले दक्षिण गोकर्ण भनी प्रष्यात हुन्याछ ।। एति आज्ञा प्रसन्न भै अन्तरध्यान हुंदाभया ।। ताहांउप्रान्त व्रह्मा विष्णु इन्द्रबाट श्रीहरिणेश्वरीका आज्ञा प्रमाण स्थापना गरि स्वस्वस्थानमा जाइ रहंदाभया ।।

केहि कालपछि विश्रवा मुनिका बिर्यले नै, राक्षसीका गर्भबाट जन्म्याका दशग्रीव रावण भाई कुम्भकर्ण विभीषण सहित वावुदेषिन् उपदेश पाइ उत्तर गोकर्णेश्वरमा आइ रावणले आफ्ना सिर छेदन गर्दै घृतमा डुवांउदै जज्ञमा होम्दै यस्तो उग्र तप गर्दा प्रसन्न गराई व्रह्माका मुखबाट

दुर्लभ भयाको वर पाया ।। तहापछि पृथक् मातृका आफ्ना दाज्यू कुवेरसंग जाई जुद्ध गऱ्या ।। जुद्धमा जिति पुष्पक विमान हरण गरि लङ्का लग्या ।। फेरि पृथ्वीकन पनि जित्या, पातालकन पनि जिति अमरावति जाई इन्द्रसंग युद्ध गर्दा रावणका पुत्र मेघनादका मायावलले देवताहरूकन जिति हरिणेश्वरका शृंग स्थापना गरि राष्याका शिवलिंगकन उषेली रावणले ल्याउंदा बाटामा सांझ पऱ्यो र संध्या गर्न निमित्त भैंमा छाडि संध्या गरिसकी शिवलिंग उठाउन षोजदा पृथ्वीमा मिलिजानाले उषेलन नसकी हार मानि ताहीं छाडि लङ्का गया ।। तेहि शिवलिंग विराजमान भयाका स्थानमा दक्षिण गोदावरी भनि प्रष्यात भै गया ।।

**अव वागमतिको महात्मे संक्षेपले गरि कहिन्छ ।।** मुलशक्तिदेषिन् भयाकी संभुका मुषद्वारदेषिन् प्रगट भै प्रवाह भयाकी सत्य युगको अन्तमा त्रेता युगको आदिमा प्रकट भयाकी जलरूपी शिवगङ्गा व्रह्मसरस्वती वागमती गङ्गा हुन् ।। देवासुर मनुष्यले सेवन गऱ्याका वारानसीमा मरण भयाकाले जो फल पाउंछन् सो फल वाग्मतीमा हरिवासरका दिनमा भक्तिजुक्त एक वार स्नान गर्न्याले पाउंछ ।। इनै वाग्मतीका संगमा गोकर्ण सुलांगगति तीर्थ भन्छन् ।। पशुपतिका जलहरिको निर्माल्यले जाई मिलन्या स्थान छ ।। आर्याघाट सङ्गममा व्रह्मोदयतीर्थ आर्य्यदिविले तर्पण गर्नाले आर्यघाट भनि प्रष्यात भया ।। तहिं जलेश्वर रह्याका छन् ।। मनमती र वाग्मतीका सङ्गम पातालगंगा भोगवती प्रगट हुन्छन् ।। तसकन रुद्रधारा भनि भन्दछन् ।। वाग्मती र विष्णुमतीका संगमा पंचनंद तीर्थ भनि भन्दछन् ।। वाग्मती र प्रभावतीका सङ्गम प्रमोद तीर्थ भनि भन्दछन् ।। इ पांच तीर्थ परमोत्तम छन् ।। चन्द्रभागादेषिन् प्रभावती सङ्गमसम्मलाई पंचक्रोसि उत्तरकाशी भनि प्रष्यात भयाका छन् ।। व्रह्माले मणिचूड पर्वतमाथी ह्रद वनाई मणिमय लिंगकन स्थापना गरि महादेव आवहन गर्दा महेश्वर प्रसन्न भै दर्शन दिंदा हरका शिरोमणिबाट प्रवाह हुनाले मणिमति गङ्गा भनि प्रष्यात भै भुक्तिमुक्तिदायक भै गया ।।

कोहि कालमा नागराजा वासुकीकन गरुडले समाति ल्याउंदा गरुडका हातबाट उम्की वाग्मती जलमा दवी श्रीपशुपतीका सरणमा गई मनसा वाचा कर्मणाले यकत्र भक्ति गरि सहस्र वर्षसम्म तपस्या गर्दा श्रीपरमेश्वर पशुपतिनाथ प्रसन्न भै आज्ञाप्रसन्न हुंदाभया ।। यस क्षेत्रमा रहि मेरा द्वारको र निधिको रक्षा गर ।। प्रथम तिमिलाई नमस्कार नगरि मेरा दर्शन गरोस् तसकन निस्फल हवस् भन्न्या वरदान पाई इशान भागमा वास गरि रहदा वासुकीक्षेत्र भनि नेपालमा प्रष्यात हुनगयो ।। सिद्धाचलका दक्षिणभागमा श्लेष्मान्तक नाम नाग रह्याका थिया तनकन पनि गरुडले समाति लैजांदा इश्वरीका संस्मरणले उम्की गरुडका भय नहोस् भनि एकचित्त गरि श्रीपशुपतिनाथका तपस्या गरि रहंदा ईश्वरी प्रसन्न भै वरदान दीदाभया —हे श्लेष्मान्तक वासुकीका संगि भै यसै स्थानमा वस पछिबाट तेरा नाम गरि श्लेष्मान्तक भनि संसारमा प्रष्यात होला भन्न्या वर पाई रह्याका छन् ।।

श्वेतकापुरी नाम नगरीमा सुर्यकेतु राजा थिया ।। मिथिलाका अधिपति हंसध्वज नाम राजा वलवान् पराक्रमि थिया र सुर्यकेतुसंग जुद्ध गरि श्वेतकापुरीबाट निकाल्यापछि दुःखीत भै वसिरह्याका थिया ।। एक दीन नारदसंग भेट भयो र उनसंग अव मैले कुन स्थानमा वस्न्याहो भनि आफ्नु दुःख सव विंति गर्दा नारद आज्ञा गर्दछन्,—हे नृप सुन, मृगेन्द्रसिषर नाम शिवपुरि पर्वत जहांबाट वाग्मती प्रकट भयाकी छन् तहीं जाइ वास गर, पछि श्रीकृष्णका अनुग्रह पाई फेरि आफ्नु राज्य हातलाग्न्या छ; सदेह उद्धार होला भन्या नारददेषिन् उपदेश पाई पुत्री चंद्रावती भार्यासहीत वाग्मती प्रकट भयाका पर्वतमा गई वास गर्दा भया ।। केहि दीनपछि सुक्रका उपदेशले रुद्रधारोदयतीर्थमा वसी वाणपुत्र महिन्द्रदमन नाम दैत्य र संखासुर दैत्यले महादेवको आराधना गरि तपस्या गर्दा वरप्रसाद पाई इन्द्रसङ्ग स्वर्गमा जाई शंखासुर कक्षपासुर दुर्धर्षभाई प्रभृती सैन्यसहित जाई महासंग्राम गरि रणभूमिमा इन्द्रकन जिति धपाउदा इन्द्रकन दमन गऱ्यां भन्ना निमित्त महिन्द्रदमन भनि नाम प्रष्यात हुन गयो ।। देवताकन जिति अमरावतीविषे प्रवेश गर्दा तसै क्षणमा पितामह व्रह्मा शक्रपुरीमा आइ आज्ञा गर्दा भया —हे महेन्द्रदमन, मेरा वचन मान क्या भन्या तिमि जहा नवस, सुप्रभामा जाइ वस, त्रैलोक्यका रत्नादि विरभोग पुऱ्याइदिउंला भनि अनेक प्रकारसंग बुझाउंदा महेन्द्रदमन बुझी नेपालका सुप्रभा नाम नगरि अति रमणिय स्थानमा दानवहरूले सहित भै गै वास गऱ्या ।। व्रह्माका अनुग्रहले इन्द्रलाई वोलाई आज्ञा गऱ्या—महिन्द्रदमन दैत्यलाई कृष्णका पुत्र प्रद्युम्नले मार्न्याछन् ।। अर्काको हस्तले तसको मरण छैन भनि आज्ञा गर्दा इन्द्र मनमा वैराग्य मानि अमरावतिमा प्रवेश गर्दाभया ।।

बाणासुर दैत्यका पुत्र महिन्द्रदमनका वहिनि प्रभावती नाम गऱ्याकी अतिसुन्दरी थिइन् ।। ति पूर्वकालमा उत्तरा-

पन्थ विषे महादेवले तपस्या गरि रहंदा समय कामदेव जाइ पुष्पवाण प्रहार गरि महादेवकन समाधिदेषिन् जागर्त गराउंदा महादेवका नेत्रले दृष्टि हुंदा कामदेव भस्म भै गया र सतीदेवीले आफ्ना पुरुष भस्म भयाको देषि महादेव-संग वहुतै प्रकारसंग रोइ विन्ति गर्दा कृपानिधिबाट द्वापरान्त युगमा तिमिहरूको फेरि विवाह होला भनि आज्ञाप्रसन्न भयाको थियो र ति महिन्द्रदमनका वैह्नि भै रह्याकी थिइन् ।। तिनले वत्सलादेवीका सेवा गऱ्या र पार्वतीदेवी प्रसन्न भै रह्याकी थिइन् ।। वर दिंदी भयीन्– हे प्रभावती तेरा वांछा पूर्ण हुन्याछ ।। तेरा चित्तमा रह्याको मैले थाहा पायां ।। कृष्णका पुत्र प्रद्युम्न निश्चयले तेरा पुरुस हुंन्याछन् भनि अन्तर्ध्यान पुर्दी भइन् ।। प्रभावतीले यति वरप्रशाद पाई वन्दना गिरिका माथी सुप्रभा पुरिमा गइन् ।। ताहापछि मृगेन्द्रशिषरवाट प्रगट भयाकी वाग्मतीकन थुनी नेपाल क्षेत्रका श्लेष्मान्तक वनकन ह्रद गरी नानाकमल कुमुद उत्पल उत्पन्न गराई ठूलो तलाउ वनाइ सुप्रभा नदीमा परम दुर्जय दानव महिन्द्रदमन वस्याको देषी सुर्यकेतु राजले आफुसंगका रत्नादीहरू दी मानी षुसी गराइ निर्भयसंग वस्याका थिया ।।

एक दीन महेन्द्रदमनका सेवक मृगेंद्रसिषर्मा जांदा सुर्ज्यकेतुका पुत्री अतिसुन्दरी चन्द्रावतीकन देषि चांडै आइ महेन्द्रदमनकन कह्यो–हे दानवेन्द्र, आज मैले स्त्रीरत्नमध्ये गनीयाकी अतिसुन्दरी सुर्यकेतुका पुत्रीकन देष्यां ।। हजूरका योग्यकि छन् ।। यस पृथ्वीमा अरूका योग्य छैनन् भनी विन्ति गर्दा महिन्द्रदमनले दूतकन अह्राई चन्द्रावतीकन माग्न पठाया ।। त्यो दूत जाई सुर्यकेतु राजासंग वाणका पुत्र महिन्द्रदमन नाम राजा शम्भुका प्रसादले सम्पूर्ण भाग्य भोग्यले जुक्तभयाकाले तिम्रि पुत्रि मागन पठाया भन्दा मनमा डराइ विचार गरि भन्दछन्– महिन्द्रदमन राजा त्रैलोक्यका अधिपति हुन् ।। तिनले यदि मेरि पुत्री माग्न पठाया त म जतिको धन्न्य को होला ।। चन्द्रावती सुन्दरी मेरी पुत्रीका विवाहका समयमा क्या भाग्य छ सो होला ।। उनको आज्ञा लंघन गर्न सक्न्या म होइन क्या होला भन्दा दूत षूसि भै फर्कि महिन्द्रदमनसंग विन्ति गर्न गयो ।। ताहापछि सुर्यकेतु राजा दुःखित भै मनमा चिन्तना गर्न लाग्या ।। कष्टमाथी कष्ट आइलाग्यो ।। अव मैले कसो गर्न्याहो, शत्रुले निकाल्दा श्वेतकापूरि त्यागि आहां वसिरह्याछु आहां वसि पनी पुत्री दि दैत्यलाई मान्नुपर्‍यो ।। मृगेन्द्रसिषरमा पनि मलाई वास भयेन भनि चिन्तना गर्न लागिरह्याका थिया ।। उस्तै विचमा नारदमुनी आइपुग्या र पुजा मान्न्य गरि विन्ति गऱ्या– महिन्द्रदमन दैत्यले मेरी पुत्री माग्न पठायो ।। कस्तातरहसंग मैले यो कुरो थामनु ।। हे मुनीपुंगव, केहि उपकार भया गरिदिनुहवस् भनि विन्ति गर्दा नारदमुनि आज्ञा गर्दछन्–हे सुर्यकेतु, तिमि संका नगर ।। चन्द्रावति तिम्रि पुत्री प्रद्युम्नलाई दिउंला ।। म द्वारका जाई कृष्णसंग विंति गरुंला, भय मान्नु पर्दैन भनि भरोसा दी आकाशमार्गले गरि जांदा चन्दनागिरिका माथी पुग्दा दैत्यकन्या प्रभावतीकन देष्या र वाहां गया ।। प्रभावतीले नारदकन देषि क्या कारण आउनुभयो भनि विन्ति गर्दा हे सुन्दरी तिमिले अघि प्रद्युम्न पुरुष पाउन्या छ भन्या वर पायाकी छौ ।। अज्ञसम्म भयाको छैन ।। कृष्णनन्दनकन सूर्यकेतु राजाकी पुत्री परमसुन्दरी छन्, प्रद्युम्नलाई कल्पीत गऱ्याको छ ।। द्वारकाबाट आउन्या छन् ।। उसै वषत प्रद्युम्नसंग तम्रो पनि विवाह होला भन्दा प्रभावती भन्न लागिन्– सर्वज्ञ तिमि छौ शंखासुर कक्षपासुरले वाग्मतिद्वार वन्ध गरि रह्याका छन् दाज्यू मेरा वडो सामर्थी छन्, आहां प्रद्युम्न कस्ता तरहले आउनन् । फेरि नारद भन्दछन्–जुन कुरो तिमिले भन्यौ सो कुराको संका नगर सत्यले गरि पुग्न्या छ, तिमि सुप्रभामा जाइ येसै स्थानमा वसिरह्या तम्रा दाज्यूको भय छैन भनि नारद द्वारका जांदाभया ।।

जब कृष्णका सभामा पुग्याथ्या श्रेष्टाचार गरि श्री कृष्ण आज्ञा गर्दछन्– क्या कारण आउनुभयो भनी आज्ञा हुंदा नारद विन्ति गर्दछन् –हे गोविन्द, हंसध्वजका भयले सुर्यकेतु नाम राजा श्वेतकापूरि त्याग गरि मृगेंद्रशिषरमा गै वस्याका छन् ।। तन्की पुत्री चन्द्रावति प्रद्युम्नलाई कल्पीत गऱ्याको छ ।। महिन्द्रदमनका वहिनी प्रभावति-लाई पनि प्रद्युम्न पुरुष पाउला भनि पार्वतीबाट वर वक्स्याको छ ।। तम्रा पुत्रले महिन्द्रदमनलाई मार्न सक्न्याछन् ।। एसमा विचार चाहिंदैन भनि भन्दा श्री कृष्ण आज्ञा गर्दछन्– केहि गरि दुर्जय दैत्यलाई प्रद्युम्नले मार्न नसक्या कस्ता तरहले विवाह होला ।। म गयादेषिन् वध होला कि भनि सोधनुहुंदा मुनि भन्छन्– महिन्द्र-दमन तम्रा हातले वंध छैन, प्रद्युम्नका हस्तबाट मात्रै वध हुन्याछ ।। यो कुरा मैले व्रह्मादेषिन् सुन्याको छ भनि महिन्द्रदमनले इन्द्रलाई जय गऱ्याको, व्रह्माबाट आज्ञा भयाको सव विस्तार कहि आज म र प्रद्युम्न सुप्रभामा जान्छौं ।। प्रातकालमा आफु आउनुहोला भनि विन्ति गरि प्रद्युम्न र नारदमुनी गरुडमा सवार भै चांडै चन्दनशैलमा प्राप्त हुदाभया ।। जाहां प्रभावती नाना कुसुम नानावृक्षले

शोभायमान भै रह्याका विचित्र मंडपमा सुति रह्याकी थिइन् ।। ति सुप्रभावती जागी चन्द्रमाकन आकाशमा देषि प्रद्युम्नसंगको पृथ्वीको अभिलाषले कामवाणले पिडा भयाकी प्रभावतिले नानातरहसंग चिन्तना गरिरह्याकी थिइन् ।।

यस्तै समयमा आकाशमार्गले गरि प्रद्युम्नसहित मुनि आया ।। विणा हातमा लि आयाका देषि उठि प्रणाम गरिन् ।। प्रभावतीकन नारदमुनि भन्दछन्– मैले तिमिलाई पनि हरिका सुत ली आइपुग्यां ।। गिजारिका वर प्रभावले पायौ ।। अव सौंदर्य्यगृहमा हिंड, गांधर्वविवाह गरौली, तंम्रो मनोरथ पुगन्याछ ।। यति वचन मुनिको सुनी प्रभावती हात जोरि विन्ति गर्दछिन्– हे मुनि मेरा इछा तिमिलाई थाहै छ ।। महेन्द्रदमन मेरा दाज्यू वडा वलवान छन् ।। इन्द्रकन पनि जित्या भन्या सुकुमाराङ्ग भर्षर जोभन प्राप्त भयाका मेरा दाज्यूले यो कुरा सुन्यापछि करता तरहसंग स्वस्ति होला भन्दा मुनि भन्छन्– तिमि सन्देह नमान ।। तम्रा दाज्यूको भय नमान ।। इनले दुर्जय दानव कालसम्मलाई पनि मान्या ।। महिन्द्रदमनलाई पनि इनैले मार्न्याछन् ।। भोलि ठुलो युद्ध हुन्याछ ।। तम्रा ससुरा हुन्या गरुडासन श्री कृष्ण प्रद्युम्नका सहायनिमित्त आउन्याछन् ।। ताहांपछि दुर्जय देवकंटकलाई मारि चन्द्रावतिको पनि विवाह होला ।। तिमि पनि द्वारिकापुरि जाइ पतिका संग देवताकन पनि दुर्लभ भयाका नानाविधि भोग गरौली ।।

इति वाक्य नारदको सुनी फेरि प्रभावति भन्दछिन्– पतिका कारण मेरा दाज्यूलाई यदि मारुंला त ममात्र जिइ सुष पाइ क्या हुन्छ, प्रद्युम्न पतिमध्ये उत्तम छन् ।। एस कार्यले मलाई अकीर्ति लोकमा हुन्याछ ।। प्रभावतीले पुरुसका कारण दाज्यूलाई वंध गराई भन्या अपवाद लागन्याछ भन्या यो कुरो म इछा गर्दिन भनिन् ।। एति वाक्य सुनि नारद आज्ञा गर्दछन्– एस कुरामा विषाद नगर ।। देवीबाट वर पायाकी छौ ।। पित्रीकुलभन्दा पुरुसका कुलमा वरस्त्रिहरू प्रिति राष्दछन् ।। भवितव्य हुन्या कुरो होइजाइनछ ।। अरू कुरा प्रयास गर्नुमात्र छ ।। एस प्रकारले सोचना नगर ।। प्रद्युम्न पति पाउन्या भावि तम्रो छ ।। महिन्द्रदमन दैत्यलाई अवस्य इनले मार्न्याछन् ।। यति वुझी तिमि विषाद छोड म मृगेन्द्र सिषरमा ज्ञान्छु ।। प्रात कालमा आउंला भनि सुर्यकेतु राजा वस्याका ठाउंमा जांदाभया ।। मुनि गयापछि प्रद्युम्नकन आफ्ना विछाउनामा वोलाई राष्या। ताहांपछि प्रभावती लज्जा मानि केहि बोलिनन् ।। वरमध्ये उत्तम भयाका प्रद्युम्नले तम्रा रूपको वर्णन् नारदका मुषबाट सुन्यादेषि मलाई निद्रा पऱ्याको छैन ।। तिमिमाथी मेरा चित्त रहन गयो भनि परस्पर नाना संवाद गरि अति प्रीति वृधी हुन जांदा फुलका माला लि त्रिप्रदक्षिणा गरि पुरुषकन वरि गांधर्व विवाह भयापछि प्रभावतिकन काषमा राषि नानातरहका श्रृंगार लिला प्रीतिवृद्धि हुन्या कुरो गरि परमानंदसित विहार गर्दाभया ।।

जव चन्द्रमा अस्त भया नारदमुनि आइपुग्या र प्रद्युम्न भन्दछन्– कस्ता तरहसंग दुर्जय भयाका दानवहरूकन जय गर्न्या हो भनि सोद्धा नारद भन्दछन्–लोकपालादिले रक्षा गरिराष्याका तिनै लोककन जितन्या हुन् त पनि मैले व्रह्माका मुषबाट सुन्याको छ– तम्रै हस्तबाट उसको मरण छ ।। उनको वचन वीपरीत हुन्या छैन भन्दा प्रद्युम्न जुद्ध गर्न इङ्गीकार गर्दाभया ।। प्रभावतीदेवीले पनि पुरुसका जय निमित्त मङ्गल चित्त गर्दाभया ।। ताहांपछि नारदले तम्रा पिता भगवान् श्री कृष्ण पनि शंख चक्र गदाधारि गरुडमा सवार भै इन्द्रादि गणले सहित भै आउन्या छन् ।। शंषासूर नामा दानव अतिगम्भीर स्वर भयाकोले सेतु रक्षा गरिरहन्या दारव देवकंटक भयाको यस्ताकन मारि इन्द्रादि देवताको मनोरथ पुऱ्याउ भन्न्या नारदका वाक्य सुनि रुकमणिका पुत्र संषालय गिरिमा गया ।। वाहा द्वारमा थुनिरहन्यालाई लात मान्या र संषासुर निस्की कसका आज्ञाले इन्द्रादि देवतालाई पनि अगम्य भयाको सेतु रक्षा गर्न्या ममाथि क्या जानि आइथिइस भनि क्रोध गरि जाइलाग्दा वाहुयुद्ध भयो ।। परन्तु संषासुरलाई भुमिमा पछारि उदरमाथि टेकी कुल्चि मार्दा पिडा दिंदा करायाको शब्द सुनि जलभित्र रह्याका कक्षपासुरले थाहा पाई निस्कि पर्वताकार देह धारी शस्त्रादि ली गर्जमान गर्दा सैन्यहरू पनि थोरवहुत नाना शस्त्र ली जम्मा भया ।। सुप्रभाका सैन्य पनि आया ।। कक्षपासुर वहुतै क्रोध गरि द्वारमा वस्यो ।। महिन्द्रदमन पनि वहुतै रिसाई आयो र प्रद्युम्नले पनि रथमा चढदाभया ।। महिन्द्रदमन आयाको देषि प्रद्युम्नले युद्धको इक्षा गर्दा महिन्द्रदमन रिसाई भन्यो कसका आज्ञाले तैंले मेरा कक्षपमाथि चलन आइस् ।। कसको छोरा हो भन् भन्दा प्रद्युम्नले मधुर वाक्य गरि भन्न लाग्या– संषासुरलाई मारि जलमा वस्याको कक्षपलाई पनि मार्नाको इक्षा गर्न्या म हुँ ।। मेरा नाम प्रद्युम्न श्री कृष्णका पुत्र हुँ ।। तिमिहरूकन संहार गरि देवेन्द्रकन सुभ गराउन इक्षाले

आयाको हुँ ।। यति वचन सुनि महिन्द्रदमन रिसाई लाल नेत्र गरि भन्न लाग्यो– यदि केसवपुत्र तं होस् त मेरा हातमा परिस्, काहां जालास् ।। धेरै वर्ष भयो तंलाई धाइ धाइ रह्याको; आज भेट भयो ।। तंलाई रक्तको धारा वहाई रणभूमिमा नगिराई छाडिन्या छैन ।। सम्वरलाई मान्यादेखिको रिस् शान्त भयाको छैन भनि यति वचन गरि भन्याको सुनी फेरि प्रद्युम्न भन्दछन्– इन्द्रादि देवताका कण्टक तंलाई मारि चन्द्रावतीको विवाह निर्विघ्नसित गरुंला भनि युद्ध गर्न तयार हुंदाभया ।।

उस्तै वषतमा श्री कृष्ण शंख चक्र गदाधारि इन्द्रादी गण अपसरा गणले युक्त गरि गरुडमा सवार भै आइपुग्दा भया ।। इन्द्रादि देवताहरूले वहुतै षुसि भै प्रद्युम्नकन मान्य गऱ्या ।। महिन्द्रदमनले प्रद्युम्नका सहाय आई जम्मा भयाको देषि वहुतै क्रोध गरि नानातरहका उग्र उग्र शस्त्रले प्रद्युम्नकन प्रहार गऱ्या ।। प्रद्युम्नले पनि उसको शस्त्र सव व्यर्थ गरिदीया ।। परस्पर महायुद्ध भयो, दुवैपक्ष्यका धेरै सैन्य संहार भया ।। महिन्द्रदमनले आफ्ना सैन्य धेरै संहार भयाको देषि वहुतै रिसाई प्रद्युम्नकन नास गरूं भनि नागास्त्रले प्रहार गऱ्यो ।। कस्तो नागास्त्र भन्या विषाग्नी छादन्या अति अघोर नागास्त्रको वेदना सहन नसकि प्रद्युम्न मुर्छा हुंदाभया ।। तर क्षणमा गरुड जाई पषेटाले हांकि सितल गराई नागास्त्रको प्रहार निवारण गरिदिया ।। जरा उषेल्याका वृक्ष ढल्या झैं पृथ्वीमा लोटयाका प्रद्युम्नकन देषि नारदमुनि प्रद्युम्नका नजीक आई भन्न लाग्या ।। महिन्द्रदमनलाई मार्न उपाय सुन– पूर्वकालमा ब्रह्माले भन्याको छ ।। शस्त्र अस्त्रका प्रहारले कसै युद्ध गऱ्या पनि एसको मरण छैन ।। तसर्थ बेगसित जाई शिरमा मुष्टिले प्रहार गर भनि उपदेश दिदा प्रद्युम्नले नारदको वाक्य सुनी आफ्नु सव वल प्रकाश गरि वेगसित जाई बज्रसमान मुष्टिले शिरमा प्रहार गर्दा महिन्द्रदयन व्रज्रनाभ नाम भयाको इन्द्रको परमशत्रु भयाको दानवले वेदना सहन नसकि कापि पृथ्वीमा लोटयो ।। सर्वांग रक्त भयो ।। ताहांपछि सुप्रभाका सेष रह्याका दैत्यहरू महिन्द्रदमनलाई मान्याको देषि प्रद्युम्नका भयले भागि पातालमा गया ।। ताहापछि इन्द्रादि देवताहरू अत्यन्त हर्षमान भै पुष्पवृष्टि गरि जय शब्द गरि दुंदुभी आदि वाद्य नानामङ्गल गर्दा भया ।।

महादुर्जय दैत्यलाई वन्ध गरि जय शब्द गऱ्याको सुनि वाग्मतीदेवी नारिरूप धारि श्रीकृष्णका सन्मुष आई स्तुति गर्दी भइन् ।। हे ऋषिकेसव सर्व सामर्थले युक्त भयाका सेतुवन्ध षोलीवक्सनुहवस् ।। गङ्गा देषनकन वहुतै इछा मेरो भैरह्याको छ तम्रा प्रसादले यो होइसकदछ भनि विन्तिगरिन् ।। वागामतिको बचन सुनी षुसि भै सेतु चक्रले छेदन गरि मार्ग वनाइदिदा भया ।। सेतुवन्ध षोलीदियाको दक्षिन कछपासुर वहुतै रिसाई वाउं हातले डोलाचल पर्वत दाहिना हातले सोरणशृंग पर्वत उठाई फेरि सेतुवन्ध गर्न इच्छा गरि सैल दुई उठाउनकन जाई हल्लाउदा श्रीकृष्णबाट देषि वितोल पर्न लाग्यो भनि मन वेगले गरि जाई डोलाचलमा किलेश्वर सोर्णशृंगमा सोर्नेश्वर स्थापना गरि दुवै शृंग अचल गरिदिदा कक्षपासुरको जोर लागेन ।। चैत्र कृष्ण चतुर्दशीका दीन किलेश्वरकन जसले भक्तियुद्ध पूजामान्य गर्ला कैलासवास होला ।। शिवरात्रिका चतुर्दशीका दीन स्वर्णेश्वरकन भक्तियुक्त दीपमाला वाली मान्य गऱ्या भय निवारण होला ।। जौन इच्छाले भक्ति गर्ला स्व स्व कामना पूर्ण होला ।। कक्षपासुरले शृंग उठाउन नसकि अतिक्रोध गरि जाई प्रद्युम्नसंग वाहुयुद्ध गऱ्यो, महा जुद्ध भयो ।। तैपनि मार्न नसक्दा तस थानमा सिघ्रले गरि नारद जाई भन्न लाग्या ।। यस दुरात्माकन उत्तानो पारि यसको उदरमा रह्याका रत्न झीक भन्न्या रिषिका वचन सुनि वलले गरिकन उत्तानो पारि षड्गले चिरि रक्त झिक्या, तैपनि वहुतै रिसाई उफ्रि उफ्रि प्रद्युम्नकन त्रास दी वाचिरह्याको देषि नारदमुनि आई आज्ञा गऱ्या यो वीर दानव वाग्मतीका जलमा कक्ष्यप रूपले डुवीरह्याको हुनाले जलमा यसको मरण छैन, यसलाई गरुडले उचाली स्थलमा राषनलाउनु र चक्रले शिर छेदन गर्नु ।। यति वचन ऋषिको सुनी गरुडलाई अह्राई स्थलमा राषन लाया ।। ताहापछि आफ्ना पिता कृष्णका हातको चक्र मागी प्रद्युम्नले कक्षपासुरको शिरछेदन गरि मार्दाभया ।। ताहांपछी इन्द्रादि देवताहरू वहुतै षुसि भै प्रद्युम्नको महात्म्ये वढाई प्रसंसा गरि पुष्पवृष्टि दुदुंभि आदि नानावाद्य गर्दाभया ।।

ताहां उप्रान्त साझ पऱ्यो र तेस दीन कृष्णप्रभृती देवताहरूले तहीं वास गऱ्या ।। अति हर्षित भयाका नारदमुनि मृगेन्द्रशिषरमा सुर्जकेतु राजाका अग्रमा पुगी सव वृत्तान्त कथा कहंदाभया ।। हर्षमान भै वेहानपल्ट वीष्णुमति संघिका स्थलविषे चांडै मुनिसहित राजा गया ।। राजा सन्तुष्ट भयाको देषि नारद आज्ञा गर्दछन्–अँह्लेसम्म हामिहरू विष्णुको दर्शन वान्छा भयाका एहि छौ भन्दा राजा भन्दछन् श्रीकृष्णको दर्शन गर्न जाउंला, अरु पदार्थले चित्त शान्ति हुँदैन भन्ना निमित्त नारायणका प्रतिमा

वनायाको छ भन्दा नारदले धन्य विष्णुभक्त रह्याछौ, स्थापना गर । भोलि गोविन्द प्रद्युम्न भयाका स्थानमा जाउला भन्दा ताहापछी जलका मध्यमा पारि अनन्त-सयनासिन भगवान् नारायणकन स्थापना गऱ्या ।। ताहां जाई जसले भक्तीयुक्त दर्शन गर्ला वैकुण्ठवास होला ।। विष्णुको स्थापना गरि माहाउत्सवसंग विहानैं विमल जलमा स्नान गरि श्रीकृष्ण विराजमान भयाका स्थानमा जाई भूमिमा डंडवत् प्रणाम गरि स्तुति गरि श्रीकृष्णका चरणमा शीर राषि हात जोरि रह्या ।। सुर्यकेतुको भक्तिदेषि मधुसूदन प्रसन्न भै आज्ञा गर्दछन्— हे भक्त, तम्रा मनको जो अभिलाषा छ सो वर माग भन्नुहुंदा राजा विन्ति गर्दछन्— यदि ममाथि सन्तुष्ट हुनुभयो त मेरा साथ मृगेन्द्रसिषर पाउलागनुहवस् ।। प्रद्युम्नकन पुत्रि चन्द्रावती विवाह गरिदिन्छु ।। ताहापछि द्वारका पावलागनुहवस् भनि विन्ति गर्दा लौ भनी श्रीकृष्ण गरुडमा सवार भै पशुपतिनाथ विराजमान भयाका स्थानमा जांदाभया ।। पैह्ले वाग्मतिमा स्नान गरि सन्ध्या तर्पण गरि वच्छलाका दर्शन गरि श्री पशुपति प्रभुकन यथा-विधिले गरि पूजा गर्दाभया ।। प्रदक्षिणा गरि दक्षिण द्वारमा आई जय गर्दाभया ।। माधव आयाको षवर सुनी दोलागिरि रीष्याश्रमका वागीश्वर आदि स्थानका वेद वेदांग जान्या ति मुनि ब्राह्मणहरू पशुपतीका स्थानमा श्रीकृष्णको दर्शन गर्नको वान्छाले आया ।। ति मुनि ब्राह्मण-हरूकन देषि श्रीकृष्णबाट वारंवार नजर गरि अनेक दानादी गर्दाभया ।। ति मुनिहरू मध्ये वडो तेजस्वी तपी भयाका नेमुनिले दाहिना हात उठाई शास्त्रका शार वचन वोलदा भया ।। धन्य महाभाग्य ! हामिहरूको तप गऱ्याको फल आज पुग्यो ।। यकै स्थानमा हरिहरप्रभुको दर्शन पाई हामिहरू धन्य रह्याछौ भनि कृतार्थ चर्मचक्षुका हामि-हरूले साक्षात् हरिहर प्रभु पुराणपुरुष दुवैकन जुन हरि सो हर जो हर सो हरि हुन् ।। जसले एस्ता तरहसंग दर्शन पाउला वैष्णब सैव दुवैकन हरिहरको जो भेद भाव गर्दछन्, ति अधम पाषंडि वेददेषि वाहिरका हुन् ।। जस्तै गंगा र गौरिका भेद छैन, तस्तै शंकर र श्रीकृष्णको भेद छैन ।। यस्ता तरहसंग जौन दर्शन पाउँछ सो धन्य भन्नु कृतार्थ पनि होइजान्छ, यसमा शंशय छैन ।।

यति नेमुनिका वचन सुनी श्री पशुपतिनाथ प्रकट भै हरि हर दुवै विराजमान हुंदा भया ।। श्रीपशुपतिनाथ श्रीकृष्णका मुषकन देषि प्रसन्न भै आज्ञा गर्दाभया— मुनिगणमा श्रेष्ठमा श्रेष्ठ भयाका इनै मित्रदेषी प्रसन्न भयां ।। यस श्लेष्मान्तक वनमा मृगरूपले विहार गर्दा जहां जहां म फिर्दछु, जलपान गर्दछु, सुत्दछु, वस्दछु, तहांतहां तिर्थ हो भनि जान ।। हे ब्राह्मणमा मुख्य भयका, श्लेश्मान्तक वनमा वासुकीले पूर्वकालमा तप गर्दा वासुकीक्षेत्र भनि मेरा क्षेत्रको नाम रहन गयाको हो ।। तैंले यस क्षेत्रको मेरा आज्ञा सुनि पालन गर्नु भनि आज्ञाप्रसन्न हुंदाभया ।। नेमुनि प्रभृती ब्राह्मणहरूले नेपाल क्षेत्र भनि ईश्वरका आज्ञा पाई पूण्यादि कर्म धर्म शास्त्र आदि प्रमाणले गरि पालना गर्नको उद्योग मनमानखे गरि पालना गर्नुको उद्योग मनमा लिदाभया ।। हेमवत् पर्वतका कुक्षामा रह्याको भुमिकन नेपाल भन्या नाम प्रष्यात हुनगयो ।। इन्द्रादि देवता नारद प्रद्युम्नले सहित भयका श्रीकृष्ण श्रीपशुपतिको आज्ञा पाई मधुसूदन प्रभृती सब विदा भै गुह्येश्वरीमा गै दर्शन गऱ्या गोकर्णमा जाई दर्शन गऱ्या वडोउत्सवसंग मृगेन्द्रशिषरमा जांदाभया ।। वहापछि वाग्मती प्रगट भयाका स्थानमा स्नान गरि अनेक दान गरि सुर्यकेतुका गृहमा जांदा भया ।। ताहापछि युर्यकेतु राजाले नारदमुनिले विधि गराई प्रद्युम्नकन आफ्ना पुत्री चन्द्रावती कन्या दान दिया ।। देवदुंदुभि आदी नाना वाद्य, नृत्य, गीति, पुष्प वृष्टि गरी इन्द्रबाट पनि विचित्रमालाहरू नाना आभरण गरि श्रीकृष्णकन र प्रद्युम्नकन पूजा मान्य गर्दा भया ।। अप्सरागण गन्धर्व किन्नरहरूले नृत्य गित देव-दुंदुभि वाद्य पुष्पवृष्टि गरि महाउत्सव गर्दाभया ।। भगवान् श्रीकृष्ण जो छन् आफ्नै वुहारी चन्द्रावतीकन प्रद्युम्नसंग वस्याकि अतिसुन्दर देषि हर्ष मान्दाभया ।। ताहांपछि हरिचन्दनले अंगमा लेपन गऱ्याको इंद्रनिल समकान्ति भयाका, शंख चक्र गदा हातमा धऱ्याका देवगन्धर्वले पूजा गरियाका, मुनिहरूले वेदघोष गऱ्याका शब्द सुनि सन्तोष भयाका हरि जो छन् गरुडमा सवार हुंदाभया ।। केशवका आज्ञाले प्रद्युम्न चन्द्रावती प्रभावतीकन रथमा चढाउंदा भया स्त्रिरत्न सर्वरत्नले पूर्णभया ।। उतम रथमा आफ्ना सुर्ज्यकेतु राजाकन पनि चढाई कुवेरका पुष्पकविमान झैं सोभा पाउदा भया ।। आकाशमार्गले लैजांदा इन्द्रनील-समतेजस्वी भयाका मुनिगण देवगणले यूक्त भै अतिहर्षमान भयाका भगवान् श्रीकृष्णबाट नेपालक्षेत्रमा वाग्मति पुन्य जल देषि चित्त हर्ष मानि भगवान विष्णुबाट नेपालक्षेत्रमा देवताहरू तिर्थहरू देषाउंदाभया ।। मृगेन्द्रसिषर नाम सिवपूरिमा विराजमान भयाका शिव, चन्द्रदीप्ताका तट सिंहचक्र भयाका सिषरनारायण, इन्द्रायनी नदी तटमा इन्द्रेश्वर, डोलागिरि माथिका नारायण, कर्कोटक ह्रद नागेन्द्रले वास गऱ्याको स्थान, वाग्मति मनमतिका संगम

संषमुलतिर्थ, तसै सङ्गमबाट प्रकाश भयाका रुद्रधारा तीर्थ, यो नैमिषारण्य कुरूक्षेत्र पुस्करमा स्नान गऱ्याभन्दा दस गुण अधिक उत्तम भनि सुनाउंदाभया ।। विराभद्रा तमसा पातालगङ्गा नदीहरू मानले शिवस्थापना गऱ्याको फेरि चंपानदी र वीरभद्रासंगम वाल्मीकी ऋषि वसि रामायण काव्य वतायाको स्थान तिलमाधवका स्थान, वाग्मति र मनोहरा मध्ये धर्मभूमि भनिकन कहदाभया ।। हरका मुष द्वारवाट प्रगट भयाकी वाग्मतीमा जाहां ताहां स्नान गरोस् त पनि ताहां ताहां फलदायक छन् ।।

फेरि वाग्मती र विष्णुमति मध्येका स्थान सिद्धभूमि भनि सुनाउंदा भया ।। रुद्रमती भयो, विष्णुमति तटका टंकेश्वर भया, फेरि वाग्मती र विष्णुमतिका संगम जाहां पंचलींगेश्वर छन्– पंचलिंग तिर्थ भनि प्रष्यात छन् ।। वाग्मती विष्णुमतीका सङ्गम सत्याकन छेदन गऱ्याको स्थान भनि सुनाउंदा भया ।। सर्वोषदिले युक्त भयाको पर्वतका गुफाभित्र रह्याको छन् को हुन् भनौला त नारायण छन् भनि पुत्रकन सुनाउंदा भया ।। वाग्मतीले गमन गऱ्याकी द्वारकुर्मपर्वतका पश्चिमतटमा सिलारूप गणेश छन् ।। मिनचक्रह्रद चन्दनागिरि मुलकी तीर्थ आदि देवता तिर्थहरू देषाई परम दुर्लभ भनि पुत्रकन सुनाउंदा भया ।। ताहांपछि श्रीकृष्णबाट गोपालेश्वर भनि शिवलिंग स्थापना गरि नाम प्रष्यात गऱ्या ।। प्रद्युम्नबाट पनी सिषरनारायण नाम प्रष्यात गरि पूजामान्य गऱ्या ।। एति सक्या उप्रान्त श्वेतकापूरि जांदा हंसध्वज नाम राजाले पूजामान्य गऱ्या ।। श्रीकृष्णले हंसध्वजकन म आयाको कारण कहन्छु– सुर्यकेतुसंग आपना वल पराक्रम जिति वस्याको छौ मेरा वचन सुनि उनको राज्य छाडि देउ भनि आज्ञा हुदा वहुतै षुसि भै आफ्ना दर्वारमा लगी गोविन्द-कन पूजामान्य गरि सूर्यकेतु राजाको राज्य सौंपिदीया ।। श्रीकृष्णका आज्ञा पाई अघिको राज्य मिथिलामा गया ।। श्रीकृष्णका अनुग्रहले स्वराज्य पाई कृतार्थ भै हात जोरी भुमिमा दण्डवत् प्रणाम गरि स्तोत्र गर्दा श्रीकृष्ण प्रसन्न भै आज्ञा गर्दछन् –हे भक्त धन्य छौ इहलोकमा सुषभोग गरि सदेह उद्धार होला भनि वरप्रसन्न हुंदा सुर्यकेतु संतुष्ट भै नानारत्नादिले पूजामान्य प्रद्युम्नकन पनि पूजामान्य गऱ्या ।। प्रभावती चन्द्रावतीकन पनि नानाविचित्र आवर दी मान्या ।। एस्ता तरहसंग सूर्यकेतुको पूजामान्य ली वरप्रसाद प्रसन्न भै द्वारकाविषे जांदाभया ।।

**कैलास** विषय एकान्तमा गिरिजा देवी अन्जलि जोरि हे देवदेव महादेव विचित्र कथाहा सुन्नको इछा भयो भनि प्रसन्न गर्दिभइन् ।। उस समयविषे श्रीमहादेवबाट नंदीकन आज्ञा गऱ्या–हेनन्दी तं द्वारमा चौकि वसी रह ।। कसैलाई भित्र आउन नदिनु भनि आज्ञा गरि विचित्र कथाहा कहंदा भया ।। यो षवर भृङ्गिले सुनि द्वारमा चौकिदेषि जान नपाई भ्रमरका रूप धारि भित्र पसी कथा सुन्न लाग्या ।। कथामा अति रस पाउंदा नित्य नित्य जाई सुन्दथ्या ।। रात्रिमा आफ्ना स्त्री विजयाकन कहन्थ्या ।। एक दीन पार्वतीबाट तिमिहरूले कैले नसुन्याका कथा भनि सषिका मध्ये विराजमान हुंदा विचित्र कथा कहन लागिन्– विजयाले सुन्नीविक्तिकै त्यो दुर्लभ कथाहा होइन, मैले पनि सुन्याको छ भनिन् ।। पार्वतीदेवीले महादेवसंग कसैलाई नकह्याको रहस्य कथा भनि कहनुभयाको त मेरा सषिलाई पनि याद रहेछ ।। एस्ता तरहसंग मलाई ढाटनुभयो भनिन् ।। श्रीमहादेवबाट यो कथाहा मैले कसैलाई कह्याको छैन भनि अन्तरध्यान गरि हेर्नुहुंदा भृङ्गिले भृङ्गरूप धारी सुन्न आयाको थाहा भै क्रोध गरि भृङ्गीकन डाकी मानुष जन्ममा जानुपर्ला भनि श्राप दिंदाभया ।। भृङ्गीले दण्डवत् गरि अजान मन्दवुद्धि म दुष्टको अपराध क्षेमा गर्नुहोला भनि विन्ति गऱ्या र कृपानिधि महादेवबाट आज्ञा गर्दछन् हे भृङ्ग, मेरा श्राप वेर्थ हुनु छैन ।। पृथ्वीका दक्षिण भागमा जन्म ली धार्मिक भै जव नव लक्ष पिशाच भाषा वनाउलास् परम दुर्लभ क्षेत्रमा शिवलिंग स्थापना गर्लास्, मानुष ज्योनि छाडि कैलाशमा आउलास् भनि आज्ञा गर्दाभया ।। भृङ्गी पतन भै मथुरामा विष्णुदत्त ब्राह्मणका पुत्र भै जन्म्या ।। गुणाढ्य भनि नाम रह्यो ।। ति गुणाढ्य ब्राह्मण गुणवान् भया ।। उज्जयनीका राजा मदन नामका द्वारपण्डीत भया ।। फेरि विश्रामताश्रममा वसी पिशाच भाषामा नव लक्ष गाथा वनाया ।।

ताहांपछि परम पीठ नेपालमा आउंदा द्विजमा उत्तम भयाका गुणाढ्यले वाग्मतीमा स्नान गरि श्रीपशुपतेश्वरका दर्शन गऱ्या ।। क्ष्येत्र प्रदक्षणा पनि गऱ्या ।। सोविधी क्रमैसित कहिन्छ– दक्षिण द्वारबाट जाई राजराजेश्वरी १ कृतिमुषभैरव २ वछलादेवी ३ गुह्येश्वरी ४ चैलगंगामा स्नान ५ गोकर्णेश्वर ६ कारणीकेश्वर ७ सुन्दरीजलका सुन्दरीदेवी ८ वज्रयोगिनी ९ दोलागिरिविषे गरुड-नारायण १० वलेश्वर ११ वागीश्वर १२ वाग्वीभूती कुण्डमा स्नान १६ वाल्मीकेश्वर १४ त्रिचम्पक तलाउमा स्नान १५ माधवकन पूजन १६ चण्ड दैत्यलाई वध गरि विराजमान भयाको स्थान चण्डेश्वरी १७ धनेश्वरी १८ गोपुरेश्वर १९ इन्द्रेश्वर २० लिलावती रोषमती संगममा

स्नान २१ इन्द्रेश्वरलिंग अर्चन २२ आसापूरेश्वर २३ डोलेश्वर २४ सुर्यवीनायक २५ अनन्तलिगेश्वर २६ वज्रवाराहि २७ भुजंग शैलमती गुह्यद्वारमा गणेश द्वारिकन पूजा गरि योन्याकारमा प्रवेश गरि भारभुतेश्वरको दर्शन २८ मनसिला माहातीर्थमा स्नान २९ हरिहरको दर्शन ३० भैरवको दर्शन ३१ मातातीर्थमा स्नान ३२ हरिसिद्धि देवीको दर्शन ३३ गोपालेश्वर ३४ सिखरनारायण प्रभुको दर्शन ३५ पांडुकेश्वर ३६ पाण्डुनदीमा स्नान ३७ पर्वत लंघन गरि चतुर्वक्रेश्वर दर्शन ३८ इंद्रेश्वर दर्शन ३९ लंहघान गरि इचंगुनारायण दर्शन ४०

**परमानंदकन्दाब्जे धर्मधातुद्रवे जले ।। माहाचीनात्समागत्म बुद्धदेवः स्वयं स्थित :–**

अस्यार्थः– परमानन्द कंद कमलबाट प्रगट भयाका, धर्मधातुरूप जलविषे महाचीनदेखि बुद्ध भगवान् आफै आई विराजमान भयाका, जाहाँ भिक्षुहरू सुतवांधव त्याग गरि भक्तियुक्त भै वुद्धदर्शनका अभीलाषाले वस्याका, ताहाँ स्वयंभु भगवान्का दर्शन् ४१ विष्णुमतीमा स्नान ४२ लूंटीकेसं वुढानिलकंठ अनन्तासन गरि विराजमान भयाका हरिको दर्शन ४३ विसंषुका विष्णु नारायणको दर्शन ४४ जयवागीश्वरको दर्शन ४९ एति देवता तीर्थहरूको दर्शन स्नान दान गरि फेरि श्री पशुपतिको दर्शन गुणाढ्य व्राह्मणले गऱ्या विधिपूवक पूजा भक्ति श्रद्धायुक्त गरि व्राह्मणभोजन गराया ।। क्ष्येत्र प्रदक्षिणाविधि तम्रा प्रसादले पूर्ण भयो भनि वागमतिमा स्नान गऱ्या ।। पृथ्वी तर्पण गरि फेरि वच्छलादेवीको दर्शन गऱ्या ।। दक्षिणद्वारमा जाइ वेद प्रदक्षिणा गऱ्या ।। वासुकीको दर्शन गऱ्या ।। द्वारपाल गणेशको दर्शन गऱ्या ।। यस्ता प्रकारसंग नेपालक्षेत्रमा वस्याका नानातीर्थ देवता संधी वस्याका व्राह्मण तपस्वीकन वोलाई सम्मत गरि वेदोक्त विधिपूर्वक गरि शिवस्थापना गरि सकी गुणाढ्यले हात जोरि तपस्वीहरूकन भन्या–हे व्राह्मणहरू सुन ई शिवकन क्या नाम राषन्या हो भंदा ति मुनीहरू मध्ये हारित नाम विप्रर्षि भन्दछन्–सुन गुनाढ्य, तिमि मनुष्य होइनौ, केही हेतुले गरि जन्म लिन आयाको भृंगी नाम गऱ्याका श्री शंभुका द्वारपाल ह्वौ, तसर्थ भृंगीश्वर भनी नाम राष भन्या र हारितको वचन सुनी सोहि नाम प्रख्यात गऱ्या । द्वापरयुगका सेष रहंज्याल यहि नाम रहला ।। कलियुगमा सुवर्णश्वर भन्नन् ।। यति भनि सक्या उप्रान्त गुणाढ्य अधिको आफ्नु भ्रींगीश्वर रूप धारि विमानमा वसी कैलासविषे जांदा भया ।। अष्टमी चतुर्दशी संक्रान्तिका दिन भृंगेश्वरको दर्शन भक्तियुक्त जसले गर्ला तसलाई परम पद पाउला ।। एस शिवलींगमा पारसमणि थियो ।। कलि लाग्यापछि वज्रपान भै पारसमणि लैगया ।। अद्यापि प्रकाण्डवनका संधी पश्चिमपट्टी सीवलींग प्रष्यात भै रह्याकाछन् ।।

केहिकालपछि अन्तर्वेदि नगरका श्रोत्रीय कुलका व्राह्मण धर्मसर्मका पुत्र जन्म लियाका पूर्व जन्मका विरूपाक्षले पातचित्त भै मातृगमन, सुरापान, मांसाहारि, आनाचारी वेश्यागमन आदि पापले जातिभ्रष्ट भयाका व्राह्मण भै वेदशास्त्र नपढि पापात्मा भै व्रण कुष्ट प्रभृति नाना रोगले पिडित भै अत्यंत विरूप भयाका धर्मशर्मका पुत्र विरूपाक्ष स्वदेशदेषिन् परिवार छाडी भ्रमण भै पृथ्वीभ्रमण गरि जांदा जांदै कोसिका निकटमा पुगी शरीरका रोगले पिडित भै स्नान गरि पीडाका बेदनाले ईश्वरका नाम पुकारी हाकष्ट भनिरहंदा नेमुनिले देषि करुणादृष्टि गरि को हौ काहाँबाट आयाको हौ ? यस्ता निर्जन स्थान, सिंह सार्दूलका भए भयाका स्थानमा तेस्ता रोगी कस्तरहसंग याहाँ आयौ भंदा विरूपाक्षले आफ्ना सर्ववृत्तान्त विंति गरि सुनाई मुनिश्वरका चरणमा पऱ्या र विरूपाक्षका भक्तिले प्रसन्न भै वहुतै कृपा गरी आज्ञा गर्दछन् –इश्वरका अनुग्रहले मेरा नामले गरि नेपाल भूमि नाम भएका एस मेरा क्षेत्रमा साढे तीन कोटि तीर्थले युक्त भएका चतुषष्ठिलिंग विराजमान छन् ।। देवगंधर्वले पूजा गरि राख्याका अव तिमिले जहाँ जहाँ तीर्थछन ताहाँ ताहाँ स्नान गरि शिवलिंगकन पूजा भगति गर र तहांपछि निष्पाप भै पुरुषमध्ये उत्तम हौला भनि भन्दा तम्रा उपदेशमाफिक म गर्दछु । अघि अघिको उद्धार भै गया फेरि स्नान गऱ्याका फल प्राप्त होला, शिवपूजा गरि क्या होला, कुंन प्रकारले स्नान पूजा गर्नु यो वृतांत सब आज्ञाप्रसन्न हुनुपर्छ भनि विंति गर्दा सुनी मुनी आज्ञा गर्दछन्–एकचित्त गरि तिर्थमा गंगाभावले स्नान गर्नू भनि अघि अघि उद्धार भै गयाका पापात्माहरूको कथा सुनाई तीर्थाटन नमानि निश्चय गराई तिर्थ, लिंग, कुण्डयात्राका आरम्भ गराया ।। प्रति प्रति तीर्थ देवताका महात्म्य सुनाई वागमतीका तिर्थ ८९ शिवलींग ६४ आदि उपलींग उपतिर्थहरूका मेला भरि क्रमैसित जात्रा गरी आउँदा महापातकहरूले ग्रस्त भयी महारोगले पीडित भयाका विरूपाक्षले रिषींका उपदेश पाई तीर्थजात्रा गरी पापताप घट्दै गयाको थियो, केवल निष्पाप भै सकियाको थीयेन ।। नेमुनिकन षुसि गराई उपदेश पाई मणि-

चूडपर्वतमा जाइ इश्वरीकन स्तोत्र पूजा भक्ति भावना गर्दा देवी प्रतक्ष भै वर प्रसन्नभया–हे पुत्र विरूपाक्ष तिम्रा पुजाले म सन्तुष्ट भया, अब तम्रा पाप सब नष्ट भयो, फेरि तिमिलाई वर पनि निन्छु सुन भनि संपूर्ण पाप नष्ट भै देहस्थैमा मुक्त भयौ, चिरंजीवि भै सिद्ध भै रह भनि वरप्रसन्न दिदि भै अन्तर्ध्यान हुदिभईन् ।।

## वज्रयोगिनीका पुर्वकथा कहिन्छ

पूर्वकालमा व्रह्मा विष्णु महेश्वरले मणिमयपर्वतमा तप गरि प्रसन्न गराया ।। कस्ता ईश्वरि भनौला त विष्णुका नेत्रमा स्थिति भयाका व्रह्माले नमस्कार गरियाका योगनिन्द्रा स्वरूपी हुनाले योगेश्वर भनि नाम प्रष्यात भया ।। फेरि कोहि एक दिनमा नारद मुनिका वचन सुनी कलिंग देशका राजा देवीदास नाम भयाकाले योगेश्वरि महात्म्य सुनी प्रेमभक्ति गरि आफ्ना छोरालाई राज्य सौपि महामाया स्मरण गरि महाकष्टले नेपालमा आई योगगंगातीर्थ स्नान गरि गणेशादि नमस्कार गरि संसारको भोग छाडि महामंत्र जपि तप गर्दा परमेश्वर प्रसन्न भै वरदान दिदि भइन् ।। कस्ता प्रकारले दर्शन दिया भन्या चित्र रूप भै शिवशक्तिस्वरूप उमामहेश्वर महाभयंकर रूपले कार्तिक कृष्ण्ण नवमिका दीन दर्शन दींदा भइन् ।। राजाले अनेक प्रकारसंग भूमिमा दण्डवत प्रणाम गर्दा इश्वरबाट वरदान भइन्, आज्ञाभईन –हे राजन् तिमि, सदेहमा मुक्त भयौ अब उमामहेश्वरलोकमा जाऊ भनि वाणि हुंदा देविलोकबाट सूर्य्यप्रभा विमान ल्याई राजाकन राषि सदेहैमा देविलोकमा गमन गराया ।। राजाले गमन गऱ्याको संख्या यक लाख १००००० सम्म पुगि सकदा वरदान पायाको हो ।। ताहां उप्रान्त ईश्वरीबाट यस्ता तरह वाणि प्रसन्न हुंदिभइन् ।। जो कौही जन हवस यो पुरिमा आई दान पुण्य गर्नन् त्यो पुण्य अक्षय होला ।। फेरि देहान्तैमा परमधाम जाला ।। फेरि अरू अरू ठाउंमा गऱ्याको पुण्य जपभन्दा भनि यस स्थानमा एकवार मन्त्र जप्याको कोटि कोटि गुण फल प्राप्त होला भनि महामायाबाट वाणि प्रसन्न भै अन्तरध्यान हुंदिभइन् ।। सो निमित्त विना वज्रयोगिनी नजाई सिद्धि पाउन महाकष्ट छ ।। वज्रयोगिनीमा भक्ति गऱ्या सर्वसिद्धि पाई उद्धार भै जाला फेरी तीर्थयात्रा गर्दै आउंदा पशुपतिमा पुगि आर्याघाटमा स्नान गरि पुजाभग्ति गरि विरुपाक्ष तहां सिद्ध भै मुक्त पद पाई देवत्व वर पाई अद्यापि तहि वसदा भया ।। नेमुनि पनि अरू मुनिहरूले सहित गरि जाई मणिचुडमा जाइ वस्या ।। इनै मरिचिका पुत्र नेमुनिले पूर्वकालमा १२ वर्षसम्म शैलकोष्टमा रहि तप गर्दा श्री वज्रयोगिनी प्रसन्न भै तेरा तपले सन्तुष्ट भया सब योगीहरूभन्दा पनि सिद्ध भयौ ।। अैलेदेषि क्षयपर्यंत तम्रा नामले गरि नेपाल भनि प्रष्यात भै सन्सारमा सिद्ध भै रही अन्तमा मविषै लिन हौला ।। हे पुत्र, यो नेपालकन त्रैलोक्यमा गरिष्ठ भयाको भुक्तिमुक्तिदायक क्षेत्रमा श्रीपशुपतिकन अर्चन गरि रहनु ।। केही कालांतरमा तस् क्षेत्र ह्रद भै रहला । यति ईश्वरिबाट नेमुनिले नेपालकन धर्मले पालना गर्नु भन्या वर पाया उप्रान्त विनानितिमार्गले गरि मनुष्यलोककन स्थिति हुदैन भनि मनमा विचार गरी न्यायको रित धर्मराजसंग सोधनी गर्नुपऱ्यो भनि जाई विन्ति गर्दा भया–हे प्रभु धर्मराज, कलियुग प्राप्त हुंदा शुक्ष्म गति भयाका मनुष्यहरूकन उपकार निमित्त भूमि गो दासि पशु वृही धान आदि गृहादिको सुस्थिर वृद्धिकन विनान्यायका विचारले केही कुराको पनि कदाचित वृद्धि हुँदैन कस्ता तरहसंग राज्य पालना गर्न्याहो भनि विन्ति गर्दा जमराजा आज्ञा गर्दछन्– तिमिले ठूलो कुरो प्रश्न गऱ्यो सत्यले गरि म कहन्छु सुन– गुरुदेषिन् मंत्रयुक्त गराउनु सुचि सौच्य व्रत सत्य वाचामा राषनु र धर्म अधर्मको विचार गर्दैरहनु ।। स्वामिका अधिनमा राषनु ।। तस्कन कदाचित् भय प्राप्त हुदैन ।। तस्ताका शरीरमा म आफै जाई धर्म चेष्टा गराउँला ।। एस्ता रितले मन सुद्ध भयाका मानिसकन सुस्थिर गति इहत्र परत्र भुक्तिमुक्ति पाउन जाला ।। अन्यथा नास्ति गरि स्थिति हुन्याछैन भन्या आदि निति गति धर्मराजादेषिन सुनि आफ्ना आश्रममा जाई जमराजका वाचाअनुसार शास्त्रका प्रवंधले गरि पशुपति क्षेत्रकन धर्मले पालना गरि लोककन वोध दी नियम गराई व्रतादि उपवास गराई रह्या ।। नेमुनिले पालना गर्दा नेपाल भनि प्रष्यात भयो ।। तसर्थ विना नेमुनिका कृपा नभै ज्योतिस्वरूपका दर्शन पाउनु कष्ट छ ।। नेपालका गुरु नेमुनि हुन ।। इनका पैह्लेको आश्रम दुमजामा हो ।।

## तंत्रानुसार नेपालक्षेत्रको संक्षेपन वर्णन

गुह्येश्वरीकन आवर्ण गरीरह्याका प्रथम आवर्ण, पिठहरू गंधर्व द्विप विडालक्षेत्र नदी देवी व्रह्मायनि समेकचुलीमा, गोमेदद्विप धन क्षेत्र रक्ता देवि माहेश्वरी, वेथन्चुलीमा, सरद्विप पुष्पदन्ता क्षेत्र सुमनादेवी कुमारिदेवि फुलचोचुलीमा, सूर्यद्विप महानंद क्षेत्र मनोन्मतीदेवि वैष्णवी पिठ मयनकोटिषुलिमा, नयनद्विप गोपालक्षेत्र कुसाकृतदेवी वाराहीपिठ नटारंभचुलीमा, वसन्तद्वीप

सभानक्षेत्र तारावति देवि इन्द्रायणी पिठ लिंगुचोचुलीमा स्वर्ण द्विप चाडीका क्षेत्र शुभकीर्णा देवि चामुण्डा देवि पिठ गदचो चुलिमा, नर अंतद्विप रतिप्टय क्षेत्र सवरी देवी महालक्ष्मी पिठ शिबपूरिचुलीमा। दुतिय आवर्णपीठ–रत्न-द्विप महाकाव्य क्षेत्र धर्मदिवि ब्रह्मायनि पिठ पनौतिमा, पुस्कर द्वीप श्रुतिधर क्षेत्र दंतुरादेवी माहेश्वरी पिठ टिका-भैरवमा, यकपाद द्विप विक्रमक्षत्र वामादेवी कौमारी पिठ झंगुलीवोमा, स्वर्ण द्विप चंदनाथक्षेत्र सुभकिरणादेवी वैष्णाविपीठ गोष्ठमा, पुष्करद्विप श्रुतिधर क्षेत्र दंतुरा देवी वाराही पीठ लमजुङ्मा, नैन द्वीप गोपाल क्षेत्र कामकि-देवी इन्द्रानि पिठ वलिगमा, स्वर्ण द्विप चण्डनाथ क्षेत्र सूपकीर्ति देवी चामुण्डा पिठ गोकर्णमा, गोवर्द्धन द्विप चित्रार्ध क्षेत्र नटि देवी महालक्ष्मी पिठ सारंगराष्ट्रमा। तृतीय आवर्ण पिठ–प्रयाग क्षेक्ष असितांग क्षत्र भैरव ब्रह्मायणी पिठ वतावूमा, वारानसी क्षेत्र रुद्रभैरव माहे-श्वरी पिठ गोमतीमा, कोलापूर क्षेत्र चण्डभैरव कौमारी-पिठ सुनागुठीमा, अट्टहास क्षेत्र क्रोधभैरव वैष्णवी पीठ वलषूमा, जयंति क्षेत्र उन्मत्त भैरव वाराही पठि ह्योसांमा, चरित्र क्षेत्र कपाल भैरव इन्द्रायणि पिठ त्वटुलमा, एकां-वर क्षेत्र भीषण भैरव चामुण्डा पिठ चैलगंगा सद्विमादेवी कोटक्षेत्र संघार भैरव महालक्ष्मी पिठ कांतिमा। चतुर्थ आवरण–जालंधर पिठ जालेश्वरी सारंङूमा, पूर्णगिरिपिठ पूर्णेश्वरिदेवी लुंगुलिमा, कामाक्षा पिठ कामेश्वरि देवी गोषूमा इ तीनमा भित्र ओयान पिठ श्रीगुह्येश्वरीदेवी श्रीपशुपति ज्योतिरूप शिव विराजमान छन्। गंडकी, कौशिका, निलकण्ठेश्वर, नठारंभेश्वर यति मध्ये नेपाल क्षेत्र यस भित्रका पशुपतिका सिमाना मृगेन्द्र सिषरमा कुठेश्वरदेषि दक्षिण तिलेश्वरसम्म, पूर्वकोटेश्वरदेषि पश्चिम चंदन भराटेश्वरसम्म, योगधारा नदीदेषि विष्णुमतिपर्यंत, गोदावरी-देषि हरितीर्थसम्म, यति अष्टदिग् भित्र पशुपति क्षेत्र भुक्तिमुक्ति दिन्या परमक्षत्र हुन। गुह्येश्वरी नाम इश्वरी जहां वीराजमान छन् तहाँ अष्टमात्रीका आफ्ना गणले सहित भै विराजमान छन्। श्रीपशुपतिश्वरका दक्षिणद्वारमा विराजमान भयाका गणेश, क्षेत्रपाल, अष्ट-चिरंजीविहरू वत्सलादेवी, राजराजेश्वरी पूर्वजन्मका स्वरूप दर्शन हुन्या कुण्ड चन्द्रपितामह, भैरव, विरूपाक्ष, अनन्त-नाग र देवताहरू आफ्ना आफ्ना गणले युक्त भै रह्याका छन्। पश्चिमद्वारमा लम्वोदर, दण्डपानि, वरुणवागिश्वरी देवि, नारायण आफ्ना आफ्ना गणले युक्त भै विराजमान छन्। ऊत्तरद्वारमा यकदन्त गणेश, नंदीकेश, पौलस्त कुवेर, गुह्यकगणले युक्त विजया देवी, योगिनीगण सहित सिद्ध-गणेशहरू रह्याका छन्। यस्ता प्रकारसंग देवदेवी प्रथम गणले सहित विराजमान छन्। धन्य पशुपति क्षेत्र धमार्थ काम मोक्ष फल दिन्या स्थल भनि कहियाको छ। महा-पद्ममा मेरु कर्णिका भयाका, सहस्रदल भयाका, साक्षात् माहेश्वरि पुरिकन कह्याका छन्। स्वर्ग मर्त्य पातालमा दुल्लभ भयाका क्षेत्रमध्ये देवताका नायक भयाका परात्पर निर्गुणेश्वर विराजमान छन् भनि कुमारले अगस्त्यमुनिकन सुनाया। धन्य पशुपति पुरि ७२ वहत्तर भुवनमा संसारका सार दुल्लभ छन्। जम्बुद्विपमध्ये दुई पुरि उत्तम छन्–काशिपुरि र पशुपतिपुरि छन्। मोक्ष एक थोक मात्र दिन्या काशि छन्। धर्म अर्थ काम मोक्ष चतुर्वेदोक्त फलदायक पशुपति पुरि हुन। तसैकारण काशिभन्दा चतुर्गुण अधिक फलदायक पुण्यक्षेत्र भनि कहियाका छन्।

**अयोध्या मथुरा माया काशी काञ्ची अवन्तिका ॥**
**पुरी द्वारावती चैव सप्तैता मोक्षदायकाः ॥**

ई सात पुरि संसारका सार हुन्। इ सात पूरि-भन्दा उत्तम पशुपति पुरि हुन्। जाहाँ योतिलिङ्गे-श्वर वाग्मतीसहित छन्। वलीराजाका हुकुम मानी दैत्य-जनले हिमवत् उत्तरमा ज्ञानतीर्थ–भन्याको स्थान आषि शुक्राचार्यले संकल्प गराई देवलोक जित्ना निमित्त नाना-प्रकारले दैत्यजनले तपस्या गरिरहदा रहंदा दिव्य वर्ष सहस्र पुग्यासम्म विष्णु आराधना गर्दा–तिमिहरूकन उद्धार गर्ना निमित्त विष्णुले श्रीमहादेवका आज्ञाले दैत्यहरूकन सांत ज्ञान दी राज्यको लोभ त्यक्त गराई देवताहरू पनि दैत्यहरू पनि प्रतीपाल गर भन्याका वचन सुनी सुद्धोदन राजाका रानी मायादेवीका गर्भमा दश महिनासम्म वसि लोकायत मानेर त्रियुगका अंतमा लोक रक्षा गर्ना निमित्त मायादेवीका कोषिबाट माघ शुल्क चतुर्थीका दिन श्रवण नक्षेत्र बुधवारका दिन जात भया। कलि प्राप्त हुँदा यस दिनमा स्वर्गबाट पुष्पवृष्टि देवदुन्दुभि अपसराहरूका राग शब्द प्रभृति नानाशब्द भै लोकहरूको आनन्द शब्द भयो। यो बालष सर्वलक्षणले संयुक्त भयाका थिया। तीन–वर्षमा मुण्डन गरि सात वर्षमा जनही दिया। पछिबाट वौद्धाचार्य भै नेपालमा प्राप्त हुन लाग्दा ब्रह्माले दण्ड दिया, भिक्षापात्र शिवले, नानाचिजहरू दी ब्रह्माले स्तुति गऱ्या। रिषिश्वरहरू समूह भै एस्ता अवसरमा इन्द्रले छत्र ली बढाया। वायुले लिधि चामर हांक्या। दिग पाल सबैले सेवा गऱ्या। यहाँपछि देवताहरूका वचन सुनी भगवान् जहाँ दैत्यहरूले शाक्यसिंहकन देषि विष्णुले वौद्ध अवतार धाऱ्याको हो भनि नानाप्रकारसंग स्तुस्तिभक्ति गरी

त्रैलोक्यकां भोग वांछा गरि वर माग्दा शाक्यसिंहबाट– हे दैत्य ! तिमिहरूले राज्यका लालच नगर। तिमिहरूलाई मैले परमपद जान्या ज्ञान कहुंला भन्दा दैत्यहरूले विंति गऱ्या–हे भगवान् ! ज्ञानयोगमा त हामि वसुंला, तर अवरावति राज्य गर्न नपाया हामिहरूलाई षान पाउँदौन, भोक भै ज्ञानमा वसेर क्या सुष भयो भनि विंति गर्दा भगवान्बाट हे दैत्यगण, तिमिहरूले यो लोकमा कसैले अश्रद्धा भै क्रोधले दान दियाका, फेरि अर्पण गरि षायाका, द्वन्द्वभावले गऱ्याका अर्चन क्रोधले गऱ्याका पुण्य यो सबै तिमिहरूले षाउ भनि वरदान दी दैत्यहरूलाई बुझाई वोधज्ञान कहि दैत्यहरूकन बुझाया ।

**अहिंसा परमो धर्मो ह्यहिंसा परमं सुखम् ।**
**व्रतं परमहिंसा च ह्यहिंसा परमो बली ।**

हे दैत्य-गण हो, यी इंद्रिय ज्ञान, प्राणायाम ज्ञान अन्त-राहुति ज्ञान भेद प्रभृति नाना सुद्ध ज्ञान वर प्रसन्न भयाका हे दैत्य, कलिका राजा नहुनु, परधन परस्त्रि प्रभृति नाना पापले अर्काका स्व सर्वस्व षाई कामक्रोधादि उत्पात गराई नाना-पाप भुक्त गरि पछिबाट नर्कमा पस्नुपर्ला । सो निमित्त वौद्ध ज्ञान धरि आफ्ना आफ्ना स्वतन्त्र कार्य गरि आनंद-सित विहार गरि वस भन्दा दैत्यहरू सबै मिलि भगवानकन नमस्कार गरि आफ्ना आफ्ना सहर फर्कि आनंदसंग वसदाभया । यहाँ उप्रान्त भगवान् नेपालमा विराजमान गऱ्या । आहा त्रिदशगण आयि जातिस्मरण तीर्थमा भगवान्कन नमस्कार गरि आफ्ना आफ्ना षुसिसंग राज्य प्रतिपालन गरि आनंदसित रहंदाभया । जातिस्मरण तीर्थमा जसले स्नान गर्ला तसकन स्वर्गवास पाउला । भगवान् वस्याको ठाउँ–

**ददन्ति स्म सुराः सर्वे बुद्धावतरिताय ते ।**
**तदादि चोत्तरे देशे हिमवति गिरौ सदा ।**

त्यसपछि देवगण हर्षमान भै स्वर्गमा विराजमान भया । नेपालका देवताहरू अघि पनि लेषियाका का छन् । तिनै देवताहरू मध्ये चतुरप्रकारका वोधनिमित्त फेरि कहिछ । तिन युगसंम देवताहरू वारवार तिथि योग संयुक्त भया वाग्मती आदि तीर्थहरूमा स्नान गरि पशुपतिनाथ गुह्येश्वरी प्रभृती देवदेवीहरूको दर्शन पर्शन गर्न आउँदै गर्दथ्या । प्रस नेपालपुरिमा पवित्र नदिहरू धेरै छन् । तन्त्रमा कहियाका प्रसिद्ध गङ्गा–वाग्मति, रुद्रधारा, मणि-मति, फल्गु, विष्णुमति, भानुमति र प्रभावती कह्याका छन् । वाराणसी स्थलभन्दा चतुर्गुण्य अधिक पुण्यस्थल हुनाले देवतामा पनि चतुःप्रकारले स्थित भयाका देवताहरूका नाम–आदौ गणेश ४-चन्द्रविनायक चोभारका १, सुर्यविनायक भक्तपूरका २, रक्तविनायक देवपट्टनका ३, श्वेतविनायक चावहिलका ४ । काली पनि ४– गुह्यकाली १ वत्सला २ दक्षिणकाली ३ कालींचोकका महाकाली ४। कौमारी ४–वालकुमारी कुमारी डोमा १, वालकुमारि ठिमि २, मयतिदेवी पंचवालकुमारि ३, पाटन वालकुमारि आवाहन गरि क्वाछेमा स्थापना गऱ्या ४ । गङ्गा पनि ४–वाग्मति १, मनमती २, विष्णुमती ३, रुद्रमती ४ । नदी पनी ४–प्रभावती १, हनुमती २, दानामती ३, इक्षुमती ४। वाराहि पनि ४–श्वेतवाराहि उत्तर १, नीलवाराहि पूर्व २, वज्रवाराही दक्षिण ३, धन्तलिवाराही पश्चिम ४ । योगिनी पनि ४– वज्रयोगिनी १, ह्यगुंयोगिनी २, नील-तारा योगिनी फुलचोकि देवि ३, विजेश्वरी इनमा ब्रह्म-कुमारी विद्याधरी नाम गऱ्याकी सिद्ध भै पछि मिलन गयाकि छन् ४ । नारायण पनि ४– गरुडनारायण डोला-गिरिमा छिन्नमस्ता शक्तिसहित १, चयेजुनारायण चण्डेश्वरि सहित २. नृसिंहनारायण सिषरिलक्ष्मी सहित ३, इचंगु-नारायण माहेश्वरी वैष्णवी सक्तिसहित ४ । महालक्ष्मी पनि ४– महालक्ष्मी वोडेका १, महालक्ष्मी लुभूका २, महालक्ष्मी पाटन लगनषेलका ६, महालक्ष्मी षोकनाका ४ । वैष्णवी पनि ४– वैष्णवी अप्पाका १, तोडलपीठ वैष्णवि नदलका २, वैष्णवी वलषुका ३, वैष्णवी भाजं-गालका ४ ।

फेरिद्वापर युगका मानसरोवरदेषि सिलानदी तरि आयाकी जसले वागीश्वर कहलाई देवपट्टनमा विराज-मान छन्, इन देवीकन प्रथम गणहरू आई नियम गरि तीर्थका जल आवाहन गरि सुद्ध तिर्थ वनाइदिया । पशुपतिपुरिका पश्चिम दिशामा रक्षाकारि हुन् । राज-राजेश्वरी पनि कामरु प्रीठदेखि आइ पशुपतिका दक्षण भागमा शिलारूप विराजमान गराया । इ दुइ इश्वरी सहित नव ईश्वरी भै प्रकाश भया । गुह्येश्वरी १, वच्छले-श्वरी २, वज्रेश्वरी ३, कोटेश्वरी ४, झंकेश्वरी ५, भुवने-श्वरी ६, मंगलेश्वरी ७, राजेश्वरी ८, जयवागेश्वरी ९, इ नौ ईश्वरी मूलमूर्ति भै सदा रक्षाकारी भै विराज-मान छन् । नेपालपूरि उत्तम भनि भुतलमार्गले गरि नीलचूडपर्वतका मनिबाट गोदावरि प्रादुर्भाव भईन् । फेरि यही क्रमले त्रीशूलगंगा पनि जमाल पर्वत मनिबाट प्रादु-र्भाव भैगया । इ दुई तीर्थ वायव्य र आग्नेय कोणको सन्मुष पाई प्रकाश भयाका छन् ।

हिमालयखण्ड मुक्तनिमित्त चैत्यरूप भगवान् धर्म धातु-वागीश्वर भनि आफै आई स्वयंभु कहलाई विराजमान हुदाभया र शिवलिङ्गमा ज्योतिरूप पशुपतिपीठमा गुह्येश्वरी र वत्सला यकै हुन् । चैत्यमा स्वयंभु श्मशानमा करवीर यति युक्त हुँदा शुद्ध पीठ भयाको हो । हरिणेश्वर पशुपतिका आज्ञाले नेपाल जलामय हुन्या छ । तेस जलमा विराजमान हुला भनि व्रह्मा, विष्णु, इन्द्रकन पूर्वकालमा आज्ञा भयाको पुन्याउन निमित्त ईश्वरका ईक्षा महेन्द्रदमन आदि दानवहरूले वैनि प्रभावतीकन जल-विहार निमित्त भनि वाग्मतीकन थुनी १६ वर्षसम्म जल-पूर्ण गरि राषदा समये यक कमल उत्पन्न भै स्वयंभु स्थानमा स्पर्श गर्न जांदा पद्मगिरि भनि सबै देवताहरू स्वयंभुमा आउँदा भया । यसै समयमा मंजुश्वरि परि आई सिंभुकन प्रकाश गऱ्या । जंगल वनाइ सेवा गऱ्या । विष्णुबाट पनि छापरयुगका अंतमा वौधावतार लिंदाभया । केहि कथान्तरमा भीमसेनबाट दोलषाका भीमेश्वर भनि सेवा गर्न आई भीमेश्वर भनि प्रख्यात गराउँदा नेपाल तलाउ देषि डुंगामा वसि खेलि आउँदा दैत्यकन्याहरूकन भगाया भन्या कुरा कथांतरमा छ । डुंगा अद्यापि भीम-डुंगामा छ । श्री भगवान विष्णुबाट बुद्धावतार धारणा गरि उत्तराषंड विषे आई जातिस्मरणतीर्थमा तपस्या गरिरह्याका दानवहरूकन वौद्ध ज्ञान दी भीक्षुचर्ज्यामा राष्याउप्रान्त नेपालमा वौद्धमार्ग शिवमार्ग दुई मार्गको मिश्रित भया । महिन्द्रदमन आदि दानवहरूले वाग्मतीकन थुनि नेपाल षालडाकन जलले पूर्ण गरि राषदा विशालनगर आदि सहर ग्राम नष्ट भै गयापछि सुप्रभानगर पनि गुजरिगया उप्रान्त केहि कालपछि बुद्धमार्गका शास्त्र प्रमाणले केहि वार्ता काहिछ–

भाट भट्यानि भन्याका माता भ्राता देवता आका–श्वारि भै आई दिशालनगर उज्रिगयाको स्थानमा फेरि नगर वसायापछि एक ऋषिपुत्रकन स्वयंव्रत नाम राषि राज्याभिषेक दि नगरका रक्षा गराया । याहाँ उप्रान्त केहि कालपछि मारवार देशका राजा सुदत्तकि रानि पिंगला नाम गऱ्याकी आपना स्वामिले धेरै अपमान गरि माया त्याग गरि राषदा पिंगला रानि मन्मा वहुतै दुःख मानि स्वामिको कृपादृष्टि हवस् भनि ईश्वरी पुकारी रहदा नेपाल पुरिकन स्वप्ना देषिन् र श्रीगुह्येश्वरीका शरणमा जानुपऱ्यो भनि नेपालपुरिमा प्राप्त भै गुह्येश्वरीका स्थान स्वप्ना प्रमाण ठहराई निराहार गरि तपस्या गरि रहिन् र ईश्वरि प्रसन्न भै–हेरानि, तेरा मनोरथ पूर्ण हुन्याछ भनि वरदान जसन्न भईन् । ताहापछि ती रानिले मंजुविहार नाम विहार गृह वनाई चार धारा जल सोधन गरी जलकृति वनाई तेसै घरमा वसी नित्य नित्य देवीका स्थान जाई सेवा गरि मोहिनीलाई सेवा गरि रहंदा समये लोहवान देवहरूले प्रहार गरि खेल्याका सिला भै गया र लोहसिला नाम कुमारिगण अतिभयंकर भया र पिंगला रानिले गुह्येश्वरिमा विंति गरी श्वेतविनायक जगाया । ति गणेशवौद्धपृय हुन् । केही वर्षपछि रानिका धर्म व्रतका प्रभावले आफ्ना स्वामि सुदत्त राजाका चित्त चंचल भै रानिकन षोज गरि नेपाल पूरिमा आइ गुह्येश्वरिका स्थान संधि पूगदा पिंगला रानिकन देवताहरूले दीव्यसुन्दरी देषि भ्रांति भै रहँदा राजा सुदत्तले तेस स्थानमा आई पुग्या । देवताहरूले रानिकन छेकि समाल्न तयार हुँदा पिंगला-रानीले भयले इश्वरीका नाम पुकारि मलाई रक्षा गर, म पिंगला हुँ भनि पुकार्दा राजा सुदत्तले सुनि मेरा रानि पिंगला त एतिको सुंदरी थियन भनि दोमन भै पछिबाट मेरै रानी हो भनि नजीक जांदा रानीले राजा सुदत्त कन चिह्नि प्रणाम गरि देवीका निकटमा जाई रानीले स्मरण गरि रहिन् । ताहाँपछि राजा सुदत्तले देवताहरू-कन अहो देवताहरू, रानी त मेरी स्त्री हो तिमिहरूले हरण गरी लैजान षोज्दछौ, यहाँ नवस जाउ भन्दा देवता-हरूले राजा सुदत्तकन घेरि मिथ्या कुरा गर्छस् । यस्ति सुन्दरी स्त्री तेरो कसरि हो भति मार्न तयार गर्दा श्री गुह्येश्वरीबाट वाणि भै देवताहरूकन बुझाई पठाई स्त्री पुरुषलाई दीदी भईन् । केहि वर्षसम्म राजारानी दुवैले मंजुविहारमा वसि सेवा गरि ईश्वरीका आज्ञाले स्वदेशमा जाई आनन्दसित रहि अंतमा उद्धार भैगया । जाहादेषि यो नेपाल पुरिमा देवनाहरूका महिमा महात्म्ये घटिगयो भन्या जानि श्रीभैरवहरू चार मिलि सम्मत गर्न लाग्या । प्रथम नुवाकोट भैरव, दोश्रा भक्तपुरका भैरव, तेश्रो टिका-भैरब, चौथा मध्ये पचलिंग भैरव आगमचो देषि आयाका ई चार भैरव संमूह भै नेपालमा कलियुगमा दुख हुन लाग्यो अव विना राजाले ग्रहले हाम्रा रक्त पानकन हुन्या छैन भनि राजा तुल्याउन इच्छा गर्दा भया । यो वृत्तान्त सवै इन्द्रायणि देवीले जानि त्रिशूल गंगाघाटवाट अव नेपाल पूरिमा सदा सर्वदा राजिक हुन्या छन् भनि आई नेपालपूरिका उत्तर भागमा मनमयजु भनि प्रष्यात भै विराजमान हुदि भइन् । इ देवी आयाको थाहा पाई दिग्कौमारिहरू सबै प्रकाश हुदा भया । पूर्व ठेमिका बालकुमारी, दक्षिण वकठछे बालकुमारी, पश्चीम वलषु पिठदेषि ज्ञानेश्वर संघि आई मयति देवि कहलाई रह्याका

छन् । अघि विशालनगरका श्मशानेश्वरि भै रह्यामा उत्तर मंगलपुरका कौमारिहरूले नेपालका राजीकदेवता द्वि रूपी हुन् । यति देवतादिहरूको महिमा द्वापरयुगभित्र भैगयाको हो ।।

युगभोग संख्या सत्ययुगका भोग सत्रलाष अठाईस हज्जार १७२८०००, मनुष्यका आयु प्रमाण दशहज्जार १००००, धर्मज्ञ प्राणवायु, शुक्रस्थान मेदसंधी, स्थितिकर्ता विष्णुबाट धारणा गऱ्याको अवतार मत्स्य अवतारमा संषासुरकन मारि चतुर्वेदकन रक्षा गऱ्या १ कुर्मावतारमा देव-दैत्यहरूले समुद्र मथन गर्दा जलमा इ विष्णु कुर्मरूप भै आफ्ना पिठमा पर्वत राषि समुद्रमथन गऱ्या २ वराह अवतारमा हिरण्याक्षकन वध गरि जलमा डुबियाका पृथ्वीकन धारणा गरि महिकन सुस्थिरसंग राषदा भया ३। नरसिंह अवतारमा हिरण्यकश्यपूकन मारी प्रह्लाद आपना भक्तकन रक्षा गर्दा भया ! त्रेतायुगका भोग वाह्रलाष छयानब्यहजार १२९६०००, मनुष्यका आयु प्रमाण पांचहज्जार ५०००, प्राणवायु अस्थिसंधि, विष्णुका अवतार ३। वामन अवतारमा त्रिविक्रम रूप भै वलिराजाकन छलि पातालपूरमा पठाई इंद्रादि देवताकन स्वर्ग भोग गराया ५। पशुराम अवतारमा जमदग्निका पुत्र भै सहस्रार्जुनका वध गरि फेरि २१ वारपर्यंत पृथ्वीतल विषे क्षेत्रियहरूकन मारी निक्षेत्रीय गरि चिरंजिवी भै गया ६। रामचन्द्रावतारमा सितासहित वनवास गरि सिताको कारण गरि वानरहरू साहाय्य गरि सेतुवन्धन गरि लङ्का जाई रावणादिदैत्यहरू मारी विभीषणलाई राज्याभिषेक दी सिताकन साथ ली अयुघ्या फर्कि हनुमान र वीभिषणकन चिरंजिवी वर प्रसन्न भया । द्वापरयुगका भोग आठलाष चौसठि हजार ८६४०००, मनुष्यका आयुप्रमाण वर्ष हजार १०००, प्राणवायु, रक्तमांस चर्म संयोगे, विष्णुका अवातार २ । वलभद्र अवतारमा गोकन रक्षा गरि हल धारणा गरि दानवहरू माऱ्या । सुतकन मारि ब्रह्महत्या लाग्यो भन्या वहाना गरि महाभारत हुंदा कृष्णले भारत सम्पूर्ण गर्न पाठ गर्न्या छैन भनि निहुं गरि पहिले विदा ली माहाभारत हुन्या वेलासम्म तीर्थयात्रा गरि रह्या ८। यहापछि बुद्धावतारमा वलीराजाका आज्ञाले दानवहरू धेरै मिलि त्रैलोक्यमा भोग वान्छा गरि जातीस्मरणतीर्थमा तिव्र तप गर्दा समय इंद्रादि लोककन रक्षा गर्न निमित्त शाक्यसिंह नाम धारि आइ दानवहरूकन वोधज्ञान दी अहिंसा परमो धर्मःप्रभृ ती ज्ञानसिक्ष्या दि स्वर्गका भोगको वान्छा छुटाई वौधमार्गमा राषि इंद्रादिकन रक्षा गरि वौद्धमार्गको वृद्धि गरि वेदमार्गको प्रसंसा घटाया । कलियुगका भोग वर्ष चारलाष वतीस हजार ४३२००० मनुष्यका आयु प्रथम पादमा १०० वर्ष, प्राण अन्नमय, दुतीय पादमा स्थुलाहारि मनुष्यका आयु वर्ष पचास ५०, तृतीय पादमा मनुष्यका आयु वर्ष सोह्र १६, भक्ष्यण तृण पुष्प फलानि । कलियुगका अर्थमा विजायाभिनन्दन राजा जन्म ली समस्त दुष्टजन षण्डन गरि साधु जन लोककन सुषभोग दिन्याछन् । स्वयं सहस्त्रवर्षं जीवति । विष्णुका अवतार कलंकी १ श्लोक

**अन्ते कलंकि अवतारे दुष्टप्रमाण**
**मनुष्यान् युगमषड्गेन सर्वेभ्यो जनेभ्यो नाशयति ।**
**नृणां प्राणाः कृते मेधे त्रेतायामरस्थि संस्थिताः ।**
**द्वापरे रक्तमांसे स्यात् कलौ चान्ने व्यवस्थिताः १ ।।**

युगका भोग प्रमाणले गरि संसारमध्येमा धर्म अर्थ काम मोक्ष शुभाशुभ देव नदी तिर्थ शास्त्रादिका प्रभाव मनुष्यादिहरूका आयुर्दा बल, बुद्धि पराक्रम क्रमैसंग घट्दै जान्याछन् ।

## भविष्यपुराणका वचन—

**दशवर्षसहस्त्राणि विष्णुनामानि गोचरे ।।**
**तदर्धं जाह्नवीतोयं तदर्धं ग्रामदेवताः ।।१।।**

अस्यार्थः—कलियुगका १०००० दशहजार वर्षसम्म संसारमा विष्णुका नान प्रसंसा गरि रहनन् लोकजनले । ५००० पांचहजार वर्षसम्म भागिरथि गंगाको माहात्म्य रहला ।२५०० पचिससय वर्षसम्म ग्राम बिषे स्थापना गऱ्याका देवताहरूका द्वाराले भुक्तिमुक्ति पाउन सकनन् । यो नेपाल देवपुरि हुनाले भविष्यपुराणका श्रोक प्रमाणभन्दा अधिक वर्षपर्यंततक फलदायक नेपाल पुरि हुन् ।३२००० वत्तिसहजार कलिवर्षसम्म वागमतिका माहात्म्य रहन्या छन् भन्या वचन शास्त्रमा कह्याको छ ।

आदिदेषिको संक्षेप वर्णन यकलाष १००००० वर्षसम्म पृथ्वी जलामय अन्धीभूत भै रहंदा व्रह्मा र विष्णुको विवाद हुँदा ति दुईका मध्यबाट ज्योतिर्मय लिंग मुल देषि व्रह्मापर्यंत यकै ज्योति भै प्रगट हुँदा वाणि भयाको श्लोक

**मय्येव सकलं जातं मयि सर्वं प्रतिष्ठिम्**
**मयि सर्वं लयं याति तद्ब्रह्मास्म्यहमव्ययम्**

अलक्षण रूपका वाणि भै सृष्टि स्थितिको भारा पाई संसार रच्या उप्रान्त धेरै कालपछि सत्ययुगका

हजार १००० वर्ष शेष रहंदा देषि देवताहरूले २०००० विस हजार वर्षसम्म देवताहरू आउँदै वरदान पाई दिग्पाल भै गया। फेरि २००० दुइ हज्जार वर्षसम्म सुवर्णमय सत्यवति पुरि भै देवताहरूले राज गर्‍या उप्रान्त जोतिर्मय लिंग गुप्त भै जांदा देवताहरूले छाडि आफ्ना स्थानमा गया । आहां उप्रान्त तपोवन भै गया । ज्योतिरूपेश्वर मृगरूप धारणा गरि धेरै कालपर्यंत वन विहार गरि देव, दैत्य, सिद्ध देषि गुप्त भै रहंदा भया र हरविनु संसारको शोभा छैन भनि षोजिहिंड्दा व्रह्मा विष्णु, इन्द्रादि देवताहरूले पार्वतिका उपदेश पाई मृगकन चिह्नि शृंग ग्रहण गर्दा भविष्यवार्ता हरिणेश्वरबाट प्रसन्न भै क्रिडा समाप्त भयाको छैन स्वर्ग आउनको इच्छा मेरो छैन भनि अन्तर्ध्यान भै फेरि मृग रूपमा रहि विहार गर्दा भया । यहाँपछि व्रह्मा, विष्णु इन्द्रका हातको शृंग स्वर्ग, मर्त्य, पातालमा स्थापना गर्‍या । यहापछि म्लेच्छ किरातिहरू आई दशहजार वर्षसम्म राज्य गरिरहंदा समय कामधेनुले दुग्ध चढायाको देषि म्लेछहरूले पनि हेर्दा ज्योतिलिंग फेरि प्रकट भया र ती सर्व म्लेछहरू लिन भै भया र त्रेतायुगका अंतमा १००० यक हजार वर्ष शेष छंदा व्रह्मा, विष्णुबाट धर्मदेषिन् रहित भयाका म्लेक्षहरू सहजमा लिन भै तर्‍या । अनर्थ भयो भनि आई आरतीमध्ये घृतदिप वलिरह्या झैं प्रकट भैरह्यामा सुवर्णका पद्म कर्णिका मध्ये पारि मणिमय लिंग ज्योतिमाथि स्थापना गर्दा भया । फेरि विष्णुबाट पनि पंचव्यूहमूर्ति इन्द्रनीलमनीका लिंग बनाई उसमाथि स्थापना गर्दा भया । यहाँ उप्रान्त व्रह्मा, विष्णु, सिवात्मक लिंग भैगया । इन्द्रादिहरूबाट शिवलिंग वनाई आफ्ना आपना नामले नेपाल क्षेत्रमा स्थापना गरि रहंदा भया । यहाँ उप्रान्त डोलागिरिमा गरुडनारायण प्रकाश भया । आदिगणेश पनि नैरित्य कोनमा प्रकाश भया । एस्ता प्रकार संग स्थान स्थानमा धेरै देवताहरू प्रकाश भया । मणिमय सुवर्णादि लोप भैगया । तपोवन भै रहंदा फेरि विश्वकर्माले स्वर्णपुरि वनाई दिंदा द्वापरांतमा बेवताहरूले वास गरि रहंदा भया । तपोवन भै सकीयापछि हुन्या अधि तपोवन पर्यामा हरिणेश्वरबाट भविष्य वाणि भया माफिक तपोवन विहार समाप्ति भयापछि द्वापर जुगका शेष वर्ष ३०००० तिस हजार मध्ये १४००० चौद्ध हजार वर्षसम्म अगमस्थान भै राज्यकर्ता शुन्य भै रहदा चतुर्षष्ठि लिंगहरूका प्रति प्रभाव बुद्धि भै रिषि मुनिहरूले सिद्धि वर पाउँदै फेरि कोहि कोहि व्राह्मणादि चतुर्वर्ण म्लेच्छहरू, धर्मात्मा, पापात्माहरू नेपालमा पुगी ईश्वरीका अनुग्रह पाई उद्धार भै गया । रूक्ष नाम किराति पनि नेपाल पुण्यभूमि वाग्मतिमा प्राणत्याग गर्नाले कान्तिपुरिका राजा भै जन्म लिन गया । नेपाल भूमिमा विश्वकर्मा आई स्वर्णपुरि वनाइदिंदा मुक्ति सोपानपुरि भैगया र ईन्द्रादि देवताहरू आई सोर्णपुरिको भोग गरि रहंदा समय रूक्ष नाम किराति मरि कांचि देशका राजा हुन्या राजा आई धर्मदत नाम पाई गुह्येश्वरिका अनुग्रहले वरप्रसाद पाई देवताहरूकन हटाई १००० एक हज्जार वर्षसम्म स्वर्णपुरिको राज्य भोग गरि सिवलोकमा गमन गर्‍या । उप्रान्त फेरि देवताहरू आई वास गरि स्वस्व स्थानमा गया । उप्रान्त केहि काल पछि महेन्द्रमदन नाम दैत्य आई सुप्रभापुरिको राज्य १००० एक हज्जार वर्षसम्मन भोग गरि रहंदा समय अधि हरिणेश्वरबाट नेपाल तलाउ भै जान्याछ भन्या भविष्यवाणि प्रमाण प्रभावतिकन जलविहार निमित्त १६ वर्षसम्म वाग्मति थुनि ह्रद गरि राषदा प्रद्युम्नले महिन्द्रमदनलाई वध गर्‍या । प्रद्युम्नका सहायनिमित्त आयाका श्रीकृष्णबाट सेतुवन्ध काटि जलप्रवाह गराया ।। ह्रद हुंदा अघिका पुरिहरू विग्री सुप्रभापुरि पनि उजरि मणिमय वर्णादि लोप भै गया । केहि कालपछि नेमुनि गुरु पाई विरूपाक्षले तिर्थयात्रा गर्‍या उप्रान्त म्लेछहरू आइ वास गर्‍या । ग्रामहरू पनि वन्या ३०००० तिस हजार वर्ष सकियापछि ३००० तिन हजार वर्ष लाग्दासम्म म्लेछको राज होला भन्या वाणि भै इश्वर किरातरूपले विहार गर्‍या । १००० हजार वर्षपछि किरातरूप सिवसंग पार्वतीको भेट भयो । फेरि किरातिकन वैंशवलाधिप राजाले जय नगरंज्याल यही रुपमा रहुँला भनि आज्ञा भै सोइ रूपमा विराजमान भया । द्वापरयुग शेष १००० एक हजार वर्षपछि श्रीपशुपतिनाथ प्रकाश भया । नेमुनिकन अधि नेपालकन पालना गर्नु भन्या इश्वरिका वाणि पायाको हुनाले नेमुनिका नामले गरि नेपाल नाम हुनगयो ।

**कृते सत्यवती यत्र त्रेतायां तु तपोवनम् ।**
**द्वापरे मुक्तिसोपानं कलौ नेपालकापुरी ।।**

अर्थ ।। सत्ययुगमा सत्यवतिपुरि, त्रेतामा तपोवन भैरह्याका, द्वापरमा मुक्तिसोपान भैगया, कलिमा नेपाल भनि प्रष्यात भया ।।

## राजभोगमाला वंशावलि

क्रमेण वर्तमाने कलियुगे समस्त भूपाल मौलिमालाललित चरणाम्वुजस्य राज श्रीमत्पृथ्वीराजस्य हिमवच्छैल-

काटिदिया र जलप्रवाह भैगया । उप्रान्त अधिका देवताहरू मृत्तिकाले पूर्ण भै छोपिन गयाको थियो । केहि कालपछि मालागात नाम गोग्रामबाट नेप नाम गोपालको वहुदा नाम कपिला गाई वाग्मति तिरमा प्रतिदिन जाई उसिरपुंज मृत्तिकामाथि क्षीरधारा वहाई चढाउन जान्थिन् । एक दिन गाई षोजन जांदा नेप गोपालले देषि क्या कारणले यो स्थानमा दुद चढाउछिन्, केहि कारण निश्चय होला भनि तेस थानमा षनि हेर्दा ८४३ वर्ष द्वापरयुगका शेष वाकी छंदा श्रीमत्पशुपति भट्टारक शिव प्रकाश हुदा भया । पूर्वकालमा नेमुनिलाई नेपालकन पालना गर्नु भन्या वाणि श्रीज्योतिरूपेश्वरबाट श्रीवज्राष्या देवीबाट आज्ञा प्रसन्न भयाको केहि प्रमाणः—

**त्वं सिद्धो भव भक्तज्ञ अनेन तनुनाशनात**
**आद्यादिक्षयपर्यन्तं ततो मयि प्रलीयसे ।**
**त्वं च पालय हे वत्स इमं स्थानं निरंतरम्**
**वरं पशुपतेः क्षेत्रं धर्मेण धर्मरक्षितम् ।**
**ततो लोका वदिष्यन्ति तेभिधानेन सन्ततम् ।**

श्रीवज्रयोगिनीबाट नेमुनीकन वर प्रसन्न भयाकोः—

हे । पुत्र, सिद्ध भयौ । संसारमध्ये उत्तम मेरो भक्त हौ, अनेक रूप आसनादिले गरि आद्यादि क्षयपर्यन्त वसि अंतमा मविषे लीन हौला । हे ! पुत्र क्षेत्रहरूमध्ये वर भयाका पशुपति क्षेत्रमा निरंतर रहि धर्मले धर्मरक्षा गर । तम्रा नामले गरि नेपाल भनि संसारमा प्रष्यात हुन्याछ ।

**त्रैलोक्यानां गरिष्ठोयं नेपाल इति सर्वदा**
**नित्यं पशुपतिं तत्र समभ्यर्च्य सुभक्तितः ।**
**स्थित्वा तत्रैव सम्यक्त्वमेतं क्षेत्रं पुरं ययौ**
**ततः कालांतरे भूयस्तत् क्षेत्रं बहुवत्सरं ।**
**वाग्मतीजलसंपूर्णा ह्रदीभूता भविष्यति ।**

त्रैलोक्यमा गरिष्ठ भयाका नेपाल भनि प्रष्यात भयाका स्थानमा नित्य पशुपतिकन सुभक्तिले अर्चन गर । तेसै क्षेत्रमा वढीया तरहसंग वस । केहि कालांतरमा तेस क्षेत्रमा केहि वर्षसम्म वाग्मतिजलले पूर्ण भै जान्याछ । एस्ता प्रकारसंग नेमुनिले नेपाल ह्रद नहुँदै यस क्षेत्रका कर्ता भै पालना गर्नु भन्या वाणि वज्राष्या देविबाट वरप्रसाद पायादेषि मुनिका मध्ये मुष्य भै उपदेशकर्ता भै नितिको चर्चा भैरह्याका थिया । श्रीकृष्णबाट सेतुवंध काटि जलप्रवाह गराया उप्रान्त श्रीपशुपतिनाथका स्थानमा जाई पूजामान्य गर्दा समय श्रीपशुपतिनाथ प्रगट भै कृष्णकन दर्शन दिदा मुनिगणका मध्यमा रह्याका नेमुनिबाट एक हात उठाई हरिहरको भेद छैन भनि नानाप्रकारसंग वर्णन गरि स्तुति गर्दा श्रीपशुपतिनाथ प्रसन्न भै—हे नेमी, एस मेरा क्षेत्रकन तैले धर्मले गरि पालना गर्नु । तेरा नामले गरि कलियुगमा नेपाल भनि प्रष्यात हुन्याछ भन्या वाणि श्रीज्योतिरूपेश्वरबाट पायाउप्रान्त नेपालकन धर्मले पालना गर्ना निमित्त नीतिको विचार गर्दाको संक्षेप प्रमाणः —सत्ययुगमा महादेवबाट, त्रेतामा विष्णुबाट, द्वापरमा इन्द्रबाट, कलिमा धर्मराजबाट धर्माधर्मको विचार गरिकन फलशासनको आज्ञा दिन्छन् । नीतिका प्रवंध प्रथम ब्रह्माले स्थिति गरि विश्वकर्मालाई कार्यको आज्ञा दि पृथ्वीमा वेदका गतिले स्मृति वसाया । अहां उप्रान्त वैवस्वत मनुराजबाट मनुस्मृति वनाई नानाप्रकारका प्रवन्ध चलाया । जम्वुद्विपमध्ये हिमवत क्षेत्रमा स्थिति वसाउन निमित्त नेमुनिबाट धर्मराज थाइं जाई विंति गर्दाको केहि प्रमाणः—

**धर्मराजस्थितं देशं चिरं तिष्ठति देहिनाम् ।**
**विनान्यायविचारेण ग्रामो वृद्धिः कदाचन ।।**

हे धर्मराज, कस्ता स्थानमा तिमि वास गर्छौ भने धर्मराजले स्थित गर्‍याको देशमा वढियातरहसंग देहले सुस्थिर गति पाउँछ । विनान्यायको विचारले ग्रामहरूको वृद्धी कदाचित् हुँदैन ।

**न्यायशास्त्रविचारेण स्थितिमित्याह कारणम् ।**

न्यायशास्त्रको विचार भन्याको केवल स्थिति गर्न कारण निमित्त हो भनि नानाप्रकारसंग विंति गर्दा धर्मराजबाट आज्ञा गर्दछन् ।

**एवमस्तु यमं प्राह सत्यं स्मृत्वा गतामिषः ।**
**मंत्रयुक्तः शुचिर्भूतो धर्माधर्मविचक्षणः ।**
**स्वामिनं द्विजतुल्यं च भीतिर्नैव कदाचन ।**
**तस्य देहमहं गत्वा नान्यथा रहितो भया ।**

वढिया कुरो प्रश्न गर्न आयौ, सुन—सत्यवाचा स्मृति गतिमा रहन्या, मंत्रले युक्त भै सुचि भै रहन्या, धर्म अधर्मको विवेक भयाका, स्वामिका अधिनमा रहन्या धर्मज्ञ भयाका एस्ताकन कदाचित भय प्राप्त हुदैन तस्ताका देहमा म आफै वास गर्दछु । अरू प्रकार धर्मले रहीत भयामा सुस्थिर हुन्न भन्या नाना प्रकारका निति बोध नेमुनिले धर्मराजबाट सुनिसक्याप्रान्त स्वस्थानमा जाई वस्या । फेरि ब्रह्मादेषि वर पायाका देवताहरूले

मान्य गरियाका हिमालय पर्वत सहित नेमुनिले चर्चा गरि राष्याका पर्वतहरू १०० सय छन् । तनकन भुधरराज कहंछन् । ति पर्वतहरू मध्ये हिमालय र उसैंल वीजं पर्वतका दक्षिण भागका पर्वतहरू छत्रकहरू उजयंत, कासंद, चित्रह्लद, सुह्लद, केतुमीन, मणिमण, काभीरि, धेनुमान सुनाभ, व्याघ्रवाण, पुष्यर्क, वैतरण, सुनेमि, काभीरि, छत्रक, उजयन्त, कासुन्द, चित्रह्लद, सुह्लद, केतुमान, मनिमान, स्यामक, वृषभ, चक्र, द्रौण, काकन्द, ककुंद, स्कदः कुज, निकुंज, सुकुंद, षंदव, सिवकुट, सुवेल, परिपात्र, मृगेन्द्र, मंजुवाक,सिद्धासन,दौलागिरि, मनिधातु, चन्द्रवान्, सिद्धाचल, पुष्पवान्, कालगिरि, ऋषिवान्, सर्वौषदी, निसाराद्री, चन्द्रनगिरि आदि ई पर्वतहरू स्वर्गसमान हुन् । नेपालह्लद षोलायाप्रान्त केहि कालपछि नेप नाम गोपालले श्री पशुपतिनाथ प्रकाश गऱ्या उप्रान्त उहि वर्षमाहां अघिको आज्ञा पुराउन निमित्त नेमुनिबाट धर्म शास्त्र, स्मृति प्रमाण, नितिगतिले पालन गर्न विनाराजाले प्रजाको स्थिति हुंदैन भनि विचार गर्दाभया–

श्लोकः–

**मनवाल माहार्थं च भाषासंकरगह्वरम् ।**
**नेमुनिः पालवांस्तं च नेमनीतिं महोत्तमम् ।**
**नीतिधीः हरनीपालं नेपालं नेमुनिः पुरं ।**
**नवालः ज्ञाग्नीभूः साक्षात्सोहं वालोत्तमो मतः ।।**

मनवाल नेपाल नीवाल नवालय निवार नामभाषा–यो संकर गह्वरविषे मनवाल महार्थले युक्त भयाका नेमुनिले पालन गर्दा नेपाल भनि प्रष्यात भया । तेसै नेपालमा नेमुनिले पुत्रवत् पालना गऱ्याकालाई नेपाल कहंछन् । हरका उक्ति प्रमान नीतिज्ञानले युक्त भै रह्याकाकन निवाल कहन्छन् । केवल अग्नीदेषिन् भयाका नेवाल जो छन् सो साक्षात् हरसुत कुमार हुन् । यि चार बाल उत्तम कह्याका छन् ।

श्लोकः–

**महामुक्तमयी मूर्तिर्नरं च नरमीश्वरम् ।**
**बाल्यावस्था सदाकाले लक्ष्मीः श्री नेमगह्वरी ।**

महामुक्त भई भुमिविषे नररूप भै नरका इश्वर भयाका इश्वर इश्वरीका अनुग्रहले सदा बालावस्था झै श्रीनेमगह्वर वीषे रहेका मनवाल महातीर्थ पदले युक्त भयाका नेमुनिबाट

**विनान्यायविचारेण ग्रामो वृद्धिः कदाचन ।**

विनानीतिका विचारले ग्रामैको पनि कदाचित् वृद्धि हुदैन भनि धर्मराजसंग सिकीआयाका नीतिका गतिअनुसार विनानितिले पुर नगर ग्राम नर पशु पंक्षि वृही इत्यादि केहि प्रकारको पनि वृद्धि हुदैन भनि विचारमा ठहराई राजाका स्थिति नेपालमा वसाउन निमित्त गोपालका जातका मानिस कलि प्राप्त हुँदा कालको राजा हुनु छैन भनि हठ गर्न्या गोपालकन वोध दी शास्त्रअनुसार राज्याभिशेषदी आफुलाई ईश्वरी ईश्वरबाट दीयाका नेपाल पालना गर्नु भन्या–भारा सौंपि उपदेश दिया । तंत्रले युक्त भै मंत्रयुक्त गराउनु, सुचि सौच्य व्रतमा रहनु, राषनु, धर्माधर्मको वीचार गर्दै रहनु, गर्नु, गराउनु, स्वामिका अधिनमा रहनु, राषनु र तस्का सरीरमा धर्मको स्थिति भै धर्मचेष्टा भै मन सुद्ध भयाका मानिसकन सुस्थीर गति पाई इहत्रमा भुक्ति, परत्रमा भुक्ति पाउन्याछन् । अन्यथा कदाचित् स्थिति हुदैन भन्या आदि नाना नीति धर्म ज्ञानका वोध दि शास्त्रका प्रवंधले गरी व्राह्मणादि वर्णकन स्वस्व धर्म नेम निष्ठामा राषि श्रीपशुपति क्षेत्रकन पालना निमित्त राजाको स्थिर गतिमा राषिदिंदा भया । द्वापरयुगका अंत कलि प्राप्त हुन लागदा समय जम्वुद्विप मध्ये महाचक्रवर्ति महाराजा श्रीयुधिष्ठिर धर्मराज हुँदा भया । नेमुनिबाट नेपालक्षेत्रमा स्थापना गऱ्याका श्रीराजभुंमागत १ अस्य भोग वर्ष ८४। इन राजाले नेमुनिबाट उपदेश पाइया अन्सार निति धर्म नेम निष्ठामा रही श्रीपशुपतिनाथकन अघिका मूर्तिमाथि द्वितीय प्रतिष्ठा गरी अग्नि सर्मा व्राह्मणकन अर्चनकारी बनाई वैसाष शुक्ल ३ रोहिनि नक्षेत्र सौभाग्य योग आदित्य वारका दिन माहास्नानादि कर्मगरि नित्यपूजा आरंभ गरी यसै अक्षयतृतीयादेषि श्रीपशुपतिनाथकन नित्य नैमित्य विधिपूर्वक अर्चन गराया ।

इन राजाका पालामा श्रीपशुपतिनाथ प्रकाश भै श्लेष्मान्तक वनविषे नित्य किरातरूपले विहार गरी रहंदा भयाका थिया । इन राजाले ईश्वर ईश्वरिको सन्मान, गौको पालन, प्रजाकन प्रतिपाल गरी परम आनन्दसित राज्य भोग गरीरह्या । अस्य पुत्र श्रीं राजा जयगुप्त १ भोग वर्ष ७३।३। अस्य पुत्र श्री राजा परमगुप्त १ भोग वर्ष ९१।अस्य पुत्र श्री राजा हर्षगुप्त १ भोग वर्ष ६७। अस्य पुत्र श्री राजा भीमगुप्त १ भोगवर्ष ३८। अस्य पुत्र श्रीराजा मतिगुप्त १ भोग वर्ष ३७। अस्य पुत्र श्रीराजा विष्णुगुप्त १ भोग वर्ष ४६। एति सात पुस्ता गोपाल राजाले मातातीर्थसमीपमा ठूलो गोसाला वनाई देवताहरूकन भक्तीयुक्त सन्मान गरि गो व्राह्मण पुजा गरी

नेमुनिका उपदेश प्रमाण निति मार्गले प्रतिपाल गरी आनन्दसित राज्यको भोग गरि रह्याका थिया । अस्य पुत्र श्री राजा यक्ष गुप्त भोग वर्ष ७१। इन राजाका पाला-अघि जातिस्मरण तीर्थविषे तपस्या गरी रह्याका दानव-हरूकन विष्णुबाट शाक्यशिह नाम बुद्धावतार धारणा गरी दानवहरूकन वोधज्ञान दी बुद्धधर्ममा राषि सक्याप्रान्त संसारमा बुद्ध मार्गको वृद्धि भै आउँदा ई यक्ष गुप्त राजाले बुद्धमार्गीहरूको संग गरी बुद्धमार्गमा रहनका इच्छा गन्या र बुद्धमार्ग भै आफ्ना पुर्षाकन नेमुनिबाट उपदेश दी राजपदविमा प्रतिष्ठा गरी दियाको स्वधर्म मार्ग छोड्दा इन राजाको संतान नभै राजपदवि छुट्न लाग्दा मध्येदेशका महिषपाल अहीर गोपालकन झीकाइ राज्याभिषेक दिया । आफु मन्मा विषाद गरी आर्यघाटमा यक्षगुप्त राजाले प्राणत्याग गन्या । यति ८ गोपाल राजा-हरू नेमुनीबाट राजपदवी स्थापना गन्याका राजाका संतान-हरू हुन् । इनका जम्मा भोगवर्ष ५०७ । गोपालका अंतका राजा यक्ष गुप्तले धर्मपुत्र पालन गन्याका राजा श्री वरसिंह भोग वर्ष ४९ । अस्य पुत्र श्री राजा जयमति सिंह भोगवर्ष २१।७ । अस्य पुत्र श्री राजा भुवन सिंह भोगवर्ष ४१ । इ तीन महिषपाल राजाहरूले यक्षगुप्तका उपदेशमाफिक प्रजा प्रतिपालन गरी राज्य-भोग गन्याका थिया । नेमुनिका उपदेश इनहरूले धर्ममार्गको रीत चलाउन सक्याको थियेन । इ तीन महीषपालका जम्मा भोग वर्ष १११ । ७। गोपाल र महीषपालका जम्मा भोग वर्ष ६१८।११।

यहाँ उप्रान्त श्री पशुपतिनाथबाट अघि तीस हजार वर्ष पछि तीन हजार वर्ष २ हजार कलि लाग्दा संधिकै रात म्लेछ राजा हुन्याछन् भन्या वाणिअनुसार कलि प्राप्त हुंदा समय नेपालमा राजा हुन्याहरू थोरै द्वापर युगमा शेष न्हुंदा पूर्व दिशादेषि महाप्रतापसंग आइ महिषपाल राजासंग युद्ध गरी जिति नेपालका राजा भया । प्रथम केरात राजा श्री यलम्व भोगवर्ष ९०। इन राजाका पर्याय अघि पूर्वकालमा कैलाश शिषरविषे सभाका मध्ये श्री महादेव विराजमान भै रहंदा अकमास्त पार्वतीदेषीन रहीत भै गुप्तसंग किराति भिष गरी आफ्ना मायाले कसैलाई थाहा नपाउन्या गरी श्रीमहादेव किरातहरू भै श्लेष्मांतक वनमा किरातिगणले सेवा गरी विहार गर्दथ्या ।

पार्वतीले हरकन षोजिहींड्दा समय हजार वर्ष वित्या-पछि पार्वतीले हरका चरित्र बुझी उस्तै रूप धारणा गर्नको इच्छा गरी किरातिनी रूप धारी जाँदा महादेवकन मोह गराईन् र अतिसुन्दरी किरातिनी रहिछ भनि पार्वती-कन अंकमाल गरी प्रीति गरी रहंदा भया । फेरि केही कालपछी दुवै सहित भै किरातेश्वर शिवलिंग स्थापना गरि आफैहरूले पुजा गरि किराती कीरातिनी जस्तै भै सेवा गरिरह्या । जहाँ ब्रह्मा इन्द्र प्रभृती देवताहरूले गुह्येश्वरीका स्थानमा जाई शंकर यसै जगा छन् भनि जान्न निमित्त छ मैनासम्म तप गर्दा कार्तिक शुक्ल ९ का दिन ईश्वरी प्रसन्न भै आज्ञा गर्दीभइन्—भो ब्रह्मा विष्णु इन्द्र अमरहरू सुन—शंकर जहीं यहीं मेरा क्षेत्रमा किरातरूपले विहार गर्दछन् भन्या वाणि ईश्वरीदेखिन् पाई देवताहरूले उसै स्थनमा षोज्न जांदा किरातरुप शंकरकन देषनिवित्तिकै चिह्नी सवै देवताहरूले हातमाला गरी रोक्दा किरातहरू विषय विराजमान भयाका महादेव प्रसन्न हुंदा उस्तै अवसरमा किरातेश्वरी पनि आई पुगीन् । शंकरबाट देष्ने-वित्तिकै अंकमाल गरी देवी हुन् भनि जानि मुखकन हेरी तम्रा प्रसादले ई देवताहरूले मकन चिन्ह्या भनि ब्रह्मा विष्णु इन्द्र आदि देवताहरूकन केहि वचन वोल्दाभया । फेरि हज्जार वर्षसम्ममा विशालाधिप कैरातकन जय गर्न्या राजा नहुन्ज्याल यही स्वरूपमा पारवतीले सहित भै विहार गर्दछु भनि रहंदाभया ।

(क्रमशः)

# पत्रस्तम्भ

अर्जि·····················································································

उप्रान्त डाकाका कुराको वात वुझनु भनी हुंकुम भैं आयाका थीञ् मार्ग सुदी ८ रोज २ मा जन्ट मजीष्टर साहेव सीमानाका किनारामाँ आइपुग्या भनि षवर दीन उन्को ज्मादार दोश्रा पहरमाँ हामीछेउ आयो चौध दिनदेषी मं वेराम पर्‍याको थीञा होस पनि केही थियन उसै दिन चिठ्ठी लेषी आफ्ना मानिसका हाथ हामी भोली आउंला भनी पठायौं भोलिवेर वीहानै सुवेदार पद्मलाल उपाध्या र मोन्सी वहादुरसींहेरू गयाछन् १०।११ षडि दिन चढदामाँ सिमानाका कीनारा पुग्या छन् पुग्न्यावीत्तकै अंगरेज भयाका जगामा हामीहरू पनि आइपुग्यौं भनी षवर पठाया छन् जान्या मानीससीत मेरा डेरा उठयो अव म वस्न सकतिन एक छीन भेट दिउन् भनी पठायेछ र दुइतिन दिनअगाडि तिमीहरूले उहाँ जाइरहनु अंगरेजको जल्द सोभाव हुन्छ सवै जैजीमीदार तालेकोतवाल चाहीन्या मानीसुसमेत ली जानु भनी हनुमान्नगर कचहरीका अमलाहेरूलाई भनीपठायाको थियो उस वेलामाँ कोही पनी पुग्याका रहेनछन् फगत कारी पाडे र लक्ष्मीनारायण उपाध्या पोषर्‍याल उहां रह्याछन् तिनहेरूलाई साथ ली सुवेदारहेरू अंगरेजका मुलाकात गर्न जांदामां कचहरीबाट कोत्या राम थापा र मोन्सी घिनालाल भन्याको २ जनावाटमाँ भेटाउन आया इ सवै जना उहां पुग्दामाँ अंगरेजका असवाव सवै हिडाइहालेछ फगत आफु व स्याको डेरामात्र रहेछ तहां जाइ इनहरूले भेटघाट भलाकसारि गरी वातचित गर्दा मैं भन्या यहां वस्न सकतिन तालेलाइ लीन भनी आयाको छु उसलाई देउ र पुरैनीञांमाँ रूहवकारि गरौला भन्दा हाम्रा इनहेरूले तालेलाई क्या भनी सौंपीदिउं आजको दिन यहां वस र तालेदास ग्वाही साछी समेत् ल्याइदिन्छौं दुवैतर्फका मोकाविला गरी इन्सार लेउ र तजवीजले जो ठहर्ला सोवमोजीम गर्न्या काम होला भनी भन्दा म यो कुरो फैसीला गर्न आयाको होइन सीरिफ तालेलाइ लीन आयाको हौं अव वस्न सक्तीन तालेदासलाइ ग्वाहीसाछी समेत पुरैनीञां पठाइदेउ र मजीष्टर साहेव फैसला गर्नन् भनेछ उनले उस्ता कुरा गर्दा हाम्रा सुवेदारहेरूले क्या जवाव दियाछन् भन्या हामीलाई पनी श्रीसरकारबाट हुकुम भयो जो यहा वस्न्या रजीडंट साहेवबाट पुरैनीञां चिठ्ठी गैरहेछ उहाँबाट मजीष्टर साहेव आउन्याछन् तिमीहेरूले पनी ताहां जाइ मजीष्टर साहेवसित वसी डाकाको दोहरा कुरा सुनी पुरपछ्या गराउन्या काम गर्नु भनी आयाका हौं रजीडन्ट साहेवले नेपालबाट लेष्याको तौमीलाइ पनी आयाकै होला दुइ घडि तिमी यहाँ टिकीदेउ र तालेदासका ग्वाहीसमेत मै अमलाहेरूलाई जोरिदिन्छौं भन्दा पनी मानेनछन् उसो भन्या हामी दरवारमाँ कसो इत्लाय गरि पठाउं भन्दा थानाका दारोगाले भनेछ तालेदासलाइ हामीले सोपीदिञौन साहेव वेराम थिया उठीगया भनी लेषी पठाव भनेछ यो सुन्दा मोन्सीवहादुरसीत तीमी षुव कुरा गर्दा रह्याछौ राहवकारी नभै तालेदासलाई दिञ्‌न भनी कसो गरि लेषीपठाउं अरू पनी भन्दैछौं एकलहमा तिमीहेरू अट्क्यादेषी तालेलाइ जोरीदिछौं भन्दा साहेवले भन्या जो म वेरामी छु वस्न सक्तीन यसै भनी लेषी पठाव भनी एती कुरा भन्दै आफु पनी वीदा भया छन् हाम्रा सुवेदार मोन्सीले पनी तिम्रो डेराडंडा नउठन्ज्याल हामी पायेका कीनारामां डेरा गरी वस्न्याछौं भन्या जवाव दी फर्की आयाछन् आफना डेरामां आइपुग्यापछि लक्ष्मीकान्त उपाध्या र जिमीदार गैह्र तालेदाससमेत आइपुग्याछन् केसव फौजदार भन्या आयेनछन् फेरि अंगरेजका डेरामा हेर्न पठाउंदा विलकुल

---

यस अङ्कदेखि राष्ट्रिय अभिलेखालयमा रहेका र अरू पनि प्राचीन अप्रकाशित पत्रहरू यस स्तंभमा रहनेछन्–सं. ।

३२ सबै गया छन् एक जना पनी उहा रहेनछन् सो वुझी हाम्रा मानीसहेरू फर्कि आया साहेवले उस
३३ दिन पनी वसीदियाको भया डाकाको कुराको फैसीला हुन्या थियो साहेवले नवसीदिदा नासक्य
३४ भन्नौ यहासम्म भयाको विस्तार वीन्ती जाहिर गऱ्याको छ अवदेषी भयाको विस्तार जाहीर गर्दै रहुला
३५ वाकी मेचीतर्फ जानु भन्न्या चिठ्ठी सीधुलीको बाटो आउंदा ढिलायेछ मैं भन्या साह्रै वेराम परीरह्याछु उ
३६ ठ वस्को पनी तागत छैन अघी पनी छोराहरूले मेचीतर्फ पनी मानीस दौडायाछन् देरी होला भनी
३७ वीचवीचमाँ सवारीको डाक पनी राष्याको छ भोली यताबाट सुवेदार पद्मलाल उपाध्या र मोम्सी वाहु
३८ रसींहेरू रातवीरात गरी जान्या काम गर्नन् मैं पनी षडषडीयाका सवारीमाँ चढ्न सक्न्यासम्म ताग
३९ त भयो भन्या पनी सरासर जान्या काम गरुला जान अजान कृपा करुणा रह्या हाम्रो प्रतीपाल उद्धार हो
४० ला जो हुकुम् सो सही इती सम्वत् १८९१ साल मिती मार्गसुदि ११ रोज ५ मोकाम वैरवा शुभम्
सदा सुभचीन्तक फरमांवरदर श्री उदयानन्द पण्डितको वेदोक्त कोटि कोटि आशीर्वाद सतम्

१ स्वस्ति श्री सर्वोपमा जोग्यत्यादि सकलगुणगरिष्ठ राजभारोद्धारण षड्गग्राहिकसामर्थ श्री श्री श्री श्री
२ श्री श्री दाज्यू जनरल भीमसेन थापाका चरणतल इत श्रीरणवीरसिंह थापाको साष्टांग दन्डवत को
३ टि कोटि सेवा सेवा सेवा पूर्वक पत्रमिदम् चरणका आसिर्वादले ञाहा नीक ताहां पावकुसल आ
४ नन्द मङ्गल चरणार धीर हुनुभया हाम्रो सव वातको प्रतिपाल उद्धार होला आगे ञाहाको समाचा
५ र भलो छ उप्रान्त ९० सालमा नवल्पूरको ईजारादार सुव्वा हुन्या चेतसिंहले सवैले थाहा पाउन्या
६ गरी...१...देषी सय हात उँभो पचनदीमा भाजा हाली वांध लाई सयछविस हात् उंता फर्काई. पा
७ नीलाई वगर आफुतीर पारी वगरका वजारको महसूल लियछ र वेतीयाका अमलाहरूले षोलो
८ आफनै षुसिले जता चल्दथ्यो जतातिर वगर ठहर्दथ्यो हामीतीर वगर पऱ्यामा हामी महसूल लिन्थ्यौं
९ तिमीहरूतीर वगर पऱ्या तिमीहरू महसूल लिन्थ्यौ पछि तिमिहरूले भांजो हाली वांधलाई सलसंग
१० फर्कायौ र यो हामीतीर षोला आयो षोलाका श्रेस्ताले वगर हाम्रो ठहर्छ महसूल हाम्रै हुन्या हो भनी चे
११ तसिं सुव्वाछेउं वेतीयाका अमलाहरूले भन्याछन् र चेतसि सुव्वाले नछोडनु भनी जनरल साहेव वा
१२ ट आग्या भयाको छ भनेछ र वेतियाका मानीसले मलाई चिठी लेष्यो र चेतसिंलाई झिकाई. वेतीया
१३ का मानीसले महसूल उंठायो भनी ञाहा चिठी लेष्याको छ कसो हो अघि कौन सांध हो अ
१४ घिअघिदेषी नवलपूर षान्याले कौन सांध गरी महसूल उठायाथ्या पोंर तैंले कौन साध गरी महसू
१५ ल उंठाईथिस् भनी चेतसिंसीत सोद्दा अघिअघिदेषी आजतक खाई आउँन्याहरूले त पचनदि
१६ यता आयामा उताका वगरको महसूल उनीहरू लिन्थ्या पचनदी उता गयामा यताका वगरको मह
१७ सूल यतैबाट लिन्थ्या पोर मैले पनी असी हात पर पचनदी थियो र पचनदीदेषी यताको वगरमा मैले
१८ महसूल उठाई लिञाथ्या अघि जौन सांध हो अघिदेषी षाई आउँन्याहरूले जस्तो गऱ्याको हो तसैं गर्नु
१९ भन्याकोमा तैले जवरदस्ति गरी भांजा वांध हाली हामीसित नसोधि क्यान पचनदी उता फर्काईस् भन्दा
२० पोर असि हात पर उता वग्याको थियो यस् पाला यतातीर वगर कत्ति नराषी यताको ढिकसम्म षोली
२१ कन पचनदी यता आउदा वांध भांजा हाली पोर वग्याको ठाउमा मेरा मुनासिपले षोला पुऱ्याउन जा
२२ नीन जो आग्या भन्यो त्यो कुरा पऱ्याको असि हात वगरमा सवै महसूल १५ रुपैया उठाई राष्याको छ
२३ यति रुपैया उठ्याको छ भनी वेतीयाका मानीसलाई पनी थाहा छ भन्यो र २ मा...१...पार सुनाहा
२४ नदिदेषी वढो पचनदीदेषी पुंढो वगरमा...२...का मेला हुँदा वजारहरू लागीं महसूल आउँदो रहेछ तेसैं
२५ वगरमा अघि वेतियाको र नवलपुरको हाम्रा यताबाट अमिन भै जान्या हाम्रा भारादारहरू र अंरेजहरू
२६ भै साँध लाउँदा पचनदिको साँध गऱ्याको हो भनो ञाहांका मानीसहरूसित सोद्धा पचनदिकै सांध हो
२७ भन्या तेहि पचनदिलें हाम्रो वगरतिर चापदा परतीरको वगरमा नानी कर्णेल उजीर सिंह थापा
२८ का पालामा कुरा पर्दा षोलादेषी उताको वगर हुंदा वेतीयाले महसूल लियोथ्यो मलाई पनी थाहा

२९ छ भनी कप्तान किर्तिध्वज पांडेले भन्या अघिअघि नवलपुर षान्या सुवेदार अनन्त कार्कि सेवक
३० रामसरूप थापाको छोराहरूसीत सोधदा षोलाले ५०।६० हात् हामितिर चाप्यो भन्या उस्तीरका
३१ वगरको महसूल वेतियाले लिन्थ्यो षोलाले ५०।६० हात् उस्तीर चापी यस्तीर वगर रह्यो भन्या हामि
३२ लीन्थ्यु यस्तै चलीआयाको हो भन्या जिमिदार मगत्तर राईसित सोधदा मैले थाहा पायाको पनी प
३३ चनदिकै सांध हो भन्यो...१...मा मिल्दाषेर वगर रहन्या ठाउँमा सय छविस् हात् वगरमा ६०।८० हा
३४ त् वगर षोलाले चापन आउँदा यताउता जान्या गर्थ्यो पोरको साल र सयडेढसय हात् वगर कति
३५ पनी यस्तरफ नराषी वल्लो ढिकको छेउमा पचनदी आउँदा सुनाहा नदि र पचनदि...१...मा
३६ मिल्न्या ठाउँनेरा डेढसय हातको मात्रै फरक छ उहि वगरमा झगरा हुँदोरहेछ सिवानाको का
३७ गजमा कालापानीको सांध छ की सुनाहानदीको सांध छ की पचनदिको सांध छ कि हेर्नलाइ व
३८ वसनुभया कालापानीको सांध भया सुनहानदि पनी हामीतीर आउंछ सुनाहानदिको साध भया
३९ त्यो सयडेढसय हात वगर हामितीर आउँछ पचनदिको सांध भया र त्यो सयडेढसय हातको वगर उता
४० पर्छ चेतसिले ९१ सालमा त्यो वगरमा जस्को ठहर्ला तस्ले लेला भनी महसूल उठायाका रुपै
४१ या १५ पचनदिकै सांध सिवानाको कागजमा रहेछ भन्या फर्काईदे भनु कि जो आग्या विग्यच
४२ रणेषु ईति सम्वत् १८९२ साल मिति वैसाष वदि ७ रोज मुकाम पालपा तानसिं शुभम्

१ स्वस्ति श्री सर्वोपमाजोग्यत्यादि सकल गुणगरिष्ठ राजभारोद्वारण षड्गग्राहिक सामर्थ श्रीश्री
२ श्रीश्रीश्रीश्री दाज्यू जनरल भीमसेन थापाका चरणतल इत श्रीरणवीरसिंह थापाको सा
३ ष्टाङ्ग दण्डवत् कोटि कोटि सेवा सेबा सेवा पूर्वंकपत्रमिदम् चरणका आसिर्वादले आहां नीक
४ तांहां पाव कुसल आनन्द मङ्गल चरणार धीर हुनुभया हाम्रो सव वातको प्रतिपाल उद्धार
५ होला आगे आहांको समाचार भलो छ श्रावण वदि १३ रोज ५ मा लेषियाको करुणापत्र ये
६ हि सुदि ३ रोज ३ का दिन आइपुग्यो हरफ हरफ पढि अर्थ विस्तार सिर चढ़ाञा उप्रान्त हा
७ म्रा...१...को र सर्कार कम्पनीको अवउप्रान्तः डांका जाहां पर्छ वाहांका मालिकले सजाय
८ गर्नु भन्या दोहरा डांकुका लिन्दिन्का वेवराका रुक्काको कुरा अघि तंलाई पनी लेषि ग
९ याकै हो सोहि व्यवराका रुक्का र डांकुका कुरामा ढुंडुला पिटाई उर्दि दिन्या वन्दोवस्तका
१० रुक्कामा लालमोहर भै जगा जगा रवाना भया ताहां पनि लालमोहर २ जांछन् पुग्नन्
११ लालमोहरवमोजीमको काम नगरि गाफिलि गरिरह्यौ भन्या लालमोहरमा लेषियाव
१२ मोजीम सजाय होला सो जानी वहुतै तागिति गर्दै रहनु भन्न्या उर्दी जगाजगामा पठाउ
१३ न्या काम गऱ्या वढियाहोला भन्न्या सिक्ष्या लेषी आयेछ वहुत जोग्य वढिया हो...२...
१४ पल्टन्का जागिरमा दरियाका षेतमा षोलापैराले विगाऱ्याका षेतमध्ये षेत २।१५ भर्ना
१५ को लालमोहर १ महेश्वर पांडेका नाउको पुराना किलावमोजीमको लालमोहर १ र
१६ डाकाका कुराको लालमोहर १ डांका चोरिका कुरामा उर्दि दिन्या लालमोहर १ आ
१७ इ. पुग्या येउटामा नेपाल...१...र सर्कार कम्पनिका जौन् जगामा डांका पर्छ उस् ज
१८ गाका मालिकले डांका मार्न्याको सजाय गर्नु नेपाल...१...का मानिसहरूले सर्कार कं
१९ पनीका मुलकमा गै डांका माऱ्या भन्या सर्कार कम्पनीबाट मजाय गर्नु सर्कार कंप
२० निका मानिसहरूले नेपाल्...१...का मुलुकमा गै डाका माऱ्या भन्या नेपाल...१...
२१ वाट संजाय गर्नु भन्या वेवराको अघिल्लो यो पाठको वन्दोवस्तलाई तेरा तजवीज
२२ मा कस्तो ठहर्छ भनि रुक्काको मसौदा पठाइवक्सनुभयाको चाहिंमा भन्या दोहरो उर्दी दि
२३ नु १५।१५ दिनमा वढिया छ उर्दि दिनु भन्या लालमोहरमा भन्या दोसिवानाका ज
२४ गामा डांकु र चोरका वीद्दुत्ले दोस्तिमा षलल् हुन जान्छ दुनिञा रैयैत्लाई पनि

दुष हुन जान्छ तसुअर्थ चार वर्ण छत्तिस जातमा डांका र चोरिका कुरामा सावीत् हुन गयो भन्या ज्यूजहान्मा पर्ला भनि प्रगंना प्रगंना मौजे मौजेमा ढुड्ला पिटाई दि नु अवउप्रान्तः कचरि कचरिमा पनि १५।१५ दिनमा यसैवमोजीम्को उर्दी दि ताकित गर्न्या काम गर्दैरहनु भन्न्या वेवराको रहेछ यसै येकोहरा वेवराले अंग्रेज को मुलुकमा गै डांका र चोरि गर्‍यो भन्या ज्यूजहानमा पर्ला भनि १५।१५ दिनमा उर्दि दिदा त हाम्रा रैयेत्हरूको साह्रै मन षस्न जाला अलिक देसमा पनि वदनाम पर्ला भन्या छ्रैं पनि लाग्यो वन्दोवस्तको लालमोहरमा येक वेवरा उर्दी दिन्या लाल मोहरमा येक वेवरा हुनाले विन्ती गरि पठायाको हो दोहोरा पाठको वन्दोवस्तका ला लमोहर वमोजीम दोहोरो उर्दि नेपाल...१...का अम्वलका मानिसले सर्कार कम्पनिका अम्वलमा डाका र चोरि गर्न गयो भन्या सर्कार कम्पनीले सजाय गर्नु सर्कार कम्पनिका अम्वलका मानीसले नेपाल ......१...... का अम्वलमा आइ चो रि डाका मार्‍या भन्या नेपाल ......१...... वाट सजाय गर्नु भन्या ९१ सालका कार्तिक मैह्लादेषि वन्दोवस्त भयाको छ डांका र चोरिका कुरामा सावित् हुन गयो भन्या ज्यू जहानमा पर्ला भनि १५।१५ दिनमा ढुड्ला पिटाइदिन्या हो कि अंग्रेज्सितका वन्दोवस्तका कुराको लालमोहरमा भन्या डांकाको कुरा मात्रै रहेछ उर्दी दिनु भन्या पछिल्लो लालमोहरमा भन्या डांका र चोरिमा सावित भयो भन्या ज्यूजहा नमा पर्ला भन्न्या रहेछ चोरिको कुरामा २ लालमोहरमा येक वेवरा नहुंदा चोरि का कुराको उर्दि दिउ भन्या गाइ भैंसि वाषा धान चोर्न्यालाई पनि चोर भनीन्छ गा इ भैंसि वाषा धान चोर्न्यासमेतलाई हो कि घर फोरन्या र विचमा डांका मार्न्याला इ मात्रै हो अघील्लो मोहरवमोजीम दोहरा कुराका डांकाको उर्दि दिन्या हो कि पछिल्ला येकोहरा कुराका वेवराको डांका चोरिसमेत्को उर्दी दिन्या हो...१...मा विन्ती पारि वक्सनुभया हुकुम आग्या आयावमोजीम उर्दि दिन लाउला वीग्ये चरणेषु इति सम्वत १८९२ साल मिति श्रावण सुदि ५ रोज ५ मुकाम पाल्पा तार्नसि शुभम् ... ... ... ...

सं. १७०३ शा. .चै सु. ५ रोज १ काजिबाट साहा गुरूं सिमनि गुरं जस्कण थापाके

चैत्र वदी ७ को पत्र आयो अर्थ मालुम् भयो उप्रान्त आमदनी पठायाछौ आइपुग्यो तस्को रसीद जान्छ पुगला सिपाही थोरै हुंदा तहसिल चाडो हुंदैन भनी लेख्याका अर्थ अधिका सीपाहीलाई वदला दिननिमित्त पठायाका सिपाही पुग्याहुन आ मदनीका साथ आयाका सीपाहीलाई पनि फिराई पठायाको छ चांडो असुल गरी पठाउन्या काम गरनु अघौल्या भुसाल राणा ह्लायो थापा दस आठ घरले ...१... का लालमोहर देषाई अरिरह्याछन भनी लेख्याका अर्थ मुषले भन्याको सहिले भन्या हवैन मोहर आफ्ना आंषाले हेरी जस्का नाउमा मोहर भयाको रहेछ उन्का सन्ता नलाई छाडी अरू छेउ लिन्या काम गर्नु सुभम्



तनहुंका राजा दामोदर सेनले लक्ष्मण थापालाई लेखेको पत्र । पृष्ठ. २९

# अर्घाबाट प्राप्त केही ऐतिहासिक पत्र

*शङ्करमान राजवंशी*

वि. सं. २०१२–१७ भित्र पुरातत्त्वविभागमा ठाउँ ठाउँबाट आएका केही ऐतिहासिक प्रत्रहरूको संग्रह भएको थियो । तिनमध्ये छानवीन गरी कतिपय पत्र पुरातत्त्व-पत्रसंग्रहमा प्रकाशित भए । प्रकाशित हुन बांकी रहेका वि. सं. २०१२ मा गुल्मीबाट प्राप्त भएका केही ऐतिहासिक पत्र यहाँ दिइएको छ । ती पत्र हाल राष्ट्रिय अभिलेखालयमा छन् ।

## वि. सं. १७५३ को दामोदर सेनको स्याहामोहर

**परिचय–**

यो पत्र राजा दामोदर सेनले लक्ष्मण थापालाई लेखेको हो । यो पत्र जीर्ण छ । पत्रमा दाहिने छेउ गइसकेको छ । शिरमा कालो छाप छ । छापमा मसी ठाउँ ठाउँमा उडिसकेकोले अक्षर स्पष्ट छैन सक्कलपत्रै प्राप्त भएकोले त्यहीबमोजिम उतार यहाँ दिइएको छ ।

**मूल–**

१ ।। **स्वस्ति श्री रूपनारायणेत्यादीविविधविरूदावली विराजमानमानो (न्नत)**

२ **श्रीमन्माहाराजाधीराज श्रीश्रीश्री मद्दामोदर सेन देवानां सदा समरविज (यि)**

३ **नाम् ।।**

४ **लछुमन थापाके यो कवरकैराख्दैदिहल अपने षातीर-नीसासे (व)**

५ **थु अमल करथु सर्व्वथाकै इती संवत १७५३ साल फागुना सुदि**

६ **रोज मु. मआगदि वेनी**

**टिप्पणी–**

यी दामोदर सेन तनहुँका राजा प्रतापसेनका छोरा हुन्'[१] । बाजे तुला सेन जीवित छँदै बाबु प्रताप सेनको मृत्यु भएकोले बाजेपछि तनहुँमा यिनी राजा भएका हुन् । यो पत्र गुल्मीबाट प्राप्त भएको हो । यस पत्रमा उल्लिखित लक्ष्मण थापा पनि सायद गुल्मी वा अर्घानिवासी हुन सक्छन् । यस पत्रमा राजा दामोदर सेनले लक्ष्मण थापालाई आफ्नो कबूलबमोजिम काम गरिसक्नू भनी अह्लाएको कुराको भाव परेको छ । मूल पत्रमा श्र अक्षर र अ अक्षरमा भेद देखिँदैन यहाँ उल्लिखित मुकाम 'मआगडि वेनी' हो वा 'मश्रागडि वेनी' हो यो विचारणीय छ । अर्घामा मघाथुम भन्ने ठाउँ छ, केही पर पद्मावती भद्रावती विद्यावती नदीको त्रिवेणी पनि छ । यदि पत्रमा उल्लिखित मुकाम मआगडि वेनी हो भने मघाथुम र म आगडिमा प्रायः सादृश्य मिले जस्तो देखिन्छ । यसो भएमा यी दामोदर सेनको अर्घामा पनि अधिकार रहेछ भन्ने हुन आउँछ । पत्रमा तिथि वार नहुनाले गणनाबाट तिथि मितिको निर्णय हुन सकेन तापनि वि. सं. १७५३ मा दामोदर सेन तनहुँमा राजा थिए भन्ने कुरो यस स्याहा-मोहरबाट सिद्ध हुन्छ ।

## वि. सं. १८४० ज्येष्ठ शुदि ८ को अर्घाका राजा वीरकुमार राजदेवको पत्र

**परिचय–**

यो पत्र राजा वीरकुमार राजदेवले नरोत्तम जैसीलाई जग्गा बेची गरिदिएको हो । यस पत्रमा साल छैन । यो पत्रको नक्कल प्रति मात्र प्राप्त भएको हो । शिरमा छापको मोटामोटी नक्सा दिइएको छ । नक्साको बाहिरपट्टि शाके १७०५ संवत् १८४० टिपिएको छ । 'सकल बमोजिम नकल ठीक भनी सही गर्ने नारायणप्रसाद' भन्ने शिरको छेउमा लेखिएको छ ।

---

१ वीरपुस्तकालयबाट प्रकाशित सेनवंशावली १५,१६,३३, ३७ पृष्ठ हेर्नुहोस् ।

**मूल–**

स्वस्ति श्री रूपनारायणत्यादि विविध विरूदावलि विराजमान मानोन्नत श्री मन्माहाराजाधिराज श्रीश्रीश्री मद्वीर कुमार राजदेवानां सदा समरविजयिनां आगे नरोत्तम जैसिका रुपया पाच शय अठसट्ठि अंकेपि ५६८ इति लीयौं एतिमध्य रांपोत माहा षेत मुरा विस् २० हर्सिधुर माहा आफनै षाईल षेत मुरा अठ्ठाइस् २८ काभ्रावोट माहा वल्याष वास्याको अंतर घर्तिको षाईल षेत मुरा सय अंकेपि १०० वाधा लेषि दिञ्यु साछि मिझार दशरथ थापा निलकंठ राना सित थापा जयेभद्र पाडे धिर्जै षड्का दलपति वुढा मिति जेष्ठ सुदि ८ रोज १ मुकाम अर्घा शुभं

कर्ता रविनारायण शाह
ह. चौ. नरध्वज शाह
ली. धनेश्वर

**टिप्पणी–**

अर्घा गण्डकी प्रदेशको एउटा जिल्ला हो । यो जिल्ला हाल लुम्बिनी अञ्चलमा पर्दछ। विक्रमको अठारौं शताब्दी-तिर गण्डकी प्रदेशमा चौबीसी राज्य थिए । तिनै मध्येको यो एउटा राज्य हो । यो पत्रमा राजा धीरकुमारको मुकाम अर्घा भन्ने स्पष्ट उल्लेख हुनाले अर्घामा वीरकुमार राजा थिए भन्ने कुरा यस पत्रले प्रमाणित गरिदिएको छ । यस पत्रमा उल्लिखित मितिको गणना गरी हेर्दा वि. सं. १८४० बाट आएको पञ्चाङ्ग यस प्रकारको छ–

### वि. सं. १८४० ज्येष्ठ शुक्ल

| | गते | तिथि | वार | घडी | पला |
|---|---|---|---|---|---|
| ज्येष्ठ | २९ | अष्टमी | आदित्य | ३१ | २ |

वि. सं. १९३१ को जङ्गबहादुरको तल दिइएको रुक्का-पत्रमा यी वीरकुमारलाई शाह भनी लेखिएको छ । यस-कारण यी वीरकुमार शाह हुन् भन्ने बुझिन्छ । वीरकुमारको पत्रको अन्त्यमा लेखिएका मानिस मार्फतवाला हुनुपर्छ । तिनमा कर्ता रविनारायण शाह र ह. चौ. नरध्वज शाह वीरकुमारका तातेदार जस्ता बुझिन्छन् । पत्रमा साक्षी बस्नेहरू मिझार थापा राना पांडे खड्का परिवारका छन् । यसबाट राजा वीरकुमारको दरबारमा तिनीहरूको संबन्ध रहेछ भन्ने बुझिन्छ ।

## वि. सं. १८९० फाल्गुन वदि ६ को श्री ५ राजेन्द्रविक्रम शाहको लालमोहर

**परिचय–**

श्री ५ राजेन्द्रविक्रमले पुजारी नित्यानन्द जैसीलाई गुठी चलाऊ भनी अर्घाको महाकालीदेवीको गुठी थामी यो लालमोहर गरिदिएको हो । नकल पत्रबाट उतार गरी यहाँ दिइएको छ ।

श्री

श्री दुर्गाज्यू

श्रीमहाकालीदेवी

१

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य पत्रम्

आगे पुजाहारी नित्यानन्द जैसीके अर्घाका अम्वलमध्ये –१– को नित्य नैमित्य पुजा चलाउनलाई कम्पु पल्टन कम्पनिका जागीरमा नदरियाको तप्सिलवमोजीम ज्मा षेत मुरी ६० र वत्ति वाल्न निमीत्त लाकुरीवोट षरक समेत अघिदेषि गुठी रह्याको रहेछ सोह्रीबमोजीम आज पनी गुठी थामी बक्स्यौं इति जगाका पैदावारले नीत्य नैमित्य विधीपुर्वक पुजा गरी हाम्रो जय मनाई सेष रह्याको आफुले षानु आफना षातिर्ज्मासंग गुठ जानी चलं गर

### तप्सिल

| | |
|---|---|
| चनौटयाको वगर तेस्को साँध पूर्व षोलो दषिन नौविस्याको मुहान पश्चिम चनौटयाको पुरानु आलि-उत्तर भोर्दी षोलाभीत्रको षेत मुरी | ।३५ |
| ऐजन् चनौटया षेत मुरी ।५० मध्ये | ।१० |
| पलै व्राह्मणिको जफति उलवाङ षेत | ।७ |
| ऐजनको घोचक धारापानी षेत | ।८ |
| लाकुरिवोटया षरक तेस्को साँध पूर्व वाटामाथी चीलाउन्याको रुष दषिन जाउ–या षोलो पश्चीम चोवाहा षोलाको ठीक उत्तर धैन्यानीमुनिको तेर्छो वाटो | १ |

इति सम्वत् १८९० साल मिति फागुन वदी ६ रोज ७ शुभं

मार्फत प्रोहित रघुनाथ अर्ज्याल

## वि. सं. १९०२ वैशाख वदि ८ को श्री ५ राजेन्द्रविक्रम शाहको लालमोहर

**परिचय–**

श्री ५ राजेन्द्रविक्रम शाहले अर्घाका महाकालीदेवीको पूजा चलाउन र मन्दिर मरमत गर्नाका निमित्त गोकुल

पाध्या र चुरै पाध्याका नाउंमा अखत्यारी दिई गरिदिएको लालमोहर हो । यो पत्र नक्कलबाट उतार लिई दिएको छ ।

**श्री**

**श्रीमहाकाली देवी**

१

स्वस्ति श्री गीरीराजचक्रचुडामणी नरनारायेणेत्यादी वीवीधवीरुदावली वीराजमान मानमानोत् श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज राजेन्द्रविक्रम शाह वहादुर सम्सेर जङ्ग देवानां सदा समरविजयिनाम्

आगे गोकुल पाध्या चुरै पाध्याके अर्घा रजस्थलका दसैंमा दरीयाका मामुलि जगाका पैदावारले –१– को नित्ते नैमित्यक पूजा गरी दुवै दसै गर्नु अघीदेषि आजसम्म चली आयाका पाठ पूजा कत्ति नघटाउनु दसैंका काममा रह्याका कामदारको आजसम्म षाईपाई आयाको मामुलि नगदै दस्तुर दिनु तिमीहरूले षान्या दस्तुर तिमीहरूले षानु रजस्थलमा वस्न्या रयतले अनेत्रको झारा नजानु देवालय भत्क्या विग्याको बनाउनु नेवारहरूले साजविहान पुजालाई वत्ति धागो पुर्‍याई भजन् गर्नु तिनीहरूका घरमा अघीदेषि पनी चौधरीको घरगनी लाग्याको रहेनछ अव उप्रान्त पनी चौधरीले घर गनी नलीनु दसैलाई चाहीन्या रागा वोका अघीदेषि चली आयाका गाउवाट लीनु गाउघरले पनी मोल ली दीनु काज नअडकाउनु भन्या थीति वाधि अर्घाको मोहर ह्रानी तिमी दुईलाई अषत्यारी गरी वक्स्यौं आफ्ना षातिरज्मासंग मामुलि जगाका पैदावारले –१– को नित्य नैमित्यक पुजा चलाई उसै गरी हाम्रो जय मनाउन्या गर इति संवत् १९०२ साल मीति वैसाष वदी ८ रोज ४ शुभं

मार्फत माथवरसिंह थापा
मार्फत जङ्गवहादुर कवोर
मार्फत उमाकान्त उपाध्या

**टिप्पणी–**

अर्घामा श्री दुर्गा महाकाली देवीको प्रसिद्ध मन्दिर छ । प्रतिवर्ष त्यहाँ दसैंपूजा हुन्छ । देवीको नित्यपूजा चलाउन जग्गा गुठी रहेको कुरो पहिलो लालमोहरमा उल्लेख भएको छ । यहाँ पूजा चलाउने पुजारी जैसी हुँदा रहेछन् भन्ने कुरो पहिलो लालमोहरबाट ज्ञात भएको छ । पहिलो लालमोहरमा मार्फत पुरोहित रघुनाथ अर्ज्याल लेखिएको छ । यसकारण श्री ५ राजेन्द्रविक्रमका पालामा यी रघुनाथ अर्ज्याल पुरोहित थिए भन्ने स्पष्ट छ । दोस्रो लालमोहरमा मार्फत माथवरसिं थापा जङ्गवहादुर कुवर उमाकान्त उपाध्याय छन् । माथवरसिंह वि. सं. १९०२ ज्येष्ठ ६ गते दरवारको षड्यन्त्रमा जङ्गबहादुरद्वारा मारिए । गोकुल पाध्या चुरै पाध्याको सायद उमाकान्त उपाध्यासंग सम्बन्ध भएं जस्तो बुझिन्छ । उमाकान्त उपाध्याय राजदरवारमा भारदार देखिन्छन् ।

## वि. सं. १९३१ माघ शुदि ८ को श्री ३ जङ्गबहादुरको रुक्कापत्र

**परिचय–**

श्री ३ को रुक्कापत्र कम्याण्डर इन चीफ जनरल रणउद्दीपसिंहले अर्घा रजस्थलका गुठियार देवीदास भुसाललाई गरिदिएको हो । यसमा अर्घा रजस्थलका महाकाली देवीको प्रतिवर्ष चैतेदसैंको गुठी चलाउने विषयको कुरा छ ।

**श्री**

**श्री महाकाली देवी** **श्री ५ सर्कार**

१

स्वस्ति श्री मद्दति प्रचण्ड भुजदण्डेत्यादी श्री श्री श्री माहाराज जङ्गवहादुर राना जि. सि. वि. आण्ड जी. सी. येस्. आइ. थोङ. लिन् पिम्माको काङ वाङ स्याम् प्राइम मिनिष्टर याण्ड कम्यांडर ईन चीफ कस्ये रुक्का–

स्वस्ति श्री मद्राजकुमार कुमारात्मज श्री कम्याण्डर इन चीफ जनरल रणउद्दिपसिंह कवर राना कसे पत्रम्

आग्ये अर्घा रजस्थल वस्न्या गुठीयार देवीदाश भुसालके अर्घाली राजा जिल्ला राई पश्चीम सिसवन्गढबाट अर्घा आउदा नीज राजाका गुरु हाम्रा पुर्षा रामभक्त भुसाल हुनाले कुलायेन पनो राजा र भुसालका येकै पुजेका हुदा –१– लाई तिमीले आवाहन गरी वोकी जानुपर्छ भन्याछं –१– लाई वोकी नीज राजाका साथमा आई अर्घा पुगदा अर्घा सर गरी अर्घामा वसि –१– को स्थापना गरी नीत्ये नैमित्तेक पुजालाई षेत मुरी ।६० षरक १ र वडादसै चैत्यादसै पर्व पर्वका पुजालाई अर्घा मौलावोट सेरा षेत २। अरु सराजामलाई दरवारबाट रु १३ दीन्या वन्दोवस्त गरी गुठी राख्याका हुन् ३६ पुस्तासम्म मेरा पुर्षाहरूले नीत्ये नैमित्येक पुजा दुई दसै पर्वपर्वका विधि-

विधान गरी गुठी चलाई आयाका रहेछं । हाम्रा जीज्यू नर्तम भुसाल राजा विरकुमार साहाका पाला गोर्षा प्रवेस भयापछी पनी स्व गुठी थामी नीत्य नैमितेक पुजा गर्न्या षेत मुरी ।६० षरक १ का पैदावारले विधीपुरवक पुजा चलाई सेष रह्याको आफुले षानु भन्न्या लालमोहर १ र मौलावोट सेरा षेत २। का उवजनीले वडादसैं गैह्र नीत्ये नैमीत्येक पुजा गर्नु अमालीबाट आउन्या सराजामले चैते दसैं गर्नु वीधीवीधान् वली पुजा पाठ् गरी सेष रह्याको षानु भन्न्या मेरा वाज्या नीत्यानन्द भुसाल र कान्छा वाज्या पुने भुसालका नाउमा १ लालमोहर गरी वक्सदा –२– जये नीमीत –१– का स्थानमा साज सवेर नगरा वजाउनलाई वानादार दमाई र भजन् गर्नालाई रजस्थलका नेवार, वडादसैंमा मंडक पस्तारमा आफु २ भाईले मात्र काम भ्याई नसक्न्या हुनाले ठाउ ठाउमा राषि काम गराउनताई पढेका ब्राह्मण जाची प्रोहित अचार्ज ४ वेलपत्र वोकने नौरथा र हर्के उपासने भुसाल २ पुरान वाचने आरुषर्क वस्ने पंडीत्स्मेत राषन्या वंदोवस्त गरी –२–मा नीज वाज्याहरूले वींति पारी सनद समेत गराई स्वही गुठी षेतका उवजनीले नीत्ये नैमीत्येक बडा चैते दसैं गैह्र र अमालिबाट दीन्या सराजाममध्ये नीज भजनिया नेवारबाट वत्तिको धागो दस्तुर धोति कपडा ली गुठी चलाई आउँदा नीज वाज्या पुनै भुसालको पर्लोक हुदा नीमुषा बालष हामीलाई ह्याई वीचका मानिस नेपाल आई ढाटी वींति पारी पुनै जैसीलाई वाहेक गरी अघीका मोहर हामी भन्ने येही वडा दषैं पर्वपर्वका पुजा चलाउने आफना नाउँमा लाल मोहर गराई लगी जत्रतत्रले वर्ष छ संम अपुरा विधीसंग जवरजस्ती गरी गुठी चलाउदा थरी मुषिया वुढा पुराना सवैले यो गुठीको वीधान जत्रतत्र हुनाले पुगेन तिमीहरू अघी–देषिका गुठियारका छोरा नाति हौ तिमीहरूले चलाया मात्र वीधिपुर्वक गुठी चलाउन्या छौ भनी सबैले भंदा ८ सालदेषि नीज राजा जील्ला राईका संतान चौतरीया हरीकुमार साहीलाई मैले संग ली हामी २ भैं गुठी चलाई आयाका छौं सनदपत्र मागदा खिचला पर्नाले दियाका थियेनौ सनद नभै गुठी चलाउन हामीलाई मुस्किल परेको थियो यो सालदेषि षचपच परेको सनदपत्र सवै चुरै पाध्याले मलाई स्वपिदिया आफनु राजीनामा पनि लेषिदिया यस गुठीको वडा दसैं चैते दसैं पर्वपर्वका काम चलाउनलाई सवै आमदानी धान मुरी ६५ के दर मुरी १ ले रु. ६५ र घ्यूषानी रु. ५ समेत जम्मा रु. ७० आउन्या षर्च भन्या जींसी धान मुरी ४१।१७ नगदी मोरू ६५३।।।३ षर्च हुँछ सालवसाल टुट् परी हांरा घरघरानाबाट थपी गुठी चलाउन परेको छ ९ सालमा गुठी दरता हुँदा येही वडा चैते दसैं पर्वपर्वका पुजा गुठी र नीत्ये नैमीत्येका पुजा गुठी यकै –१–का गुठी भनी दरता हुदा २९ सालसम्म कसर ठेक मोरु ४ तीरी आयाका थीया ३० सालका सवारीमा नीत्ये नैमितेक पुजा गुठी सवारीबाट सेष षानु भन्या लालमोहर वमोजीं मेरा नाउँमा छुट्को सनद भयाको थीयो ३० सालका वालीलाई नीज चुरै पाध्याले दुवई गुठीको ठेक मोहोरु ५ को पट्टा गरी लैजादा मेरा नाउँमा छुट् भयाको रुक्काले गुठी कचहरीमा जादा नीत्ये नैमीत्येक पुजाको मात्र छुट् भयाको रहेछ वडा दसैं पर्व–पर्वका पुजा गुठी छुट् भयेन छ भंदा नीत्ये नैमीत्येका पुजाको मात्र मोहरु ४ छुट् गरी दिंदा ३१ सालका वालीलाई नीज वडा दसैं पर्व पर्व गर्न्या गुठीको ठेक मोरु १९। तिरी पट्टा गरी मैले लग्याको हो प्रभु यो गुठी पैले रह्यादेषि वीचका ५।६ वर्ष वाहेक हाम्रा पाला आजतक हामीले गुठी चलाई आयाको छौं सेष षानु भन्न्या सनद पनि छन् येस्ता गुठी गैह्र २४ सालदेषि नेकी छापका रुक्कावमोजीं छुट् गरी पाया सो नोक्सानी समेत परेको गुठी छुट् भयाको छैन मुषे अैन सवाल सनद भोग प्रमाणवमोजीं छुट गरी पाउ छुट् हुदैन भने गुठी षेत दुई सयेका उवजनी गैह्रले र भजनीया नेवारहरूले दीन्या वतिको धागो दस्तुर धोति कपडा ली वडा दसैं पर्व पर्व नीत्य नैमीत्येक पुजा चलाउनु भन्या अघीदेषि चली आयाका सनदपत्र वमोजीं वेहोरा षोली साल १ को ठेक रु. १९। सालवसाल तिरी गुठी चलाउनु भंने सनद वक्स्या उपजनी गैह्रले नोक्सानी सही गुठी चलाई मंदीर भत्क्या विग्र्याको वनाई हजुरका जय मनाउँदा हु भनी तिमीले वींतिपत्र चढाउँदा यो वेहोराको गुठी अर्घा रजस्थल–१–का ठेकको पट्टा गर्नालाइ ७ दीनका म्यादको पुर्जी गुठी कचहरीबाट टसाउमु भंन्या अैन सवाल छ तापनि म्याद टासनु पर्दैन साल १ को ठेक रु. १९। सालवसाल तीरी गुठी चलाउनु भंन्या गुठी कचहरीबाट यो वींतिपत्र ली रुक्का दस्कत गरी दीनु भंन्या–३–साहेवबाट मर्जि भयाको छ भनी प्रमांगी भैं सहीछाप गर्न्या–४– पल्टन ३ पट्टीका सुवेदार जसवहादुर भडारी छेत्रीले ३१ साल पौष वदी १० रोज ७ मा सहीछाप गरी दीयाका प्रमांगी मुताविक ३१ सालका वालीलाई तिमीले लीयाका अर्घा –१–का वडा दसैं गर्न्या गुठी–१–को इस्तक सम्वत् १९३२

साल वैसाक वदी १ रोजदेषि चैत्र शुदी १५ रोजतक वर्ष १ को सावीक ठेक मोरु १९। का दरले सालवसालि इजारा ठेकको पट्टा गरी वक्स्यौं दानपत्र सिलापत्र तार-पत्र लालमोहर पंजील गैह्र सनदवमोजीं र अघीदेषि दरी चली आयावमोजीं नीत्ये नैमीत्येका पर्वपर्वका पुजा सदाव्रर्त गैह्र चलाई कामदार कारींदाको वाली दी कवलवमोजींका रुपैयाँ यक किस्ता मार्ग मैनामा सालवसाल दाषिल गरी रसिद ली साल आषिर नाघ्या वासिलवाकि वुझाई फारषति लीनु तिम्रा कवलवमोजीं का गुठीका जग्गाजमीन षेत पाषामा षोलो पैरो लाग्यो आगो असीना सुषा वाल व्रज गैह्र दैवी पऱ्ये वाली पाकेन दुध्यौ मोही भाग्यो भन्या –२– बाट येक दाम मिनाहा पाउन्या छैनौ तिरा घरघरानाबाट गुठी सदावर्त वडा दसैं चैते दसैं पर्व पर्वका पुजा गैह्र काम कति नघटाई चलाई दैवी पऱ्याको वाली मोहीलाई ऐन वमोजीं मिह्रा दिनु तिम्रा कवलवमोजींका रुपैंञा सालवसाल किस्तामा दाषिल गर्न सकेनौ भने किस्ता नाघ्याका मितिदेषि ऐनवमोजींका किस्ताषिलापी सुत समेत ली सालवसाली जोडी वक्स्यौला देवालय सतल पाति पौवा मंदीर भत्क्या विग्र्या बनाउदै रहनु स्व बनायाको मिनाहा पाउन्या छैनौ औ दानपत्र सीलापत्र तामापत्र तारपत्र लालमोहर पंजील गैह्र सनदवमोजीं अघीदेषि दरी चली आयावमोजींका वडा दसै चैत दसैं पर्व पर्वका पुजा सदावर्त गुठी षेत २ का उवजनी गैह्रले र अघीदेषि दरी चली आयाका दैदस्तुरले चलाउनु गुठी चलाउदा घटाई चलायाको ठहऱ्यो भने जति घटायाको ठहर्छ विगावमोजीं सजाये होला ···१··· का स्थानमा रह्याका वा गुठी चलाउदा चाहिन्या सावीकवालाले तिम्रा जींमा बुझायाका नगद जीनीस गहना भाडा कपडा लता गैह्र माल हरायो चोरीयो भन्या तिम्रा पालामा हरायाको चोरीयाको तिमीले सट्टाहा राख्नु गहना भाडा कपडा लत्ता गैह्र माल भरसष संभार गर्दा गर्दै टुट्फुट् भयो भने गुठी कचहरीमा आई जाहेर गर्नु गुठीमा दरीयाका कामदार कारिंदालाई वीना तक्-सीरले षोसी पजनी नगर्नु षोसी पजनी गऱ्यौ भन्या ऐन वमोजीं वुझाउनुपर्ला भनी सालवसालको रुक्का दस्षतको पट्टा गरीवक्स्यौ आफना षातिरज्मासंग जगाको चलं गर ईति संबत १९३१ साल माघ शुदी ८ रोज ७ शुभं

पश्चीं तर्फका कम्यांडिङ जनरल
श्री जगतसम्मेर जङ्ग कवर राणा

**टिप्पणी —**

अर्घा रजस्थलका महाकाली देवीको जात्रा पूजा चलाउने गुठीयार भुसाल जाति छन् । यी भुसाल राजा जिल्ला राईका गुरुखलक हुन्, जिल्ला राई पश्चिम सिसवन गढबाट आई अर्घा विजय गरी अर्घामा राज्य गरेका हुन् भन्ने इत्यादि कुरा यस पत्रमा उल्लेख छन् । वंशावलीमा चाहिं जिल्ला राई चितवन गढ (चित्तौड गढ) बाट आएका हुन् भन्ने पाइन्छ । यसमा उल्लिखित सिसवन गढ सायद उही चितवन गढ हुन सक्छ । अर्घाका महाकाली देवी जिल्ला राईले साथमा ल्याई स्थापना गरेको भन्ने कुरा यस पत्रमा उल्लेख छ । त्यसको भनाइअनुसार अर्घाका महाकाली देवी निकै पुराना हुन् भन्ने बुझिन्छ । राजा वीरकुमारका पालामा गोरखा प्रवेश भएपछि पनि नरोत्तम भुसालले गुठी थामी पूजा चलाई आइरहेको हो भन्ने कुरा यस पत्रमा परेको छ । गोरखालीले वि. सं. १८४३ भाद्र २६ गते अर्घा विजय गरेका थिए (पूर्णिमा २ अङ्क ६१ पृष्ठ) ।

अर्घाका महाकालीको गुठी चलाउन लाग्ने खर्च जिन्सी-मा धान ४१ मुरी १७ पाथी र नगदमा ६५ रुपिया ३ आना ३ पैसा ३ दाम दिइएको छ । गुठीको आमदानी चाहिं धान मुरी ६५ को दर मुरी १ को रु. १ ले रु. ६५ र घ्यूखानी रु. ५ समेत जम्मा रु. ७० दिइ-एको छ, आमदानीभन्दा खर्च बढी टुट्टा पर्ने हुनाले थप व्यवस्था होस् भन्ने कुरा यस पत्रमा माग गरिएको छ । यसबाट अर्घा महाकालीको गुठीका लागि धान १०० मुरी चानचुन खर्च लाग्ने रहेछ भन्ने देखिन्छ । वि. सं. १९३१ मा धान १ मुरीको १ रुपिया रहेछ भन्ने कुरो यस पत्रबाट थाहा हुन्छ ।

यसबाट तिनताक अन्नको दरभाउ र अहिलेको अन्नको दरभाउसंग कति अन्तर पऱ्यो भन्ने तुलना गरी आर्थिक स्तरको इतिहास बुझ्न मद्दत पाइन्छ । यस ताका रण उद्दीपसिंह कम्याण्डर इन चीफ र जगत्सम्सेर जङ्ग पश्चिम तर्फका कम्यांडिङ जनरल थिए । दुबै जङ्गबहादुरका भाइ हुन् ।

## स्थानीय जनता दीलाराम भुसाल, बलबहादुर साही, पीताम्बर भुसाल, नारायणप्रसाद भुसालले दिएका अर्घाको विवरण

यो विवरण पुरातत्वविभागलाई गुल्मी छोटी

गौडाले स्थानीय वृद्ध जनताको सहयोगबाट तयार गरी वि. सं. २०१२ चैत्रमा पठाएको हो । त्यो विवरण–लाई प्रकरणैपिच्छे शब्द छुट्टयाई हेर्न सजिलो हुने गरी शीर्षक राखी छुट्टयाई यथावत् क्रमैले यहाँ दिइएको छ। यसबाट पनि अर्घाको विषयमा इतिहास बुझ्न केही मद्दत पाउन सकिन्छ ।

## अर्घा

अर्घा पवित्र भूमि भन्ने अधि देखिनै असल हुनाले अर्घ्य भन्दथे । पछि अर्घ्य शब्द बिग्रँदा अर्घा भन्ने भएको हो भन्ने पुराना वृद्धहरूले भनेका र अर्घाका गुफाहरूमा अधिका सिद्धेश्वरहरूले तपस्या गरी सिद्धि प्राप्त गरी सिद्धेश्वर स्वामी, शशिधर, लक्ष्मीनारायणहरू प्रभु भएका हुन् ।

## सीमा तथा सीमाभित्रका मौजा

अर्घाको सिवाना पूर्व गुल्मी र पश्चिम प्यूठान उत्तर धुर्कोट दक्षिण खांची छ । यो चौतर्फीभित्र रजस्थल मौजा १ बागी मौजा १ औवल मौजा १ सढीकर मौजा १ घोराषोरी मौजा १ वांरुक मौजा १ हुड्सपुर मौजा १ मेहेलपानी मौजा १ धाकावाङ अटजुं मौजा १ खन मौजा १ सार्कीधारा सिंधुरे मौजा १ खिलजी मौजा १ अर्घातोस मौजा १ वांला मौजा १ झेंडी मौजा १ डीभनो मौजा १ कुर मौजा १ नुवाकोट मौजा१ कींडाडा मौजा १ समेतका मौजाहरू छन् ।

## अर्घामा नृसिंहावतार

रजस्थल माझमा ऊचा ठाउँमा छ । वांरुक मौजा-मा श्री नृसिंह भन्ने ठूलो चारपाटे २० गज ऊचा १५ गज चाकलो ढुंगो छ । त्यसको उत्तरपट्टि त्यहीं ढुंगा समानको अन्दाजी ५ गज ऊचा ढुंगो छ । त्यस ढुंगा–लाई अघि श्री नृसिंह भगवान्को अवतार हुँदा सो ढुंगा-को माझबाट अवतार हुँदा २ टुक भै अवतार भै हिरण्यकशिपुलाई वध गरी प्रह्लादलाई रक्षा गर्नुभएको हो भन्ने किंवदन्ती छ र पूजा पनि गर्दछन् ।

## अर्घाको माले ओडार

औवल भन्ने ठाउँमा माले ओडार भन्ने यौटा गजव-को ठूलो ओडार छ । सो ओडारमा ५, ६ सौ जवान मानिस-हरू अड्छन् । सो ओडार ठूलो फराकिलो छ भन्ने अघि का राजाले थाहा पाई सो ओडारमा सत्संगत लायक तपस्वीहरू छन् कि हेर्न जा भनी आफ्नु सिपाही मगर-लाई हेर्न पठाउँदा सो मगरले कोही नदेखी फर्की राजा काहाँ आई "माले" भनेकोले अैलेसम्म माले ओडार भनेको भन्दछन् । सोही औवलमा हिउराज भन्ने ठाउँ छ । तहाँ श्री देवीको मन्दिर छ ।

## अर्घामा जिल्लाराईदेखिका राजा

अर्घाका उक्त लेखिएका मौजाहरूमा लगभग ४७००० जनसंख्याको वस्ती छ । अर्घामा अघि जिल्ला राईले राज्य गरेको सम्म कुरा छ । जिल्ला राई राजाको राज्य तखत मघाथुं भन्ने टापूमाथि यो टुंडिखेल, सो मघाथुं-देखि मिलान उत्तरपट्टि मसुरेपाटा भन्ने चौर हो भन्ने कुरा गर्दछन् । सो टुंडिखेल अन्दाजी २ हजार गज लामो र उति गजिलो छ । जिल्ला राईपछि उनका सन्तान श्री हरिहर राई श्री राई श्री कमला राईले राज्य गरे । त्यसपछि विश्वंभरकउ, कालादेउ र त्यसपछि श्रीस्वांसिंह, श्री मागुसिंह, श्रीदेउचंसिंह, श्रीवागसिंह, श्रीमृसिंह, श्रीहुवाम, श्रीवांकाली, श्रीनागी, श्रीछूरी, श्रीतर्फकाहरूले राज्य गरे ।

## गढवालका शिवराज शाह

श्रीतर्फकाले अर्घामा राज्य गरेका बखतमा गढवाल देशका राज्यमा मुसलमानहरूले चढाइं गर्दा गढवाल देशका राजकुमार राजा श्री शिवराज शाहले आफ्ना सेना फौज मिझार दसरथ थापा नीलकण्ठ राना, सीतल थापा, जयभद्र पांडे, धनञ्जय पांडे, धीर्जे खड्का, दल पति बूढा, रविनारायण शाह, नरेश्वर शाह, धनेश्वर शाह, धनेश्वरहरूका पुर्खा र गुरु प्रोहित रामभक्त भुसाल र अरू नाउँ प्रख्यात नभएका मानिस र हतियार श्री मूलकालीखड्ग, यमखड्ग, सूर्यखड्ग, इन्द्रखड्ग, ब्रह्मखड्ग, विष्णुखड्ग, शिवखड्ग, गणेशखड्ग, चन्द्रखड्ग, अग्निखड्ग र अरू ६४ खड्ग जंजाल तोपसमेत ली गढवाल देशबाट हिंडी अर्घा श्रीठूली देउराली भन्ने महाभारतको डांडोमा आई वास वसी खानपान गरी फौजसहित सुते ।

## गढवाली राजा शिवराजलाई देउरालीमाईको वरदान

पछि राजा शिव शाहलाई निद्रा नलाग्दा श्री देउराली

माई, परमेश्वरी म याहीं जाने हो भन्ने ठेगाना केही नभै त्यसै बीच परी हिंडिरहेको छु, जाने कहाँ हो ठेगाना छैन, बाटामा उपकार निमित्त बस्नु भएको हो, म अनाथ छु, दुश्मनले वास हन्यो, यस बखत मेरो आधार केही छैन फौज छ तापनि मलाई मात्र हेरी आएका छन्, मेरो आधार तपाईं नै भई रक्षा गरिदिनोस् भन्ने आर्त पुकार गर्दा श्री कालीदेवी प्रत्यक्ष भै हे राजा शिवराज, तिमीले अब दुःख मान्नुपर्दैन तिम्रो दुःख अब छैन, तिमी यही अर्घामा बस्नु पर्छ, यो अर्घाका राजा जिल्ला राईको वंशबाट राज्य छुटे पछि थिति राम्रो र राज्य गर्ने लायकका राजा छैनन्, भोलि अर्घाका राजा रूपदी भन्ने जङ्गलमा फौजसहित ली शिकार खेल्न जानेछन् सोही टायममा तिमीले कब्जा गर्नू, तिम्रो राज्य हुनेछ, तिमीले मेरो र तिम्रो पासमा भएका खड्गसहित हतियारलाई मैसरह जानी आजापूजा गर्नू, भनी श्री काली अन्तर्ध्यान हुनुभएछ र श्री कालीका उपदेशबमोजिम कब्जा गरी, पार्थवाड धोवी गौंडा भंने बाटामा फौज राखी सो हतियारद्वारा जीत भै शिवराज शाह राजा भए ।

## गढवालले विजय गरेपछिको अर्घा

पछि अघिल्लो राजधानी मघाथुमबाट पूर्व अन्दाजी ५००० गज फरक हरपीलकोट भन्ने ठाउँमा दरवार बनाई सो हरपीलकोटदेखि ४०० गज फरक टापूमा तीन चोक भएको सत्तल पाटी बनाई १ चोकमा श्री कालिकाको मन्दिर, अर्को चोकमा हातहतियार राख्ने र गुप्त कालिकाको मण्डप बनी बलिपूजा हुने १५ दिन दसैंमा पूजा गर्नेसमेत गरी र अर्को ठूलो चोकलाई पटाङगिनी बनाई हातहतियारसमेत सोही ३ चोकमा राख्ने गरी र निसानसमेतका अरू हतियार धोबीगौंडादेखि पूर्वमा राख्ने गरेका रहेछन् । सो निसान राख्ने ठाउँलाई अहिलेसम्म निसानको जग्गा भन्ने चलन र दसैं पूर्णिमाका दिन सोही जग्गाबाट जीतको घाणो आएपछि श्री देवीको जात्रा गरी देवी कालिकाका मन्दिरबाट निकाल्ने चलन छ ।

पानी खानालाई साउनेपानी भंने ठाउँमा इनार धारापानी भंने भीरमा पानीको धारा कुडापानी भन्ने ठाउँमा कुवा बनाई सो चौक भएको ठाउँमा श्री कालीको नित्य नैमित्य पूजा पर्वपूजा गर्ने र दसैं आश्विन शुक्ल पक्ष १५ दिनसम्म र चैते दसैंमा पूजा गर्ने विधान बनाई सो विधानबमोजिम पूजा गर्ने गराएका शिवराज शाहका छोरा मेधासीराज शाहा राजा भएछन् ।

## गढवालीले लिनुभन्दा अघिको अर्घाको घटना

शिवराज शाहले अर्घामा राज्य नगर्दै जिल्ला राईले राज्य गर्दा खांची धुर्कोटका २ जिल्लासमेत अर्घेका राज्यभित्रको अर्घा भएकोमा राईहरूको राज्य छुटेपछि अर्घामा हुने राजा विश्वभर कर्डहरूको दृष्टि नपुगी धुर्कोटमा र खांचीमा अरूले राज्य गरी आएको अर्घाको अंगभंग भएको रहेछ भन्ने मेधासी राज शाहाले जानी पैला धुर्कोटमा चढाइ गर्दा हातहतियार नभएका धुर्कोटका राजाले भीर टापूबाट ढुंगा पल्टाई नोक्सान गर्न लागेकाले धुर्कोटका राजाको हातहतियार नभएको पक्का जानी ठहराई धुर्कोटको राजा बस्ने दरवारकोटदेखि दक्षिणपट्टि पहरो भीर भएकाले सो पहरो भीरतर्फ धुर्कोटका राजाले दृष्टि नदिने हुनाले सो भीर पहरामा आँसको भरेङ खट बनाई अर्घाको फौज धुर्कोट दरवारमा पुऱ्याई हातहतियार केही नगएकाले मेधासी राज राजा आफै र निजका छोरा जयन्तराज, खड्गराज, वीरेन्द्रराज शाहहरूले मल्ल युद्ध गरी जिती वापस राज्य लिएका र खांचीमा पनि हतियार ली त्रिवेणी परेको तीर्थस्थान चुत्रावेसी गै मेधासी देवीको स्थापना गरी खांचीमा चढाई गर्दा खांचीका राजा भिड्नै नसकी हाला भएकाले खांची मगराकोटको उमरा गराई राखी खांची सर वापस भएकाले मेधासी राज शाहले जीवित छँदै ३ भाइ छोरामा जेठा जयन्तराज शाहलाई अर्घामा र माहिला खड्गराज शाहलाई धुर्कोटमा, कान्छा वीरेन्द्रराज शाहलाई खांचीमा राज्य दी माननीय अर्घा गराई मेधासी राज शाहा तीर्थ स्थान चुत्रादेसीमा तपस्या गरी समाधि भए । मल्ल–युद्धबाट धुर्कोट सर भएकाले मेधासी राज शाहका माहिला छोरा खड्गराज मल्लका सन्तान धुर्कोट नयाँगाउँमा छन् । कान्छा वीरेन्द्रराजका सन्तान खांची डिहीडाडामा छन् ।

## अर्घाका राजा जयन्तराजका वंशहरू

अर्घामा राजा हुने जेठा जयन्तराज शाहपछि निजका छोरा अनन्तराज शाह राजा भए । अनन्तराज शाहले अर्घाबिसी विहार भन्ने ठाउँमा हिउँद ४ महीना बस्ने दरवार बनाए । सो दरवार हाल छैन । पुराना ईंट

झिंगटीका टुक्रासम्म अद्यापि देखिदै छ। अनन्तराज शाहपछि धनराज शाह राजा भए। निजले रतुवा भन्ने ठाउँमा पोखरी १ बनाएकाले हालसम्म सो पोखरीलाई राजाको पोखरा भन्ने नाउँ प्रचलित छ। धनराजपछि भूपतिराज शाह राजा भै मधेशबाट विकट बाटो बनाई हात्ती ल्याई पालेका हुनाले हालसम्म हात्तिसारको माटो चाहिएमा बांधेको ठाउँ भनी माटो लिने काम गर्दछन्। भूपतिराजपछि नरदेवराज शाह, निजपछि निजका छोरा हटीराज शाह, हटीपछि निजका छोरा अहिंवर्णराज शाह राजा भए। निज सं. १८३० शाके १६९५ मा परलोक हुँदा श्री राजा वीरकुमारराज शाह राजा भै अघि आफ्ना वंशले थामी आएको थिती थामी देव देवताको आजा पूजा गरिआए। वीरकुमारका सहोदर भाइ धर्मराज शाहका छोरा धनराज शाह, निजका छोरा डिम्बध्वज साही, निजका छोरा उजीन्द्र साही, उजीन्द्रका छोरा हरिकुमार साही,* निजका छोरा त्रिपुरा साही, धंजु साही, निजहरूका छोरा हाल जीवितै रहेका बल बहादुर साही बालनर्सि साही गोकीते साही जीवबहादुर साहीहरू अर्घा गहते भन्ने ठाउँमा छन्।

## शिवराजका पालादेखि वीरकुमारका पालासम्मका अर्घाका अवशेष चिह्नहरू

शिवराज शाहले बनाएको वीरकुमारसम्मले राज गरेको हरपील कोटको राजा बस्ने दरवार हाल केही छैन। चिह्न ढिस्को छ। सो ३ चोक भएका पाटी पौवा देवालयदेखि पश्चिमपट्टि लमाइ गज २००० चौडाइ गज २० को मैदान सारै रमणीय छ। सो मैदानका अगल वगलमा प्रशस्त घर र श्री कुलायन देवीहरूका मन्दिरले साह्रै सोभायमान देखिएको छ। सो कालिकाको मन्दिर देखि पश्चिमपट्टि श्री खीमानन्द भुसालले स्थापना गरेका श्री हेम लक्ष्मीनारायणको मन्दिर पौवा छ। साह्रै रमाइलो छ। सो मैदानदेखि पश्चिमपट्टि हवाइ स्टेशन बनाउन लायकको फाटक चौर छ। सो चौरदेखि दक्षिण पट्टि अघि राजा वीरकुमारले जनैपूर्णिमाका दिन जनै पूजने मेला लाउने गरेको ठूलो अति मनोहर पोखरी छ। सो पोखरी अघि राजा वीरकुमारले बनाएको भन्दछन्। सो ठूलो चौरदेखि उत्तर पश्चिमपट्टि ओडारपानी भन्ने ठाउँमा राजा वीरकुमारका पालामा गारो बनाई माटाको छानु हाली बनेको ठूलो ओडारभित्रको अति मनोहर ४ कोठा भएको गुफा १ र अरू सहाय गुम्मा ओडारहरू र त्यसको अगलबगलमा श्री स्वामी सिद्धेश्वर, शशिधर प्रभु, श्री स्वामी लक्ष्मीनारायण प्रभुहरूको चर्चा बनाएका सो सिद्धगुफालेखि उत्तर छेडादेखि गैरासम्म र दिउमाडी र थाप्लादेखि पूर्वसम्मको अनेक किसिमका फलफूलले सोभायमान भएको फूलबारी र फूलबारीदेखि बाहिर पूर्वपट्टि तप्तकुण्ड, सिद्धकुण्ड र अरू पोखरीहरू छन्। गुफामा हाल श्री स्वामी जयकानन्द रही हरिभजन गर्नुहुन्छ। सोदेखि उत्तरपट्टि ध्ववांघाट भन्ने ठाउँमा पानीका धाराहरू छन्, त्यसदेखि उत्तर खन भन्ने मौजामा श्री शशिधर स्वामीहरूले स्थापना गर्नुभएका सिद्धगादी र कपिलेश्वर महादेवहरूका मन्दिर र ठूलो गुफा छ। सो गुफामा श्री योगेश्वर हरू हरबखत रुजू रही हरिभजन गरिरहन्छन्। योगीहरूलाई खान गुठी खेतले नपुगी भिक्षा गर्दछन्।

## अर्घाको मूलफुटा

सो अर्घा रजस्थलको पश्चिम भागमा मूलफुटा भन्ने पुरानो नाउँको एक मूल छ। त्यसमा वर्षा लागेपछि घाम लागेको या झरी नपरेको बखतमा मूल फुट्दा सबभन्दा पहिले मूल पानी आउने भ्वाङबाट तामाको पातामा बत्ती, बत्तीपछि गँगटो, गँगटोपछि सर्प, सर्पपछि पानी आउँछ भन्दछन्।

## अर्घाको त्रिवेणी तीर्थ र बाटो तथा फाटक

अर्घा रजस्थलदेखि पूर्व १ कोस फरकमा चुत्राबेसी भन्ने ठूलो फाटक परेको ठाउँ छ। सो ठाउँ खांचीको र अर्घाको पाहीमा छ। उत्तर भोटानतर्फ जाने र दक्षिण मधेश जाने पूर्व पश्चिम जाने ठूला मूलबाटा र अरू अरू ठाउँमा जानेसमेत चौतर्फी बाटो र पद्मावती, भद्रावती, विद्यावतीसमेत ३ नदीको त्रिवेणी परेको छ।

***जङ्गबहादुरको माथिको रूक्कापत्रमा चौतरिया हरिकुमार साही जिल्लाराईका सन्तान हुन् भनी लेखिएको छ। त्यसकारण राजा वीरकुमार शाह जिल्ला राईका वंशज हुन् भन्ने देखिन्छ।**

## अर्घाको सतीढुङ्गा

सो ठाउँमा महाभारतको डांडोनगीच भै पूर्वभागको कुनाले ५।६ दिनको बाटो मुर्दा ल्याई काशीखण्ड भनी चुत्रावेसीमा ल्याई दाहसंस्कार गर्छन् । अघि अघिका राजाका पालामा सोही ठाउँमा सती पोल्ने गर्दथे । सती पोल्ने ठाउँमा ढुङ्गो भएकाले सो ढुङ्गालाई सतीढुङ्गो भन्दछन् । पर्वपर्वमा माघेसंक्रान्ति, ग्रहण, एकादशी, शिव रात्री आदिमा लाखौं मानिस जम्मा हुन्छन् । अघि अर्घाका राजा मेधासीराजले मेधासी देवीको स्थापना गरेकोमा सो मन्दिर पाताल हुँदा सोही सट्टामा धनेश्वर भुसालले मेधासी देवीको मन्दिर पौवा बनाई पूजा गराई आए–काले दसैं आश्विन शुक्ल १२ का दिन मेला लाग्छ । ठाउँ फराकिलो र रमणीय छ ।

## अर्घाको देवगुठीको व्यवस्था

अघि अर्घाका राजा शिवराज शाहले स्थापना गरेका देवताको पूजा राजा वीरकुमार शाह वांसी प्रवेश गरे तापनि नेपाल सरकारबाट गुठी खेत जग्गासमेत सदर थामी बक्सेकोले पर्व पर्वका पूजामा पूजा, भजन, पुराण भएर्पाछ वर्तमान श्री ५ माहाराजाधिराजको नाम पुकारा गरी घोर शब्दले जय मनाउने गर्दछन् । पूजा गर्ने श्री ५ महाराजाधिराजका वारेस कर्ता भै बलबहादुर साही, चन्द्रबहादुर साही, गोकीते साहीहरूले सङ्कल्प लिने, पूजा गर्ने गर्दछन् ।

मन्दिर, सत्तल, पाटी, पौवा अघिका राजाले बना–एको पुरानु भै पाताल हुँदा मन्दिर १ पश्चिमपट्टिको पौवा रोमाखर भुसाल, पीताम्बर भुसालहरूले बनाएका र त्यसमा मन्दिरको गजूर सल्यानी राजा सेखबहादुरले चढाएका, अरू सत्तल. पाटी पौवाहरू पाताल हुँदा २२ सालमा एक पटक र ५१ सालमा अर्को पटक पाताल हुँदा, २ पटक श्री धनेश्वर भुसालले रोमाखर सहायता ली बनाई गजूरसमेत चढाएकामा पनि सो पाटी पौवा मन्दिरहरू हाल जीर्ण हुँदा बखत बखतमा पीताम्बर, दिलाराम' धर्मदण्डपाणि, बी. ताराप्रसाद मु. नारायण प्रसाद, लोकहरि भुसाल, पं.खुवीराम वाग्ले, मु. गुनबहा-दुर खड्का, खडानन्द वंजाडेहरूले कोशिशसाथ मर्मत गर्दैछन् तापनि ९० सालको भूकंपले केही भत्केकोले बनाउनालाई भैरहेका सनद, लालमोहरबमोजिम अर्घा जिल्लामा देवताको काममा गुहार माग्दा झारार्टटा गर्नु पर्दैन, ज्याला चाहिं प्रजातन्त्र भयो भनी रैतीले झारा नदिने र उदारचित्त भई बनाई आएकाले बनाउन साव-गासले नभ्याइने भै सो मन्दिरहरू थाम्न मुश्किल भै रहेको छ । आजापूजालाई पनि अर्घा जिल्जाका रैतीले १ मूठी तेल मोल रू. ।१ पैसा ली दिन्थे । हाल सो दिन पनि मुस्किल मान्न लागेका छन् तापनि बल्लबल्ल असूल गराई पूजा पुराण इत्यादि चलिआएको छ ।

## अर्घामा मेला लाग्ने दिन

आश्विन शुक्ल पूर्णिमाका दिन ४०।५० हजार मानिस जंमा भै मेला लाग्छ । सो पूर्णिमालाई पश्चिम-तर्फका मानिसले अर्घाको पूर्णिमा भन्दछन् । भाद्र कृष्ण अष्टमीका दिन ४।५ हजारको मेला लाग्छ । श्री कृष्णको पूजा हुन्छ । शिवरात्रीका दिन रुद्री पूजा भै २।३ हजार जति जंमा भै मेला लाग्छ । चैत्र शुक्ल नवमीका दिन श्री हेमलक्ष्मीनारायणको मेला लाग्छ । कार्तिक शुदि ३ का दिन ५।६ हजारको मेला लाग्छ । अति रमाइलो ठाउँ छ । अर्घामा आएका मानिसले अर्घामा यस्तो रमाइलो होला भन्ने ठानेका थिएनौं भनी साह्रै आश्चर्य मान्दछन् ।

सो मन्दिरमा अर्घेली राजाको काजी दुर्गादासको छोरा काजी बैकुंठ, बैकुंठका छोरा रघुपति, रघुपतिका छोरा धनेश्वर भूसाल भंनेले राखिदिएको धातुको चैत्यमूर्ति छ ।

अर्घामैदानदेखि पश्चिमपट्टि रानीगैरा भन्ने एउटा ठूलो पोखरी छ । वरिपरि चौर भै बीचमा ठूलो पोखरी हुँदा साह्रै रमणीय छ । यो पोखरी अघि मेघासी राजाका छोरा खड्गराज साहीकी रानीले धुर्कोट जाने बखतमा खनी गएकी हुन् भन्दछन् ।

## अर्घाको घोर्लासी टुप्पा

अर्घा मैदानदेखि पश्चिमपट्टि मिलान १ पाउ फरक-मा उच्चा घोर्लासी भन्ने ठूलो पर्वत छ । पानी माग्नुपर्दा घोर्लासीका टुप्पामा गै सिद्ध पूजा गरी पानी माग्ने गर्छन् । सो घोर्लासी लेकमा र त्यसको मिलान उत्तरपट्टिको घेर भन्ने पर्वतमा तामाखानी सिसाखानी–समेत झिकेका खानी ठूला र खानी छन् ।

★

# जलविज्ञान

## (दकार्गलबाट उद्धृत)

*देवीप्रसाद लंसाल*

### ग्रन्थ परिचय

ग्रन्थनाम————दकार्गल
विष————जलविज्ञान
ग्रन्थकार————वराहमिहिर
भाषा————संस्कृत
लिपि————नेवारी
पत्र————ताडपत्र
ग्रन्थकारको समय—शाके ४२७,
ग्रन्थरचनाकाल—शाके ४५५
लिपिको समय—लगभग ५०० वर्ष पुरानो
साइज————१२ × २
पङ्क्ति————६
ग्रन्थ संख्या————१५०
पत्र संख्या————८

यो ग्रन्थ राष्ट्रिय अभिलेखालयको चौथो लगतको नं. १६२ को हो । यसमा जलको अभाव भएका ठाउंमा जल पत्ता लगाउने प्रकार लेखिएको छ । किनकि पानी जीवजन्तुलाई मात्र आवश्यक पर्ने हैन, अपितु पृथ्वीमा उत्पन्न भएका रूख, पात, जड, चैतन्य सबैका निमित्त अत्यावश्यक पर्दछ । जुन नभै कसैको जीवन रहन शक्तैन, त्यसैले पानीलाई सँस्कृतमा 'जीवनम्' भनेको छ । जुन ठाउंमा पानीको अत्यन्त अभाव छ, त्यस्ता प्रदेशमा कस्ता कस्ता चिह्न र लक्षण देखिएमा पानीको संभव हुन्छ र कति गहिराइमा कस्तो किसिमको पानी पाइन्छ भन्ने कुरो यस ग्रन्थमा लेखिएको छ । खन्दै जांदा त्यस ठाउंमा पानी पाइन्छ भन्ने विश्वास गराउने चिह्नहरू पनि लेखिएका छन् । खन्दाखन्दै बीचैमा अभेद्य शिला भेटियो र त्यसलाई फुटाउन वा निकाल्न सकिएन भने, कुन कुन उपायबाट फुटाउने भन्ने पनि यसमा लेखिएको छ ।

यस ग्रन्थमा यति पुरुष खनेपछि यस्ता चिह्न र पानी पाइन्छ भन्ने लेखेको छ । जस्तै लम्बाई हैन चौडाई मिलाएका ८ जौ[1] को एक अङ्गुल हुन्छ । २४ अङ्गुलको एक हात र ५ हातको (उभिएर हातसमेत माथि उठाउंदा पैतालादेखि माझीऔंलासंमको नापो) मानिसको उचाइ मानेको छ । यस ग्रन्थमा प्रायः यति पुरुष तल भन्ने लेखिएको छ । साधारणतया पुरुषको उचाइ ५ हात मानिएको छ र मैले लेख्दा पुरुषको सट्टा हात लेखेको छु ।

जुन हिसाबले मानवशरीरमा नसाहरू कुनै तल, कुनै माथि कुनै यता, कुनै उता, भएर शरीरभर, व्याप्त छन्, त्यस्तै हिसाबले पृथ्वीमा पनि जलवह नाडीहरूले तल, माथि, पूर्व, पश्चिम, उत्तर, दक्षिण, यत्रतत्र, सर्वत्र ढाकेका छन् । आकाशबाट परेको पानी पृथ्वीमा नभिजेसम्म तजाततैको एकनास स्वाद र गुणकारी हुन्छ । तर पृथ्वीमा भिजिसकेपछि ठाउं ठाउंको माटोअनुसार स्वाद र गुणमा भिन्नता आउंछ । अतः ईनार र पोखरी खन्दा त्यस ठाउंको माटोबाट हुने गुणदोषको परीक्षा गरेर मात्र खन्नुपर्दछ ।

शास्त्रमा आठ दिशाका स्वामी इन्द्र आदि देवतालाई मानेको छ। जस्तैः—पूर्व दिशाका स्वामी इन्द्र, अग्निकोणका स्वामी अग्नि, दक्षिण दिशाका स्वामी यमराज, नैर्ऋत्यकोणका स्वामी राक्षस, पश्चिम दिशाका स्वामी वरुण, वायव्यकोणका स्वामी वायु, उत्तर दिशाका स्वामी चन्द्रमा, इशानकोणका स्वामी शङ्कर । यी नै आठलाई अष्टदिक्पाल भनिन्छ ।

---

१. यवोदरैरङ्गुलमष्टसंख्यै र्हस्तो ङ्गुलैः षड् गुणितैश्चतुर्भिः ।

उपर्युक्त दिशाका स्वामीका नामलेनै जलवह नाडी (नसा) हरूलाई संबोधन गरिन्छ। पूर्वदिशाको नसालाई ऐन्द्री, अग्निकोणका नसालाई आग्नेयी, दक्षिण पट्टिकालाई याम्या, यस्तै हिसावले आठै दिशाका नसालाई तत् तत् दिशाका स्वामीका नामबाटनै संबोधन गरिन्छ। यी आठ दिशाका आठ नाडीभन्दा मुख्य नवौं नाडी बीच केन्द्र-विन्दुमा हुन्छ। त्यस नाडीलाई महानाडी भन्दछन्। यी नौ नाडीभन्दा अतिरिक्त हजारौं हजारौं नाडीहरू निक्लिएका छन् र ती सबै आ-आफ्ना नामले प्रसिद्ध छन्।

जलवह नाडी (नसा) हरूको शुभाशुभको विचार यस प्रकार गरेको छ। तल (पाताल) बाट सोझै माथि आउने जलवह नाडी र पूर्व, पश्चिम, उत्तर, दक्षिण यी चार दिशाबाट उन्पन्न भएका र छरिएका नाडी शुभ हुन्छन्। आग्नेय, नैर्ऋत्य, वायव्य, ईशान यी चार विदिशाबाट उन्पन्न भएका र छरिएका नाडीहरू अशुभ मानिएका छन्।

१ जुन प्रदेशमा पानीको अभाव छ र त्यस ठाउंमा पानीको सर्वेक्षण गर्दा आसपासमा कतै बेतको बूटो देखियो भने, त्यसबाट तीन हात पश्चिमपट्टि ७½ हात खनेपछि पानी पाइन्छ। त्यहाँ पाइने पानी पश्चिमा नाडी (वारुणी) बहेको हुन्छ। त्यस ठाउंमा खन्दा यस्ता चिह्नहरू पाइन्छन्। २½ हात खनेपछि पाण्डु रङ्गको भ्यागुतो देखिन्छ। त्यसपछि पहेंलो माटो भेटिन्छ, त्यसपछि जस्तै ईनारमा फोहोर पर्ला भनेर छोपेको हुन्छ, त्यस्तै बिर्को लाए जस्तो गरी बसेको शिला भेटिन्छ, त्यसलाई हटाएपछि स्वादिष्ट पानी पाइन्छ।

२ पानीको अभाव भएका ठाउँमा पानीको खोजमा हिंड्दा जामुनाको वृक्ष भेटियो र त्यस वृक्षभन्दा पूर्वपट्टि नजीकै धमिराले गोलो लाएको रहेछ भने जामुनाको रूखभन्दा दक्षिण दिशामा तीन हात पर १० हात खनेपछि पानी भेटिन्छ। त्यहाँ खन्दा यस प्रकारका चिह्नहरू देखिन्छन्। २½ हात खनेपछि माछो देखिन्छ, त्यसपछि परेबाको रङ्गको पाषाण देखिन्छ, त्यसपछि नीलो रङ्गको माटो भेटिन्छ, त्यसपछि, स्वादिष्ट र गुणकारी धेरै कालसम्म रहिनैरहने जल भेटिन्छ।

३ पानीको अत्यन्त अभाव भएका प्रदेशमा पनीको तलाश गर्दा खरीको वृक्ष देखियो र त्यसदेखि उत्तर दिशापट्टि यदि धमिराले गोलो लाएको रहेछ भने, खरीको रूखभन्दा पश्चिम दिशामा ३ हात पर १७½ हात खने पछि पानी भेटिन्छ। खन्दै जांदा यस प्रकारका चिह्नहरू पाइन्छन्। २½ हात खनेपछि सेतो माउसुली देखिन्छ, ५ हात खनेपछि कालो र सेतो मिश्रित माटो भेटिन्छ, त्यसपछि कालो माटो आउंछ। त्यसपछि प्रशस्त जल पाइन्छ, त्यो जल धेरै समयसम्म रहिरहन्छ।

४ जलको अभाव भएका ठाउंमा पानीको सर्वेक्षण गर्दै जांदा पलाश र बयरका वृक्ष संयुक्त (जुंल्याहा जस्ता) भएर बढेका भेटिए भने, त्यसका आसपासमा धमिराको गोलो भए पनि नभए तापनि, ती युग्म वृक्षदेखि पश्चिम दिशामा तीन हात पर १७½ हात तल जल भेटिन्छ। त्यस ठाउंमा ५ हात खनेपछि 'टुण्डुभ' नामको विष नभएको सर्प भेटिन्छ, त्यसपछि स्वादिष्ट जल पाइन्छ।

५ जलको अत्यन्त अभाव भएका प्रदेशमा जलको तलाश गर्दै जांदा बेल र डुम्री दुबै एकरूप भएर बढेका भेटिए भने, ती जंल्याहावृक्षभन्दा दक्षिणपट्टि तीन हात पर १७½ हात खनेपछि जल भेटिन्छ। त्यस ठाउंमा खन्दा २½ ताह तल कालो भ्यागुतो देखिन्छ। त्यसपछि खन्दै गएमा जल भेटिन्छ, जल स्वादिष्ट र गुणकारी तथा धेरै कालसम्म रहिनैरहन्छ।

६ यदि मरुप्रदेशमा पानीको कुनै संभव देखिंदैन र त्यसको आसपासमा बर्राको रूख छ र त्यस वृक्षदेखि पश्चिमपट्टि धमिराको गोलो देखिन्छ भने, उक्त बर्राको वृक्षभन्दा उत्तरपट्टि १ हात पर २२½ हात खनेपछि पानी भेटिन्छ। खन्दै जांदा यस प्रकारका चिह्नहरू भेटिन्छन्। ५ हात खनेपछि सेतो वर्णको विश्वम्भर नामको कुनै प्राणिविशेष देखिन्छ, त्यसपछि कुमकुम जस्तो कान्ति भएका पाषाण भेटिन्छ, त्यसदेखि पश्चिमपट्टि जलवह नाडी फेला पर्दछ। त्यो नाडी तीन वर्षपछि सुक्दछ।

---

१. यदि वेतसोम्बुरहिते देशे हस्तैस्त्रिभिस्ततः पश्चात्। श्लो. ६,७।
२. जम्बूवृक्षस्य प्राग्वल्मीको यदि भवेत् समीपस्थः। श्लो. ९-१०
३. उदगर्जुनस्य वल्मीको यदि ततोर्जुनाद्धस्तैः श्लो. १२-१३।
४. स पलाशावदरी चेद्दिश्यां परस्यां ततो जलं भवति। श्लो. १७
५. विल्वोदुम्बरयोगे विहाय हस्तत्रयं तु याम्येन श्लो. १८।
६. तस्यैव पश्चिमायां दिशि वल्मीको यदा भवेद्धस्ते। श्लो. २५-२७

१ मरुप्रदेशमा जलको सर्वेक्षण गर्दा जनतालाई उपयुक्त हुने ठाउंमा छत्तिउनको वृक्ष छ र त्यसमा धमिराले गोलो लाएको छ भने, त्यस वृक्षदेखि उत्तरपट्टि १ हात पर २५ हात तल पानी भेटिन्छ, खन्दै जाँदा यस प्रकारका चिह्नहरू भेटिन्छन् । २½ हात खनेपछि शुगा रङ्गको भ्यागुतो देखिन्छ, त्यसपछि हरिताल जस्तो माटो फेलापर्दछ, त्यसपछि कालो पाषाण भेटिन्छ । त्यसपछि जलवह नाडी भेटिन्छ । त्यस ठाउंको जलवह नाडी उत्तर दिशाबाट आएको हुन्छ । त्यो जल स्वादिलो र स्वास्थ्यकर हुन्छ ।

२ जलको अत्यन्त अभाव भएका ठाउंमा जुनमुकै वृक्षका मुनि यदि भ्यागुतो बसेको देखिन्छ भने त्यस वृक्षभन्दा उत्तरपट्टि १ हात पर २२½ हात खनेपछि पानी अवश्य पाइन्छ । त्यस ठाउंमा खन्दै जादा, ५ हात तल न्याउरीमूसो देखिन्छ, त्यसपछि नीलो माटो भेटिन्छ, त्यसपछि भ्यागुताको आकार रङ्गसंग मिल्दोजुल्दो शिला फेला पर्दछ, त्यो शिलालाई हटाएपछि यथेष्ट पानी निक्लन्छ ।

३ जहाँ जलको अन्यन्ताभाव छ, त्यस ठाउंमा पानीको वाहुल्य भएको ठाउंको जस्तो लक्षण देखिन्छ भने, जस्तै 'वीरण' तृणविशेष, दूबो आदि झारपात अत्यन्त कोमल कलकलाउंदा छन् भने, त्यस भूभागमा ५ हात खनेपछि पानी भेटिन्छ । त्यसै भूभागको छेउछाउमा चिण्डेवृक्ष, 'त्रिवृता' निसोथलता, अंडीर, सूकरपादी, सेतोकण्टकी, 'नवमालिका जातको फूल, यी जातका औषधीहरू देखिन्छन् भने पनि ती वृक्ष लताभन्दा २ हात पर १५ हात खनेपछि सुस्वादु जल पाइन्छ ।

४ जलको अभाव भएका ठाउंमा जल पत्ता लगाउंदै हिंड्दा दुई टाउका भएको खजुरो फेलापर्‍यो भने, त्यो बसेका ठाउंबाट पश्चिमपछि २ हात पर १५ हात खनेपछि पानी फेला पर्दछ ।

अन्यत्र भूभागमा जल वहने नाडी सोझै नबहेर बाङ्गो र टिङ्गो भएर बहन्छन् । अन्यत्र भूभागमा भन्दा मरुप्रदेशमा जलनाडी ज्यादै गहिरिएर गएको हुन्छ । त्यस्ता प्रदेशमा जल पत्ता लाउंदा विचारणीय कुराहरू यस प्रकारका छन् ।

५ मरुभूमीमा जल पत्ता लाउंदै हिंडेका समयमा, यस्ता भूभागमा दाँतिओखरको वृक्ष भेटियो भने, उक्त ओखरको वृक्षबाट ईशानकोणमा धमिराको गोलो छ भने दाँतिओखरका बोटदेखि पश्चिमपट्टि ४½ हात पर २५ हात खनेपछि जल पाइन्छ । उक्त जलनाडी उत्तरगामी हुन्छ । त्यस ठाउंमा खन्दै जान्दा यी चिह्नहरू भेटिन्छन् । ५ हात खनेपछि सर्वप्रथम भ्यागुतो देखिन्छ, त्यसपछि कैलो रङ्गको माटो फेला पर्दछ, त्यसपछि हरियो रङ्गको माटो आउंछ, त्यसपछि सेतो माटो आउंछ, यी सबै प्रकारका चिह्नहरू सिद्धिएपछि, एक विशाल शिला भेटिन्छ त्यसलाई हटाएपछि पानी प्रशस्त पाइन्छ ।

६ मरुभूमीमा पानीको सर्वेक्षण गर्दै हिड्दा दाँते ओखरको वृक्ष फेला पर्‍यो भने, त्यस वृक्षदेखि पूर्व दिशातिर धमिराको गोलो पनि रहेछ भने, त उक्त ओखरको वृक्षभन्दा दक्षिण दिशा पट्टि ४½ हात पर ३५ हात खनेपछि पानी पाइन्छ । त्यस भूभागमा खन्दै जाँदा यी चिह्नहरू फेला पर्दछन् । त्यस ठाउँमा ५ हात खनेपछि सेतो र कालो रङ्गको एक हात लामो सर्प भेटिन्छ । त्यस ठाउंबाट दक्षिणगामी प्रशस्त जलनाडीहरू वहन्छन् । त्यहाँ जल प्रशस्त मात्रामा उपलब्ध हुन्छ । तर त्यो जल नुनिलो हुनाले त्यति लाभदायक हुंदैन ।

७ मरुभूमीमा जलसर्वेक्षण गर्दा बयर र गुराँसको वृक्ष जल्याहाजस्ता एकै ठाउंबाट उम्रिएर यौटै फेद जस्तो भएर बढेका देखिए भने, ती वृक्षका आस–पासमा धमिराको गोलो भए पनि नभए पनि, उक्त वृक्ष भन्दा पश्चिम दिशातिर तीन हात पर ८० हात खनेपछि पानी पाइन्छ । त्यस भूभागमा खन्दै जादा २½ हात खनेपछि बिच्छी देखिन्छ । त्यसपछि सेतो शिला भेटिन्छ, त्यस

---

१. यदि भवति सप्तपर्णो वल्मीकवृतस्तदुत्तरे तोयम् । श्लो, २९-३० ।
२. सर्वेषां वृक्षाणामधः स्थितो दर्दुरोयदा दृश्येत् । श्लो. ३१-२३ ।
६. जलपरिहीने देशे दृश्यन्तेऽनूपजानि चेन्तिमित्तानि । श्लो, ४७–४८,
४. खर्जुरी द्विशिरस्का यत्र भवेज्जलवर्जिते देशे । श्लो, ५८ ।
५. पूर्वोत्तरेण पीलोर्यदि वल्मीको जलं भवति पश्चात् । श्लो, ६३–६४
६. पीलोरेव प्राच्यां वल्मीकोऽस्तोऽर्धपञ्चमैर्हस्तैः । श्लो, ६५–६६
७. बदरीरोहितवृक्षौ संपृक्तौ चेद्विनापि वल्मीकम् । श्लो, ७२–७३

शिलालाई हटाएपछि दक्षिणगामी जलनाडी फेला पर्दछ जल अत्यन्त मीठो हुन्छ । त्यसपछि पनि अरू खन्नुपर्दछ, त्यत्तिमा छोडे अल्पसमयमानै जल सुक्दछ, त्यसपछि खनेमा उत्तरगामी जलनाडी भेटिन्छ र जल धेरैकालसम्म रहिरहने हुन्छ ।

१ मरुभूमीमा पानीको खोजीमा हिंड्दा प्रशस्त सेता काँडा भएको समीवृक्ष देखियो भने, त्यस वृक्षबाट दक्षिण-पट्टि एक हात पर १७५ हातको गहिराइमा पानी भेटिन्छ। त्यस भूभागमा खन्दै जादा २½ हात खनेपछि कालो सर्प देखिन्छ, त्यसपछि बराबर खन्दै जाँदा १७५ हात पुगेपछि स्वादिलो जल उपलब्ध हुन्छ र धेरै समयसम्म रहिनै रहन्छ ।

## २ शिलाभेदन विधि ।

खन्दै गएपछि अन्त्यमा भेटिएको शिला प्रायः अभेद्य र डेग चलाउन पनि नसकिने हुन्छन् । ठूलो परिश्रम गरि सकेपछि पानी पाउनमा बाधक उक्त शिलानै हुन्छ । अतः त्यसलाई फुटाउने विधि जान्नु आवश्यक छ र फुटाउन अत्यावश्यक हुन जान्छ । जब हरतरहबाट त्यो शिला पन्छाउन सकिएन भने, त्यसै शिलामा पलाशका दाउरा र तिदुका दाउरा मूढा ल्याएर उक्त अभेद्य शिलामा आगो बाल्नू । त्यो शिला तातेर आगोको फिलिङ्गो जस्तो रातो भएपछि, दूध र पानी मिलाएर तातो शिलामा खन्याउनु आफै फुटेर धूलोपीठो हुन्छ ।

अथवा उक्त विधिबाट सम्भव नभए जुनसुकै काठका भए पनि दाउरा ल्याएर उक्त शिलामा धुनी लाउनू । मोही, काञ्जीक, सुरामा गहत र बयरको दाना मिसाएर सात दिन सात रात राख्नू र उक्त प्रकारले तातेको शिलामा उपर्युक्त औषधीले सेचन गर्नू शिला तुरुन्त फुट्दछ ।

अथवा निमको पात–बोक्रा, तिलका कोशा, अपामार्ग, तिदूका फल गुर्जाको लहरा, यी सबै एकै ठाउँमा राखेर भस्म बनाउनू, गाईको गउँतमा घोल्नू । पूर्वोक्त प्रकारले शिला तताउनू र तातेपछि उक्त औषधीले सेचन गर्नू फुट्छ ।,

## ३ ईनारको पानी सफा गर्ने विधि ।

जल पत्ता लाएर ईनार तय्यार पारिसकेपछि, यदि जल स्वादिलो नभै नुनिलो, तीतो, टर्रो अथवा अरू कुनै प्रकारको दोषले युक्त भयो भने खर्च, परिश्रम त्यसै जाने र आफ्नो साथसाथै जनताको सेवा पनि हुन नसक्ने हुन जान्छ । अतः त्यो जललाई शुद्ध गराएर उपयोगमा ल्याउनु परम आवश्यक हुन जान्छ । यस विषयमा आचार्यले जल शुद्ध गराउने विधि यस्तो लेखेका छ । अञ्जनवृक्ष ,मोथे, उशीर, राजकोशातक ,अमला, निर्मलवृक्ष ,यति जम्मा पारेर सबको चूर्ण बनाउनू र ईनारमा त्यो चूर्ण हालिदिनू, जल शुद्ध र स्वादिलो हुन्छ । शास्त्र भनेको अथाह समुद्र हो, त्यसमा गोता लाएर खोजी गर्नेहरूले अमूल्य रत्न भेट्टाउँछन् । अतः त्यस्तै मध्येको यो यौटा रत्न हो, रत्नपरीक्षकहरूका अगाडि नमूना प्रस्तुत छ ।

---

१. श्वेताकण्टकबहुला यत्र शमी दक्षिणेन तत्र पयः । श्लो. ८५

२. भेदं यदा नैव शिला तदानीं पलाशकाष्ठैः सह तिंदुकैश्च । श्लो, ११२–१४

३. अञ्जनमुस्तोशीरैः सराजकोशातकामलकचूर्णैः । श्लो,

गतांकको बाँकी

# बौद्धदर्शन

*बुद्धिसागर, पराजुली*

बाह्य प्रतीत्यसमुत्पादको प्रत्ययोपनिबन्ध जस्तै–छ प्रकारका धातुहरूको संमिश्रण भएपछि बीजबाट हुने अङ्कुर बल्ल हुन्छ, ६ धातु मध्ये पृथ्वीधातुले बीजको संग्रहण गरिन्छ, अर्थात् संग्रहणद्वारा अङ्कुरमा काठिन्यभाव आउंछ, जलधातुले नरम गराइदिन्छ, तेजधातुले परिपाक गराइदिन्छः वायुधातुले आकर्षण गरिदिन्छ जसले गर्दा वीजबाट अङ्कुर बाहिर पलाउंछ, आकाशधातुले वीजलाई अवकाश दिन्छ, ऋतुधातुले बीजको परिणाम ठीक मिलाउंछ। ई ६ प्रकारका धातुको समवाय ठीक हुनसके अङ्कुर उत्पन्न हुन्छ नत्र हुदैन । यहाँ पनि पृथ्वीधातुलाई म वीजको सग्रहण गर्छु, जलधातुलाई नरम गराउंछु, तेजधातुलाई परिपाक गराउंछु, वायुधातुलाई आकर्षण गर्छु, आकाशधातुलाई अवकाश दिन्छु, ऋतुधातुलाई परिणाम मिलाउंछु भन्ने ज्ञान हुदैन। अङ्कुरलाई पनि यिनीहरूका समवायबाट म जन्मे भन्ने ज्ञान हुदैन । यो हो 'वाह्य-प्रतीत्यसमुत्पादनको प्रत्ययोपनिबन्ध' ।

आध्यात्मिक प्रतीत्यसमुत्पाद पनि हेतूपनिबन्ध र प्रत्ययोपनिबन्ध ई दुबै कारणबाट हुन्छ । जस्तैः अविद्या प्रतीति र राग, द्वेष, मोह आदिदेखि जति रूप कारणतक एवं जरामरणतकसमेतको जो धारा हो त्यो सब आध्यात्मिक प्रतीत्यसमुत्पादनका हेतूपनिबन्धको उदाहरण हो । आध्यात्मिक प्रतीत्यसमुत्पादको प्रत्ययोपनिबन्ध, जस्तै–पृथिवी, जल, तेज, वायु आकाश, विज्ञान यी ६ धातुका समवायबाट काय (शरीर) बन्दछ। कायमा पृथिवीधातुको जरिया कठिनता रहन्छ, जलधातुले कायमा स्नेह (मुलायमी) हुन्छ, तेजोधातुबाट कायमा खाएपिएका कुराको परिपाक हुन्छ, वायुधातुबाट कायमा श्वासप्रश्वास हुन्छ, आकाशधातुबाट कायमा अवकास हुन्छ, विज्ञानधातुबाट कायमा पांच प्रकारका शब्दादिविषयक विज्ञानकार्यले संयुक्त भएको नामरूपको अङ्कुर र कर्मसहित समन्तर प्रत्ययरूप मनोविज्ञान हुन्छ ।

आध्यात्मिक पृथिवीव्यापी धातुहरू अविकल भए भने सबैका समयवायबाट कायको उत्पत्ति हुन्छ, त्यसमा पृथिवीधातुलाई कायको काठिन्य उत्पत्ति गरें भन्ने थाहा हुदैन, आकाशधातुलाई कायमा अवकाश दिएं भन्ने ज्ञान हुँदैन, विज्ञान धातुलाई पनि नामरूपको अङ्कुर निष्पादन गराउंदछु औ मनोविज्ञान सिद्ध गर्छु भन्ने ज्ञान हुदैन, तथापि कुनै चेतन नहुंदा पनि वनमा वीजबाट वृक्ष उम्रे झैं काय खडा हुन्छ। यस प्रकारको प्रतीत्यसमुत्पाद दृष्ट हुनाले अन्यथा गराउन या भन्न हुदैन । त्यसमा यी ६ धातुमा जो एकत्वसंज्ञा एउटा भन्ने नाम छ र पिण्डसंज्ञा, पिण्ड भन्ने नाम छ, यस्तै–नित्यसंज्ञा, पुंगलसंज्ञा, मनुष्यसंज्ञा, मातृदुहितृसंज्ञा, अहंकार ममकार संज्ञा छन् यी सब अविद्या हुन् । अनेकौं अनर्थले पूर्ण भएको यस संसारको मूल कारण यही अविद्या हो । अविद्याकै जरिया विषयमा राग, द्वेष, मोहात्मक संस्कारहरू हुन्छन्, वस्तुविषयक ज्ञानलाई विज्ञान भन्छन्, विज्ञानबाट भएका चार प्रकारका रूपवान् पृथिव्यादि उपादान कारण स्कन्धलाई नाम र यिनै उपादान कारणहरू परिणत भएकालाई रूप भन्दछन् । यही नाम र रूपको एकत्रीभावको नाउं नामरूप हो, जस्तैः–शरीरको कलल बुद्बुद, इत्यादि अवस्था । नामरूपमिश्रित इन्द्रियहरू षडायतन हुन् (षट् पृथिव्यादिधातवः आयतानि यस्य तत् षडायतनम्) नामरूप औ इन्द्रियको संनिपातलाई स्पर्श भन्दछन् । अथात् अविद्यादेखि संस्कारपर्यन्त र संस्कारकवश जीवलाई गर्भाशयमा आश्रय मिल्नु विज्ञान हो, विज्ञानका संसर्गबाट गर्भद्रव्यको कलल बुद्बुद् इत्यादि आकार हुन जानु नामरूप हो, नामरूपका क्रमले वनेको ३ इन्द्रियको आश्रय वस्तु शरीर हो, षडायतन र षडायतनबाट बनेको शरीर औ इन्द्रियको विषय संसर्गजनित ज्ञान स्पर्श हो । स्पर्शबाट सुखादि वेदना हुन्छ । वेदना भएपछि यसका निंति यो कुरा मैले गर्नु उचित छ भनेर निश्चय गर्नु तृष्णा हो, तृष्णा भएपछि तदनुसार शारीरिक मानसिक ऐन्द्रियिक कुनै

चेष्टा हुन्छ, तदनुसार धर्म औ अधर्म हुन्छन्, त्यसबाट जन्म, जरामरण, शोक, परिवेदना, दुःख, दौर्मनस्यहरू हुन्छन् ।

पूर्वोक्त स्कन्धहरूको प्रादुर्भाव जन्म हो, जन्मेका स्कन्धहरूको परिपाक जरा हो, स्कन्धहरूको नाश मरण हो, मरेका स्कन्ध ( पुरुष स्त्रीपुत्रादि ) उपर व्यवहार-विमूढ विषयासक्त पुत्रकलत्रहरूका मनको परिवाधा शोक हो, शोकबाट हुने प्रलाप वेदना हो, पांच प्रकारका विज्ञानकार्यका संयोगबाट भएको प्रतिकूल वेदनी दुःख हो, मानसदुःख दौर्मनस्य हो, स्पर्शदेखि दौर्मनस्यपर्यन्तका कुराहरू बौद्धसमयमा कहीं विस्तीर्णरूपमा र कहीं संक्षिप्तरूपमा प्रतिपादन गरिएका छन् । मद, मानादि उपक्लेशहरू र पूर्वोक्त क्लेशहरू सारा दुःखै दुःख हुन्, दुःखकै स्थान हुन्, औ दुःखकै साधन हुन् भन्ने भावना गरी त्यस दुःखको निरोध गर्ने उपायात्मक तत्वज्ञान संपादन गर्न सक्नुपर्छ । दुःख, आयतन, समुदय, मार्ग यी ४ तत्व बौद्धहरूले मानेका तत्व हुन् । पूर्वोक्त पञ्चस्कन्धीनै संसारीको दुःख हो । पाँच ज्ञानेन्द्रिय, पांच विषय, मन एवं बुद्धि यी १२ दुःखका आयतन हुन् । हृदयमा जम्मा राग, द्वेष, मद, मान आदिको थुप्रो समुदय हो । यही समुदय दुःखको साधन हो । सारा संस्कारहरू क्षणिक हुन् भन्ने स्थिर गराइएको वासना नै मार्ग हो । यस प्रकारको निर्मल तत्वज्ञाननै निर्वाणको प्रमुख कारण हो । यस्तो तत्वज्ञान पूर्वोक्त भावनाचतुष्टयको दृढताबाट हुनसक्छ भन्दै सूत्रका अन्तसम्मको परम रहस्यको प्रश्न गर्नेहरूलाई उत्तर दी सूत्रान्ततक प्रश्न गर्ने तिमीहरू सौत्रान्तिक भनिनेछौ भनेर बुद्धले भनिएकाहरू सौत्रान्तिक भनिन्छन् ।

## वैभाषिक

भगवान् बुद्धले कुनै शिष्यहरूलाई वाह्य वस्तु गन्धादि र रूपस्कन्धादि भए तापनि त्यसमा वास्तविकता छैन भन्ने बोध उत्पन्न गराउन, "शून्यं शून्यं", भन्ने यस्तो उपदेश गरे । अनि कुनै शिष्यहरूको आग्रह विज्ञानवादमा बद्धमूल भएको देखेर विज्ञानमात्र एक वस्तु छ भन्ने उपदेश गरे । कुनै शिष्यहरूको त वाह्य तथा आन्तर दुवै प्रकारका वस्तुको सत्यतामा आग्रह जटिल भएको देखेर दुवैका सत्यताको आश्रय लिई उपदेश गरे । यस प्रकारको बुद्धको वि (विरुद्ध चालको) भाषा (भनाइ) रहेछ भन्ने दलहरू वैभाषिक भनिन थाले । विनेय शिष्यहरूको आशय फरक भयो भन्दैमा उपदेशनै भिन्ना-भिन्नै हुनु त अनुचित हो भन्ने आशंका गरिरहनु पनि बढिया होइन, किनभने यौटै कुरा पनि मानिसको बुद्धिअनुसार भिन्नाभिन्नै रीतिसंग सम्झने औ सम्झाउने चलन लोकमा चलिआएकै छ । अतएव तत्व एकै हो तापनि समझ फरक पर्दा र मानिसको बुद्धिको पनि कक्षामा विभाग हुने हुंदा भगवान् बुद्धले भिन्न भिन्न प्रकारको उपदेश दिनुपरेको हो । हीनबुद्धि भएको मानिसलाई उस्तै किसिमको शिक्षा चाहिन्छ औ उत्तम बुद्धि भएको मानिसका निमित्त उस्तै शिक्षा चाहिन्छ । जसलाई सोझै शून्यात्मक तत्वमा पुऱ्याउन मुश्किल हुन्छ, त्यस्तालाई पहिले ज्ञानमात्रको सत्ता मानी अनि सम्झाई बुझाई उपदेशको परिपक्वता ल्याई आखिर ज्ञानलाई हटाई शून्यात्मकताको बोध उदित पारिदिनुपर्छ । जसको विचार त्यसमा पनि गढ्न सक्तैन त्यस्तालाई ज्ञान एव वस्तु सबै कुराको सत्ता स्वीकार गरीकन उपदेशद्वारा परिपक्व पारी अन्त्यमा शून्यात्मक बोधमा आरूढ गराइ-दिनुपर्छ । उत्तम बुद्धि हुने मानिसहरू साक्षात् शून्यताको तत्व सम्झन सक्छन्, तसर्थ त्यस्ताका निम्ति मात्र पहिलेनै सर्वशून्यताको उपदेश गर्न सुहाउँछ । अतएव बुद्धको अभिप्राय व्यक्त गर्ने बोधिचित्तविवरणमा लेखेको छः—

> "देशना लोकनाथानां सत्वाशयवशानुगाः ।
> भिद्यन्ते बहुधा लोके उपायैर्बहुभिः पुनः ।
> गम्भीरोत्तानभेदेन क्वचिच्चोभयलक्षणा ।
> भिन्नापि देशना भिन्ना शून्यताद्वयलक्षणा ।।"

बुद्धका आगमहरू मानिसका बुद्धिको तारतम्यानुसार शून्यताको बोध गराउन क्षणिक सर्वपदर्थास्तित्व, ज्ञानमात्रा-स्थित्व इत्यादि उपायको अनुसरण गर्नुपरेबाट विभिन्न सिद्धान्त खडा गर्ने जस्ता छन् । कहीं गम्भीरतापूर्वक र उत्तानतापूर्वक उपदेश भएको छ, कहीं ज्ञानमात्रास्तित्व कहीं वाह्यपदार्थास्तित्वसमेत प्रतिपादन गर्ने हुनाले भिन्न प्रकारका देखिएका छन् तापनि आखिर सबैको अद्वय-वादात्मक शून्यतत्व निर्णय मात्र पर्यवसान हुने हुनाले केही पनि विभिन्नता रहँदैन ।

मुख्य कुरा—यी वैभाषिकहरूको भनाइ के छ भने–ज्ञेय वस्तुको अनुमानद्वारा मात्र सिद्ध गर्न सर्वथा अनुचित हुन्छ, कसरी भने–सहभावनियमरूपी व्याप्तिको ज्ञान नभई अनुमान हुन सक्तैन । व्याप्तिज्ञान हुनालाई वस्तुको प्रत्यक्षज्ञान अवश्य हुनैपर्छ । वस्तुको प्रत्यक्षता नमानेसम्म व्याप्तिज्ञान नहुने हुनाले र विनाव्याप्तिज्ञान अनुमानसमत

नहुने हुनाले वस्तु प्रत्यक्षज्ञानबाट समेत विज्ञात हुन्छ भन्नेपर्दछ। अतएव पदार्थ दुई प्रकारको मान्नुपर्छ–ग्राह्य औ अध्यवसेय । निर्विकल्परूप प्रमाणको नाउं ग्रहण हो। अर्थात् भ्रमरहित इन्द्रिय र विषयका संसर्गबाट हुने प्रत्यक्षज्ञानलाई बौद्धहरू ग्रहणप्रमाण भन्दछन् । अध्यवसाय भनेको अविसंवादी कल्पनारूपी अनुमानप्राण हो । उसैले प्रत्यक्षप्रमाणसिद्ध अर्थ ग्राह्य र अनुमानप्रमाणसिद्ध अर्थ अध्यवसेय भनिन्छ । अरू सब भावनाको स्वरूप सौत्रान्तिकसरहनै हो ।

बौद्धसंप्रदायमा द्वादशायतनको पूजा श्रेयस्कर छ भन्ने उल्लेख पाइन्छ । द्वादशायतन भनेका ५ ज्ञानेन्द्रिय, कर्मेन्द्रिय, मन औ बुद्धि हुन् । यसैउसले बौद्धहरू भन्छन्:–

"अर्थानुत्पाद्य बहुशो द्वादशायतनानि वै ।
परितः पूतनीयानि किमन्यैरिह पूजितैः ।।
ज्ञानेन्द्रियाणि पञ्चैव पञ्च कर्मेन्द्रियाणि च ।

यी चारै प्रकारका बौद्धहरूका मतको "संग्रह विवेक-विलास" मा गरेको छ । जस्तै–

बौद्धानां सुगतो देवो विश्वं च क्षणभङ्गुरम् ।
आर्यसत्वाऽऽख्यया तत्वचतुष्टयमिदं क्रमात् ।।
दुःखमायतनं चैव ततः समुदयो मतः ।
मार्गश्चेत्यस्य च व्याख्या क्रमेण श्रूयतामियम् ।।
दुःखं संसारिणः स्कन्धास्ते च पञ्च प्रकीर्तिताः ।।
विज्ञानं वेदना संज्ञा संस्कारो रूपमेव च ।।
पञ्चेन्द्रियाणि शब्दाद्या विषयाः पञ्च मानसम् ।।
धर्मायतनमेतानि द्वादशायतनानि हि ।।
रागादीनां गणो योऽसौ समुदेति नृणां हृदि ।
आत्मात्मीयस्वभावाख्यः स स्यात्समुदयः पुनः ।।
क्षणिकाः सर्वसंस्कारा इति या वासना स्थिरा ।
स मार्ग इति विज्ञेयः स च मोक्षोभिधीयते ।।
प्रत्यक्षमनुमानं च प्रमाणं द्वितयं मतम् ।
चतुःप्रस्थानिका बौद्धाः ख्याता वैभाषिकादयः ।।
अर्थो ज्ञानान्वितो वैभाषिकेण बहु मन्यते ।
सौत्रान्तिकेन प्रत्यक्षग्राह्योऽर्थो न बहिर्मतः ।।
आकारसहिता बुद्धिर्योगाचारेण संमता ।
केवलां संविदं स्वस्थां मन्यन्ते मध्यमाः पुनः ।।
रागादिज्ञानसंतानवासनाच्छेदसंभवाः ।।
चतुर्णामपि बौद्धानां मुक्तिरेषा प्रकीर्तिता ।।
कृत्तिः कमण्डलुमौण्ड्यं चीरं पूर्वाह्णि भोजनम् ।
संघो रक्ताम्बरत्वं च शिश्रिये बौद्धभिक्षुभिः ।। इत्यादि

# Indo–Nepalese Relations in the Beginning of the 19th Century (1799–1801)

*By Shaphalya Amatya*

The fall of the Regent Bahadur Shah engineered political unrest, plots, conspiracies and intrigues in Nepal in the beginning of the 19th century. The throne went to Rana Bahadur Shah, who still needed lot of experience in administration. The sudden death of his favourite consort, Kanti Bati made him totally upset. He expressed his desire to abdicate the throne in favour of his minor son, Girwan Yudha Bikram Shah. In this connection he had written letters to Governor General of India. In one of his letters, he had expressed his desire to lead a secluded life and devote himself entirely to the worship of God. He desired the Governor General to extend the very kind of friendship and consideration to his son as he did in his own case. " I trust, " the Raja wrote, " you will bestow the same kindness and favour on Maharaj Koonwar which I have experienced, even in a two-fold degree."[1] The Governor General assured the Raja in reply to his letter that the most earnest desire would always be manifested by the British Government towards his son in order to "connect and strengthen the bonds of amity and union".[2] Thus in favour of his son, Rana Bahadur Shah abdicated the throne towards the end of March 1799. According to the intelligence report from Benaras dated 28th May 1890, the Governor General came to know that Raja Rana Bahadur had arrived at Benaras as a refugee. He came to know that the causes of his flight were his misconducts and misbehaviours at the court of Nepal.[3]

There is a dispute about the causes of his flight. The British writers contend that the exaspertated nobles forced him to abdicate in favour of his infant son. Dr. Regmi has proved by Nepalese documents that his abdication was voluntary and it took place eight months before the death of his beloved consort in November 1799. The documents available in National Archives of India, however, show that his abdication was not voluntary but forcible. The Governor General's minute dated 23rd June 1800 shows that his flight was due to the revolt of his principle chiefs.[4] Chittaranjan Nepali, who wrote biography of Raja Rana Bahadur has clearly stated that his abdication of throne was neither voluntary nor forced but to avoid the grave situation of the country, which was in its zenith, at that time.[5]

In fact, the patriot and wise king thought it better to leave the country and abdicate the throne in favour of his minor son Girwan Yudha to avert the situation of civil war, which might have happened at that time. Because the selfish courtiers led by Damodar Pandey had already established a parallel Government with Girwan Yudha as the King at Nuwakot. The situation of the valley was getting worse and worse day by day. Neither the king nor his minor son was in a position to save it. And when Raja Rana Bahadur Shah heard of the troops marching down to Kathmandu from Nuwakot he at once left the valley and proceeded towards Benaras.[6] The ignorance of the minor King Girwan and the terrific situation at Kathmandu can be traced out from a letter written by the King Girwan Yudha in about 1800 A.D. from his court at NUWAKOT to the people of Kathmandu. He had asked his people by whose order they wanted to make a war and with whom they wanted to fight.[7] The fact that there was a situation of civil war

is clear from the orders issued by the court of NUWAKOT in the name of the King Girwan Yudha to mobilize the army and the people at NUWAKOT.[8] Thus, during the beginning of the 19th Century the domestic situation of Nepal was not good. The authorities of the East India Company thought it a golden opportunity to establish their influence in Nepal politically as well as commercially. The Arzee from the British agent named Bodi Nath Singh of Bariell to Mr. Revell dated 22nd May, 1800 states that, "this was a favourable opportunity for the Company Government to obtain possession of the country, if it wished, and to achieve purpose morever with the greatest facility during those commotions, as the internal Government of Nepal could be relied upon to be weak, vacillating and torn by serious internal disputes.[9] The Governor General was also not late to extract concessions from Nepal Government during this period of turmoil and confusion. His minute dated 23rd June 1800 clearly shows his intentions." was It a curious political development. Here right inside the the Company's territory was the ex-king of a country, Nepal with whom the English had in vain sought to establish closer relation—a person aggrieved and smarting under humiliation, with a rankling ambition to be back in power. Little wonder, the Company tried to exploit him as a politcal weapon to fulfill its cherished commercial objects in Nepal. It was willing to mediate between the Nepal Darbar and the exiled King with a view to restoring to him power under British guarantee.[10]

Any way the arrival of Rana Bahadur Shah at Benaras opened a new chapter in the Anglo—Nepalese relations and led to the signing of a fresh treaty between the two countries, to fulfill the Company's aims. Capt. H. D. Know was appointed as an attendant at Raja's court at Beneras. On the other-hand, Rana Bahadur wanted to get financial assistance from the Company Government and to persist in his intrigues against the Government, then in power in Nepal without any interference from the Company's officers. To meet the expenses the Raja requested the Governer–General to extend him allowances seventeen thousand rupees per month which the Governor General directed Capt. know to allow the Raja, not as monthly stipend, but as an occassional aid, sums of money not exceeding Rs 6,000 per month.

As a matter of fact, the exile of Rana Bahadur Shah at Benaras as Sadhu Nirgunananda Swami was only a pretention. He still wanted to go back and rule the country. So in September he sent a request to the Governor General asking for the loan of 9 battalions of sepoys and one battalions of Europeans with a large portion of artillery to accompany him back to Nepal. He also promised that on being reinstated in his Government, he "would defray the just charge of the troops in the usual manner by instalments" and "fullfil any stipulation of an attachment and alliance......[12] But the Company Government expressed their wish to help the King on one condition that they should be allowed to trade in Nepal. The King consulted his councilors especially Bhim Sen Thapa. Bhim Sen did not agree to the Company's proposal and the matter was dropped.[13] On the other hand the Company was also not ready or interested to take any such step which would cost them a lot. Very soon they found that the Nepalese authorities in power were anxiously waiting for a chance to win the Company's friendship to defend themselves from the danger of the exiled King's possible attempt to regain power with the help of the Company. Immediately the Company authorities started their move towards independent negotiations with the ruling party of Nepal. Guru Gajraj Mishra was deputed by the Company to materialise their move. Gajraj was a shrewd diplomat. He knew that the strength

of the Company Government could not be challenged by Nepal. He came to Nepal as an agent of the Company Government and convinced the then Prime-minister Kirtiman Basnet to conclude a treaty of friendship with them. Kirtiman agreed to his proposals on condition that they were ready to sign if the Company Government could give them the guarantee to check Swami Maharaj at Benaras and not to give him any kind of liberty. With full assurance of the Nepalese court Mishra went to Patna and began drafting the treaty but at that very time Kirtiman was assasinated in Nepal. But the treaty was finally drafted and signed.[14]

After the death of Kirtiman, Damodar Panday became the chief of the courtiers in Nepal. The new leader of the ruling party Damodar Panday who was from the very begining anti-British now began to be turned a friend of the Britishers, because he thought that without the help of the Britishers he would not be able to suppress his enemies. He was very much anxious to make a treaty with the Company Government. According to Chittaranjan Nepali, he concluded the treaty because he was afraid of Swami Maharaj's intention of coming back to Nepal and ruling the country once again. When the proposal of treaty came from the Nepalese side, the clever Governer General, Wellesley did not look back to materialise it. At last a treaty was signed between the Nepalese Government and the Company Government in 1801, Oct.30.

Prof. G.C. Shastri is of opinion that Lord Wellesley had forced Nepal Darbar to accept the British Resident and he took the best opportunity to hook Nepal, when the country's domestic situation was not good.[15] Mr. Hemanta Rana, in his article published in Vashudha opines like this: "The English tried to hold Rana Bahadur as a hostage and thereby blackmail Nepal. As a result of this the Anglo Nepalese treaty of 1801 was entered upon by the weak Bharadaras of Kathmandu[16] What had compelled the Nepalese chieftains to conclude a treaty of friendship was rightly mentioned by Chittaranjan Nepali and B.D. Sanyal. Mr. Sanwal has quoted the opinion of Capt. Knox, who was with Rana Bahadur at Benaras as the agent of the Compay Government. Capt. Knox thought that "the treaty had certainly been the off-spring of fear", it would no doubt, continue in force as long as Rana Bahadur Shah remained under the protection of the Company Government.[17] In fact, the selfish Nepalese chieftains under the leadership of Damodar Pandey gave a good opportunity to the Company Government to conclude this treaty. They wanted their friendship only to check Rana Bahadur Shah's ambition of recapturing the power with the help of the Britishers. From Benaras Rana Bahadur Shah was curiously and secretly watching and studying situation in Nepal. When he ultimately realised that Britishers were not in favour of giving him military aid and trying to come into close contact with the reigning party of Nepal, he deemed it necessary that he must do some thing against the plan of the Britishers and his enemies at the court of Nepal. He, therefore addressed a series of secret communications to the chiefs of Nepal warning them against the danger that any settlement with the Brttish was fraught with. In one of his letters to the nobles of Nepal court who were in his favour he had written like this :"The appetite of the English is insatiable. They wish to tax you with something, after obtaining a writing from me and making me subscribe to an oath. You should not write in terms of sincerity of concliaion. Mr. Gajraj is interested in the prosperity of the English and he will deceive you. He has written to them hence asserting his fidelity in most solemn manner, but you should keep this Communication secret from him and the English. He will swear a thousand oaths to you and the English also will conciliate you in various ways with a view of gaining their object which is to your injury. This you should consider in every sense as the advice of your friend that the English wish to deceive you [18] This letter has clearly shown the anti-British

attitude of Rana Bahadur Shah. He in fact had tried his level best to stop the Nepal Darbar from signing this treaty but he could not succeed and at last this treaty was signed on 30th Oct. 1801.[19]

**References:-**


(1) Political Consultation. September 3rd 1799 No7(N.A.I)

(2) Ibid.

(3) Foreign Secret June 26th, 1800 to (N.A.I.)

(4) Ibid No. 85

(5) Chittaranjan Nepali. "Shree Pancha Rana Bahadur Shah." pp 23.

(6) Ibid. pp. 60,

(7) Itihas Prakash. Volume No. 1 pp.57, 58.

(8) Chittaranjan Nepali. Shree Panch Rana Bhadur Shah. p 53.

(9) Foreign Secret. June 20th, 1800 No. 71 (N.A.I.)

(10) Dr. K. Majumdar's unpublished thesis available in Sapru House Library, New Delhi. pp 1 to 50, for. sec. June. 26th 1800 No. 85, 86 (N.A.I.)

(11) Foreign Secret. June 26th, 1800, No. 86 (N.A.I)

(12) Ibid Oct. 2nd 1800, No. 18 (N.A.I.)

(13) Chittaranjan Nepali., Shree Panch Rana Bahadur Shah.

(14) Babu Ram Acharya, "Nepali ko Samkhipta Britanta." pp 111-112.

(15) G. C. Shastri, "Freedom loving Nepal" pp6

(16) Vasudha. 1968. August pp 26.

(17) B. D. Sanwal's "Nepal and the East India Company." p 104.

(18) Foreign Secret. April 16th 1801, No. 130 (N.A.I.)

(19) For details see Appendix 10 of B.D. Sanwal's "Nepal and the East India Company." pp 326.

## ABOUT THE AUTHORS

| | |
|---|---|
| Shri Shankerman Rajbamshi | is employed in Hastalikhita Grantha (manuscript) section of Rashtriya Abhilekhalaya. |
| Shri Deviprasad Lamsal | is the Jyotishacharya of Rashtriya Abhilekhalaya. |
| Shri Buddhisagar Parajuli | is the Adhyaksha of the Rashtriya Abhilekhalaya. |
| Shi Saphalya Amatya | is an archivist of Archaeology Dept. |

'प्राचीन नेपाल'का निमित्त प्राग् इतिहास तथा पुरातत्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, संग्रहालय तथा ललित कलासंग संबन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तर प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएका भए तिनको स्वागत गरिनेछ ।

रचनासंग संबन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ ।

**निर्देशक**
पुरातत्त्व विभाग
सिंह दरबार
कान्तिपुर, नेपाल

Contribution of original nature dealing with prehistoric and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to *Ancient Nepal*.

The contribution should be concise and well documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

Photographs and illustrations (line drawings) may be sent. The typescript should be in double space and on one side of the paper only and sent to:—

CORNELL UNIVERSITY
MAY 23 1996
LIBRARY

The Director
Department of Archaeology
Singha Durbar
Kathmandu, Nepal